# चार

# समर्थन स्वतन्त्रताका पक्षमा

स्वतन्त्र रेडियोको अधिकारको पक्षमा र सरकारी बन्देजका विरुद्ध राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रबाट व्यापक रूपमा स्वर उठेका थिए । सरकारकै एउटा निकाय प्रेस काउन्सिलले समेत रेडियो लगायत सञ्चारका माध्यमहरू मुलुकको प्रचलित कानुनअन्तर्गत नै सञ्चालित रहेको धारणा सार्वजनिक गऱ्यो ।[१] देशले सामना गर्नुपरेको संकटको समाधान गर्न सञ्चारमाध्यमको सहयोग जति आवश्यक थियो, सञ्चारमाध्यमहरूबाट सहयोग जुटाउने वातावरणको खाँचो पनि उत्तिकै रहेको काउन्सिलको ठहर थियो । काउन्सिलले जनतालाई सुसूचित गराउने र सही सूचना प्रवाह गर्ने सञ्चार जगत्‌को भूमिकाको कदर गर्दै सूचनाको स्रोतमा सञ्चारकर्मीको पहुँचलाई सहज पार्न यथाशक्य छिटो असहज स्थितिको अन्त्य गरेर सरकार र सञ्चार जगत्‌को पारस्परिक सहयोगको सम्बन्ध सहज तुल्याउन सरकारसँग अनुरोधसमेत गरेको थियो ।

सरकारी दमन विरुद्धका कतिपय स्वरहरू खास खालका घटना भएको बेलामा उठेका पाइन्छन् भने कतिपय चाहिँ समग्र प्रवृत्तिलाई प्रतिनिधित्व गर्ने किसिमले उठेका छन् । रेडियो र त्यहाँ कार्यरत पत्रकारहरूका समस्यालाई

---

[१] काउन्सिलका तत्कालीन अध्यक्ष माथवरसिंह बस्नेतद्वारा २०६१ फागुन ४ गते जारी गरिएको विज्ञप्ति । यसलाई 'विज्ञप्ति' नभनी 'संकटकाल र सञ्चार जगत्‌मा परेको प्रभावका सम्बन्धमा प्रेस काउन्सिल नेपालको आग्रह' भनिएको थियो ।

विशेष किसिमले सम्बोधन गर्ने स्वरहरू एकातिर देखिन्छन् भने अर्कातिर समग्र नागरिक स्वतन्त्रता वा आमसञ्चारको स्वतन्त्रताको सन्दर्भमा रेडियोलाई सम्बोधन गरेको पाइन्छ । त्यस्ता आवाजहरूको समग्र दस्तावेज संकलन भन्दा पनि तिनको प्रतिनिधिमूलक रूपमा प्रस्तुति यहाँ गर्न खोजिएको छ ।

## राष्ट्रिय जीवनका विभिन्न अंग

माघ १९ पछि पूरै सञ्चार शून्यताको स्थिति उत्पन्न हुँदा प्रारम्भिक दिनहरूमा सूचनाको हक र विचार तथा अभिव्यक्ति स्वतन्त्रताको मुद्दा सञ्चार क्षेत्रको मात्र चासोको विषयजस्तो देखिएको थियो । तर, शनैःशनै यसको महत्त्वलाई अरू पेशा, व्यवसाय, क्षेत्र, तह र तप्काका मान्छेहरूले पनि महसुस गर्दै गए । यसै क्रममा रेडियोको खोसिएको स्वतन्त्रता पुनर्बहाल गर्नुपर्छ भन्ने पक्षमा पनि राष्ट्रिय जीवनका सबै पक्षको समर्थन देखा पऱ्यो । त्यसलाई सञ्चार जगत्, कानुन व्यवसायी, पेशागत समुदाय, नागरिक समाज, अधिकारकर्मी, आदि विभिन्न भागमा छुट्ट्याएर हेर्न सकिन्छ ।

### *सञ्चार जगत्*

उपयोगिता र आवश्यकताको दृष्टिले आम नेपाली सञ्चारको मूलप्रवाहको माध्यम भइसकेर पनि प्रभाव र व्यक्तित्वको दृष्टिले मूलप्रवाह भई नसकेको स्वतन्त्र रेडियो र त्यहाँ संलग्न पत्रकारहरूको पीडा दमनचक्रका आरम्भिक दिनमा सञ्चारकर्मीहरूकै बीचमा समेत कम मात्र सुनिएको जस्तो रह्यो । तर चाँडै नै रेडियोमाथिको दमन र यसको प्रतिरोधमा उठेका आवाजले अन्य सञ्चारमाध्यममा स्थान पाउन थाले; रेडियोको स्वतन्त्र आवाजका पक्षमा जनमत सिर्जना हुन थाल्यो । खासगरी छापा माध्यमले यसमा ठूलो योगदान गरेका थिए । तिनले एकातिर समाचार र सम्पादकीय लेखेर साथ दिए भने अर्कातिर सरकारी सञ्चारमाध्यमले चलाएको रेडियो स्वतन्त्रताविरोधी अभियानलाई जवाफ पुग्ने गरी विभिन्न तथ्यपरक सामग्री र विचार प्रकाशित गरे । टेलिभिजन, अनलाइन न्यूज पोर्टल र ब्लग साइटहरूले पनि उत्तिकै महत्त्वपूर्ण भूमिका निर्वाह गरे ।

कतिपय पत्रपत्रिकाका प्रकाशकहरूले सरकारको पक्ष र रेडियोबाट समाचार प्रसारण हुने कुराको विपक्षमा आफ्ना विचार सार्वजनिक गरिरहेको बेलामा पनि तिनै पत्रिकामा रेडियोको अधिकारका पक्षमा सम्पादकीयहरू छापिएको पाइनु आफैँमा सुखद आश्चर्य थियो ।

यसका साथै, स्वतन्त्र रेडियोको पक्षमा सञ्चार जगत्का वरिष्ठ व्यक्तिहरू समेत अगाडि आए । त्यस्तैमध्ये एक आमसञ्चारविद् रामकृष्ण रेग्मीको विचार थियो–

> एफएमको समाचार कक्ष भनेको अति संवेदनशील कोठा हो । त्यहाँको उद्घोषक, पत्रकार, सम्पादक, रातो बत्ती, तार, बेतारका सबै सञ्जाल राष्ट्रिय जीवन र नागरिक जीवनसँग अति सूक्ष्म रूपमा गाँसिएका हुन्छन् । यसको बेवास्ता गरी समाचार प्रसाण भएमा नियमानुसार त्यसलाई रोक्दा केही हानि हुँदैन । तर राष्ट्रिय चासोलाई मध्यनजरमा राखेर, प्रसारणका सबै नियमहरूलाई पालना गरेर, सामाजिक दायित्वलाई बुझेर, पत्रकारिताको मर्मलाई ध्यानमा राखेर समाचार प्रसारण गर्नमा एफएमलाई रोक्दा देशमा विद्यमान सूचना साधनको प्रयोग गर्न नसकेको हुन जान्छ । यसबाट वास्तवमा राष्ट्रकै पूँजी, तरङ्ग तथा प्रसारण क्षमताको उचित सम्मान गर्न नसकेको देखिन्छ, समुदायिक चाहनालाई बेवास्ता गरेको हुनजान्छ (रेग्मी २०६१) ।

शाही कदमपछि पत्रपत्रिका र टेलिभिजनका लागि 'सेन्सर' ठूलो पीडाको विषय बनेको थियो भने स्वतन्त्र रेडियोमा त समाचारलाई निषेध नै गरिएको थियो । यो अवस्थामा, राजाले शासनसत्ता आफ्नो हातमा लिएको सातौँ दिन माघ २५ गते *कान्तिपुर* दैनिकले सम्पादकीयमा 'श्री ५ बाट सञ्चार जगत्सँग सक्रिय योगदानको आह्वान गरिबक्सेकाले यसको स्वतन्त्र अस्तित्व र स्वाभाविक विकासको अपेक्षा' गर्दै राजाको घोषणापछि सूचना तथा सञ्चार मन्त्रालयले ६ महिनाका लागि जारी गरेको सूचनालाई भने स्वतन्त्र सञ्चारमाध्यम अनुकूल नभएको टिप्पणी गऱ्यो (कान्तिपुर २०६१ग) । पत्रपत्रिका, रेडियो, टेलिभिजन र इमेल, इन्टरनेट जस्ता प्रभावकारी सञ्चारमाध्यमको विकासले मुलुकलाई दक्षिण एसियाली स्तरमा मात्र होइन, कतिपय विकसित मुलुकको लहरमा उभ्याएको उल्लेख गर्दै सो सम्पादकीयमा यसको उचाई अझ बढाउन स्वतन्त्र र सक्षम सञ्चारमाध्यम अनुकूलको वातावरण तयार गर्दै लग्नु वाञ्छनीय हुने सुझाव दिइएको थियो ।

शुभचिन्तक झैँ देखिएर राजाका निर्णयहरूप्रति असहमति जनाउने त्रासको समय थियो त्यो । त्यस बेला राजाका अगाडि सुझाव र टिप्पणीको कुनै अर्थ थिएन । तैपनि पत्रपत्रिकाले स्वतन्त्र सञ्चारमाध्यम र रेडियोको सन्दर्भलाई उठाउन छोडेनन् । *नेपाल समाचारपत्र*ले 'मुलुकभरका एफएम रेडियोसँग सम्बद्ध पत्रकारहरूको रोजगारी नै संकटमा परेको' चित्रण गऱ्यो । २०६१ फागुन ५ गते 'नयाँ परिस्थितिमा प्रेस' शीर्षकको सम्पादकीयमा खुला वातावरणमा भन्दा संकटकालीन अवस्थामा पत्रकारिता गर्नु कठिन कार्य भए पनि सरकार र स्वतन्त्र प्रेसका बीच समन्वयको गुञ्जायस रहेको उल्लेख गऱ्यो (नेपाल समाचारपत्र २०६१ग) ।

फागुन १० गते *कान्तिपुर दैनिक*ले त्यस्तै भाकाको सुझाव प्रस्तुत गऱ्यो- 'प्रेस स्वतन्त्रताको अर्थ' सम्पादकीयमार्फत (कान्तिपुर २०६१घ)। यसमा रेडियो पत्रकारहरू बेरोजगार भएको र थप बेरोजगारीको सम्भावना रहेको चर्चा गर्दै एफएम रेडियो स्टेसनलाई समाचार प्रसारण गर्न दिन सरकारलाई सुझाव दिइएको थियो। निजी रेडियो स्टेसन खुला गर्ने लगायतका काम गरे अन्तर्राष्ट्रिय मञ्चमा सरकारको छवि अनुदार नहुने र सञ्चारमाध्यमलाई नियन्त्रण नगर्दा नै सरकार विश्वसनीय ढंगले जनतासम्म पुग्नसक्ने पनि उसको भनाइ थियो।

आम सञ्चारमाध्यम र खासगरी एफएम रेडियोले माओवादी गतिविधिलाई प्रोत्साहित गरेको र द्वन्द्व बढाउन सघाउ पुऱ्याएको सरकारी आरोप थियो। तर, सरकारी सञ्चारमाध्यम *रेडियो नेपाल*मै कार्यरत ध्रुवकुमार देउजाले समेत 'त्यो कुरा पूर्ण सत्य पनि छैन र सञ्चार व्यवहारअन्तर्गत पर्ने कुरा पनि होइन' भनेर त्यसको प्रतिवाद गर्नुभयो। उहाँको भनाइ थियो– "...एफएम रेडियोबाट समाचारको नाममा विद्रोही गतिविधिको अति प्रचारप्रसार भो भन्ने जनगुनासो आफ्ना ठाउँमा छ र १९ माघको कदमपछि राजधानीमा पूर्वघोषित बन्द पूर्ण रूपमा असफल हुनुमा सञ्चारमाध्यममा भएको नियन्त्रण जिम्मेवार रहेको पनि राजधानीवासीले अनुभव गरे। झट्ट हेर्दा यो सही नै हो कि भन्ने लागे तापनि स्वतन्त्र सञ्चारमाध्यमको सही र स्वस्थ विकासको लागि एकाध उदाहरण तेर्स्याएर अगाडि बढ्न सकिन्न।" सरकारी तर्कप्रति उहाँको कटाक्ष थियो– "संसारको कुनै पनि एफएम रेडियोमा समाचार दिइन्न भनेर फेरि १९ माघपछिको सरकारले पनि अज्ञानी कुरा गऱ्यो। विश्वका कतिपय ठाउँमा एफएम रेडियोमा समाचारले खासगरी स्थानीय समुदायमा चेतनाको ज्योति छर्नुको साथै विकास निर्माणका अभूतपूर्व कार्यहरू सहज गराइदिएको छ" (देउजा २०६१)।

संसारमा कहीँ पनि एफएम रेडियोले समाचार प्रसारण गर्दैनन् भन्ने सरकारी तर्कलाई 'मूर्खता' को संज्ञा दिनेहरू काफी देखिए। पाँच वर्षअघि मात्र अस्तित्वमा आएको मुलुक पूर्वी टिमोरदेखि सोमालिया र मोजाम्बिक जस्ता अफ्रिकी मुलुकमा समेत एफएमले समाचार प्रसारण गरिरहेको उदाहरण प्रस्तुत गरिँदा सरकारसँग त्यसको जवाफ थिएन। सरकारी झूठलाई जानिफकारहरू यसरी उदांगो पारिरहेका थिए– "नेदरल्याण्ड, दक्षिण अफ्रिका, अष्ट्रेलियालगायतका देशहरूमा एफएम रेडियोले विना रोकटोक समाचार प्रसारण गर्छन्। झन् अमेरिका त रेडियो भित्रिएदेखि नै सूचनाप्रति उदार मुलुक हो। कतिपय यस्ता राष्ट्र छन्, जहाँ सरकारले सूचनामूलक कार्यक्रम प्रस्तुत गर्न प्रोत्साहन मात्र गर्ने होइन, अनिवार्य नै ठहऱ्याउँछ" (यात्री २०६२)।

सरकारी बन्देज कानुनविरोधी रहेका टिप्पणीहरूलाई पनि पत्रपत्रिकाले पर्याप्त स्थान दिएका थिए । एउटै ऐनअन्तर्गत प्रसारण अनुमति लिएको टेलिभिजन च्यानलहरूले पाएसरहको समाचार प्रसारण अधिकार उपभोग गर्न एफएम रेडियोहरूलाई बन्देज लगाइनुले संकटकालको अवस्थामा समेत निलम्बित नभई प्रचलनमा रहेको 'समान कानुनी संरक्षणको हक' (संविधानको धारा ११ अन्तर्गत प्रत्याभूत) समेतको उपेक्षा हुन गएको तर्क जनहित संरक्षण मञ्च, नेपालका अध्यक्ष डा. श्रीकृष्ण श्रेष्ठको थियो (श्रीकृष्ण श्रेष्ठ २०६१) । प्रसारणमाथि लगाइएको बन्देजले एकातर्फ सयौँ युवाहरू रोजगारबाट विमुख हुनु परिरहेको एवं अर्कोतर्फ एफएमहरूले पुऱ्याउँदै आएको सञ्चार सेवाबाट स्थानीय समुदाय नराम्रोसँग वञ्चित हुनु परेको पनि उहाँले उल्लेख गर्नुभयो ।

अखबारहरूमा छापिने कतिपय सामग्रीले भने स्वतन्त्र रेडियोप्रति समर्थन र सम्मान दर्शाएको हो कि विरोध र अपमान जनाएको हो भन्ने खुट्याउन कठिन हुन्थ्यो । तैपनि तिनले रेडियोको अधिकारलाई भने माया नै गरेको देखिन्थ्यो । कतिपय सामग्री भने रेडियोलाई स्वतन्त्रताको अधिकार सरकारले कृपापूर्वक खटाएर दिने र त्यसैअनुसार रेडियोले प्राप्त गर्ने हो भन्ने बुझाइबाट प्रस्तुत भएका पाइन्थे । त्यस्तैमध्येको एउटा लेखका केही अंश–

> ... जागीर खान र पेट पाल्न सञ्चारकर्मी हुनेहरूको कुरा भिन्न हो, जनतालाई सुसूचित गर्दै सञ्चारको धर्म पालन गर्ने हो भने गलत एवं भ्रामक समाचार सामग्रीहरू कुनै हालतमा प्रचारप्रसार गर्नु हुँदैन ।
>
> ... एफएमहरूलाई छाडा होइन, नियन्त्रित रूपमा निश्चित विषयबाहेकका समाचार, सार्वजनिक चासो र महत्त्वका सूचना तथा जानकारीहरू प्रसारण गर्ने अनुमति शीघ्र दिइनुपर्दछ र उनीहरू पूर्ववत् सञ्चालनमा आउनुपर्छ भन्ने चाहना धेरैको छ ।
>
> ... व्यापक प्रचारप्रसारका माध्यम बनेका एफएमका पत्रकारहरूको एउटा न्यूनतम योग्गता तोकी समाजमा विवाद बढाउने, जातीय झगडा र विद्वेष फैलाउने, अशान्ति मच्चाउने, विद्रोहलाई बढावा दिनेजस्ता सामग्रीहरूको प्रसारणमा प्रतिबन्ध लगाउँदै भरपर्दा, विश्वसनीय, सार्वजनिक चासोका र गहकिला समाचार सम्प्रेषण गर्न उत्प्रेरित गर्नु आजको आवश्यकता हो ।
>
> ... लाखौँको लगानीमा खुलेका यस्ता स्टेसनहरूलाई एकाएक नियन्त्रित र प्रतिबन्धित गरिँदा यिनको लगानी व्यर्थ हुने र थुप्रैको रोजगारी गुम्ने तथा समाजमा त्यसको नकारात्मक प्रभाव पर्न जाने भएकोले एफएमहरूलाई निश्चित अनुशासनमा राखी सञ्चालन गरिनु आवश्यक छ (नेपाल २०६१) ।

सरकारले विज्ञापनको एकद्वार नीति जबर्जस्ती लागू गरेपछि *कान्तिपुर दैनिक*ले सुझाव दियो– "प्रेस स्वतन्त्रताको मर्म र अपरिहार्यता बुझेर सरकारले

सञ्चारमाध्यममाथि जारी निषेधाज्ञा खारेज गर्नु, एफएम रेडियोमा समाचार प्रसारण खुला गर्नु र विश्व समुदायसँग गरिएको प्रतिबद्धता र राष्ट्रिय उद्यमशीलताअनुकूल नयाँ विज्ञापन नीति अविलम्ब रद्द गर्नु सरकारको बुद्धिमानी हुने छ" (कान्तिपुर २०६२ध) ।

यसैबीच काठमाडौँमा भएको सञ्चारसम्बन्धी एक गोष्ठीले एफएम रेडियोबाट तत्काल समाचार प्रसारण गर्न सरकारलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा दबाब सिर्जना गर्नुपर्ने निष्कर्ष निकाल्यो ।[२]

व्यापक विरोधका बावजुद सरकारले बलपूर्वक सञ्चार अध्यादेश लागू गर्न लाग्दा *कान्तिपुर दैनिक*ले 'अध्यादेश राज सुरु गरेको सरकारले जनमतलाई प्रतिनिधित्व गर्न सफल भएको प्रेसलाई अध्यादेशका माध्यमबाट नियन्त्रण गरेर वास्तविक रूपमा जनतालाई अधिकारविहीन बनाउने प्रयत्न गरेको' आरोप लगाएर प्रत्याक्रमण गऱ्यो । अध्यादेशको अवज्ञा गर्नुपर्छ भन्ने *कान्तिपुर*को आग्रह थियो– "संविधानको मर्म र भावनाविपरीत तयार पारिएको यस किसिमको कानुनको विरोध मात्र होइन, त्यसलाई पत्रकार, व्यवस्थापन र सम्पूर्ण सञ्चार जगत्ले एक स्वरमा अस्वीकार गर्नुपर्छ । सरकारलाई हाम्रो आग्रह छ, यस्तो कानुन ल्याउने दुष्प्रयास नगरियोस्" (कान्तिपुर २०६२न) ।

यस्तै अवज्ञा-आह्वान *कम्युनिकेसन कर्नर*लाई सरकारले बन्द गर्ने आदेश दिएपछि पनि गरिएको थियो । सरकारी आदेश रक्षकभन्दा भक्षक चरित्रको उदाहरण भएको, यसले कानुनी राज्यको अवधारणाको खिल्ली उडाएको, कैलालीको *घोडाघोडी एफएम* लुट्ने माओवादीसँग मिल्ने क्रियाकलाप भएको तर्क गर्दै *कान्तिपुर*ले सरकारले सार्वजनिक रूपमा क्षमायाचना गरी बन्द गर्न दिएको निर्देशन खारेजीको घोषणा गर्नुपर्छ भन्ने माग गऱ्यो र आफ्नो ठहर अघि साऱ्यो– यो सरकार प्रजातन्त्रप्रति अप्रतिबद्ध र स्वतन्त्र प्रेसको विकासप्रति अनिच्छुक रहेको हुँदा यसलाई अवज्ञा गर्नुको अर्को विकल्प छैन (कान्तिपुर २०६२प) ।

पत्रपत्रिकामा छापिने लेख पनि अध्यादेशको अपवित्र नियत उद्घाटन गर्न र त्यसको असंवैधानिकता स्पष्ट पार्न उत्तिकै प्रयत्नशील थिए । त्यस्तैमध्येको एउटा लेखका केही अंश–

---

[२] इन्टरनेशनल प्रेस इन्स्टिच्यूट, नेपाल राष्ट्रिय समिति र काठमाडौँस्थित फ्रेडरिक इबर्ट स्टिफ्टुङको संयुक्त आयोजनामा २०६१ वैशाख २९ गते भएको 'द्वन्द्व प्रभावित पत्रकारहरूको सञ्जाल निर्माण' विषयक कार्यशाला गोष्ठी ।

...असंवैधानिक र अनुत्तरदायी तथा जवाफदेहीविहीन सरकारले एकपछि अर्को गर्दै लोकतान्त्रिक संरचनाहरू भत्काउने निरन्तरताको पछिल्लो हतियार हो प्रेस कानुनको संशोधनको प्रयास । यदि यो प्रयासमा निरंकुशतन्त्र पक्षधरहरू सफल भए भने नेपाल अधिराज्यको संविधान २०४७ को संशोधन हुनेछ र उनीहरूले यसलाई संवैधानिक कानुनको रूपमा परिभाषित गर्नेछन् । ... संविधानको धारा ११६ बमोजिम संविधान संशोधन गर्दासमेत प्रेस स्वतन्त्रतालाई सीमित गर्न नसकिने प्रावधान संविधानमा राखिएको छ । संविधान देशको मूल कानुन भएकाले धारा १ बमोजिम योसँग बाझिने गरी कुनै पनि कानुन निर्माण हुन र क्रियाशील हुन सक्दैन । तर संशोधन हुन लागेको भनी सार्वजनिक भएका प्रस्तावित कानुनी व्यवस्था हेर्दा ती प्रावधानहरूले संविधानको धारा १२, १३ र १६ ले प्रत्याभूत गरेको अभिव्यक्ति र प्रेस स्वतन्त्रता तथा सूचनाको अधिकारलाई पूर्णरूपमा नियन्त्रण गर्ने देखिन्छ ।

...अभिव्यक्ति स्वतन्त्रतालाई कुण्ठित गर्न ल्याउन लागिएको यो कानुनले औपचारिक रूपमै संविधानको संशोधन गर्नेछ भन्ने विषयमा सबैले प्रस्ट भए हुन्छ । ...

अभिव्यक्ति स्वतन्त्रता कस्तो अवस्थामा प्रतिबन्ध लगाउन सकिन्छ र त्यसका सीमाहरू के-के भनेर संविधानमा नै स्पष्ट रूपमा लेखिएको छ । संविधानमा नलेखिएका नियन्त्रणहरू कथित सरकारले कुनै पनि हालतमा कुनै पनि स्वरूपमा खडा गर्न सक्दैन । यदि गर्‍यो भने त्यो पूर्णतया असंवैधानिक र गैर कानुनी हुनेछ ।...

...अहिले प्रेस कानुमा संशोधन नगरी नहुने अवस्था किन उत्पन्न भयो ? अहिले संशोधन नगर्दा राज्यले कहिल्यै प्राप्त गर्न नसक्ने के कुरा गुमाउन लाग्यो ? अहिले संशोधन गर्ने विषयहरू संविधानसम्मत छन् कि छैनन् ? यी तमाम प्रश्नहरूको जवाफ सरकारले तत्कालै दिनुपर्छ, नत्र अध्यादेश शासकहरूको सत्ता टिकाउने मनचिन्ते झोला होइन, जसलाई जतिबेला जे चाहियो फुत्त निकालेर प्रयोग गर्न सकियोस् (टीकाराम भट्टराई २०६२) ।...

अखबारहरूले आन्दोलनसम्बन्धी औपचारिक गतिविधिका समाचारलाई पनि अत्यन्त महत्त्वका साथ सम्प्रेषण गरेका थिए (हेर्नुहोस् बक्स ४) ।

आन्दोलनका समाचार क्रमश: रोचक हुन थालेका थिए किनभने आन्दोलनका कार्यक्रम नै रोचक र रचनात्मक भएका थिए । स्वतन्त्र रेडियो बचाऊ आन्दोलनले सत्ताधारीहरूको बुद्धि फिराइदिन प्रार्थना गर्दै पशुपतिनाथको मन्दिरमा गरेको कार्यक्रम त्यसकै एउटा उदाहरण थियो । ठूलो संकटमा परेको नेपालको स्वतन्त्र रेडियोको अधिकारका पक्षमा गरिएको यो कार्यक्रमलाई 'अनुपम ढाँचा' को मानिएको थियो (अर्याल सन् २००५ए) । सबैजसो स्वतन्त्र सञ्चारमाध्यमहरूले अत्यन्त महत्त्वका साथ तस्वीरहरूसहित यसको समाचार सम्प्रेषण गरे ।

## बक्स ४ : आन्दोलनका गतिविधिबारे समाचार

**प्रेस नियन्त्रणको देशव्यापी विरोध**
**- कान्तिपुर संवाददाता**

*काठमाडौँ, ११ जेठ - सरकारले प्रेस स्वतन्त्रता कुण्ठित पार्ने उद्देश्यबाट ल्याउन लागेको अध्यादेशको विरोधमा ऐक्यबद्धता जनाउँदै विभिन्न अधिकारवादी संघसंस्थाले देशव्यापी दबाब दिन थालेका छन् ।*

*यसै क्रममा नेपाल पत्रकार महासंघ कास्की शाखाले 'शान्ति र प्रजातन्त्रका निम्ति पूर्ण प्रेस स्वतन्त्रता' विषयमा बुधबार राखेको अन्तर्क्रियामा प्रेसलाई नियन्त्रित गर्न ल्याउन लागिएको अध्यादेशले मुलुक घोर अन्धकारतर्फ धकेलिन लागेको जनाउँदै उनीहरूले पत्रकार महासंघलाई सभागोष्ठीमा भन्दा सडकमै उत्रिएर विरोध गर्नसमेत आग्रह गरे ।*

*कान्तिपुर समाचारदाताले बुटवलबाट पठाएको समाचारअनुसार प्रस्तावित प्रेस कानुनको विरोधमा बुधबार पत्रकारले जुलुस प्रदर्शन गरे । पत्रकार महासंघ रुपन्देही शाखाको आयोजनामा भएको जुलुसमा स्थानीय सञ्चारकर्मी, पेसागत संघसंस्थाका प्रतिनिधि र विद्यार्थी संगठनको सहभागिता थियो । यसै गरी पत्रकार महासंघ, नवलपरासीमा प्रेस स्वतन्त्रता र प्रजातन्त्र विषयक विचार गोष्ठीका सहभागीले पत्रकारद्वारा गरिने आन्दोलनप्रति ऐक्यबद्धता जनाएको परासी समाचारदाताले जनाएका छन् । गोष्ठीमा सहभागी वक्ताले पूर्ण प्रजातन्त्र र प्रेस स्वतन्त्रताका पक्षमा महासंघले गर्ने हरेक आन्दोलनमा सहभागी हुने प्रतिबद्धता जनाएका छन् ।*

*सरकारले प्रेससम्बन्धी ऐनमा गर्न खोजेको पाँचओटा बन्देजका कुराले संविधानको अपव्याख्या हुने नेपाल बार एसोसिएसनका अध्यक्ष शम्भु थापाले बताउनुभएको छ । 'प्रेस विश्वको संसद् हो, त्यसैले खुला प्रेस नहुँदा जनमत पनि हुँदैन', थापाले बुधबार विराटनगरमा आयोजित एक कार्यक्रममा भन्नुभयो ।*

*यसै गरी नेपाल पत्रकार महासंघको स्थानीय शाखाले बुधबार छलफल आयोजना गर्‍यो । प्रजातन्त्र र प्रेस स्वतन्त्रता विषयक छलफलमा राजनीतिक दलका प्रतिनिधि, प्राध्यापकलगायतले सरकारले सञ्चार क्षेत्रमाथि लगाउन खोजेको बन्देज जनमतको प्रतिकूल हुने विचार राखेका थिए ।*

*पाँचथर समाचारदाताका अनुसार महासंघको स्थानीय शाखाद्वारा आयोजित अन्तर्क्रियाका वक्ताले प्रेसमाथि नियन्त्रण गर्न सरकारले ल्याउन लागेको अध्यादेश नागरिक हक खोस्ने शृंखलाको थप प्रमाण भएको बताएका छन् ।*

*प्रेसमाथि लगातार सरकारी दमनको विरोधमा पत्रकार, मानवअधिकारकर्मी र कानुन व्यवसायीलगायत सम्पूर्ण पक्ष खुलेर लाग्नुपर्ने विचार व्यक्त गरे । नेपाल पत्रकार महासंघको शाखाद्वारा 'प्रेस स्वतन्त्रता र प्रजातन्त्र' विषयक नारायणगढमा बुधबार आयोजित अन्तर्क्रियामा उनीहरूले पत्रकार महासंघद्वारा अगाडि सारिएका विरोधका कार्यक्रममा पनि ऐक्यबद्धता जनाएका छन् ।*

*बारा शाखाले बुधबार कलैयामा यसै विषयमा विरोध जुलुस निकाल्यो । मुखमा कालोपट्टी बाँधेर ब्यानरसहित नगर परिक्रमा गरेका सञ्चारकर्मीलाई दलका नेता-कार्यकर्ता, मानवअधिकारवादी, कानुन व्यवसायी, विभिन्न संघसंस्थाका प्रतिनिधिले समर्थन गर्दै जुलुसमा सहभागिता जनाएका थिए ।*

*यसैगरी प्रेस स्वतन्त्रताप्रति सरकारी दमनको विरोधमा नेपाल पत्रकार महासंघ, मकवानपुरले पनि प्रेस स्वतन्त्रता र प्रजातन्त्र विषयमा एक अन्तर्क्रियाको आयोजना गऱ्यो । सभापति प्रताप विष्टको सभापतित्वमा कार्यक्रम भएको थियो । सिरहा, वीरगञ्ज, बाँकेलगायत जिल्लामा पनि प्रस्तावित प्रेस कानुनको विरोधमा विभिन्न कार्यक्रम गरिए ।*
*- कान्तिपुर २०६२ जेठ १२ गते*

कार्यक्रमका सन्दर्भमा गुणराज लुइँटेलको चित्रण एवं टिप्पणी यस्तो थियो–

> नास्तिक नै भए पनि चर्चित स्तम्भकार खगेन्द्र संग्रौला पनि पूजा गर्न आइपुगे । उनी पूजामा सामेल भए । *रेडियो सगरमाथा*का घमराज लुईंटेलले 'हरहर महादेव... शासकहरूलाई सद्बुद्धि फिराइदेऊ' भन्ने आग्रह गर्दा उपस्थित सबैले स्वरमा स्वर खापेर भोलेबाबाको अनुग्रहका निम्ति याचना गरे । मुलुकका संस्थाहरूले यो अन्याय रोक्न नसकेपछि पशुपतिबाहेक अरू विकल्प पनि रहेन ।
>
> पूजा सामग्रीमा रेडियो सेट पनि राखिएको थियो हरदम गीत बजिरहने । समाचार भन्न नपाइने हुनाले त्यो रेडियोमा अहिले भजन र गीत मात्र आउँछ । पूजा, अक्षता, चन्दन र रेडियो सेटसहित चढाएपछि पशुपतिनाथको कृपा भयो भने पक्कै पनि सोचेको फल प्राप्त हुनेछ ।
>
> ...सरकारलाई सामान्यतः के लागेको हुनसक्छ भने राजधानीको सडकमा देखिएका यी विरोधमा कुनै दम छैन । सत्ता उन्मादमा रहेको बेला यस्तो लाग्नु स्वाभाविक पनि हो । तर, यी आवाजविहीनजस्ता देखिएका सांकेतिक विरोधका आवाजहरू धेरै टाढा पुगिसकेका छन् । सरकारले ल्याउन खोजेको सञ्चारविरोधी कानुनको त अन्तर्राष्ट्रिय तहमा समेत व्यापक विरोध भएको छ (लुइँटेल २०६२) ।

२०६२ जेठ २५ गते रेडियो आन्दोलनप्रति राष्ट्रिय दैनिक, साप्ताहिक र पाक्षिक पत्रिकाहरूले सम्पादकीय ऐक्यबद्धता जनाउने अठोट गरे । यस सन्दर्भमा एक हप्तासम्म रेडियो आन्दोलनलाई सघाउने लेख, समाचार, विश्लेषण, नाराहरू र सम्पादकीय विशेष रूपमा प्रकाशित गरिएको थियो । जेठ २९ गते *देशान्तर साप्ताहिक*ले लेखेको सम्पादकीयमा 'सम्पूर्ण एफएम रेडियोकर्मीको सडक आन्दोलनमा समग्र प्रेस जगत् सँगसँगै हिँडिरहेको' विचार व्यक्त गरियो (देशान्तर २०६२क) । *राजधानी दैनिक*ले यस्तो सम्पादकीय लेखेको थियो–

> मुलुकका मूल मुद्दाहरूलाई बिर्सेर आफ्नो क्षेत्रका स्वतन्त्र निकायहरूलाई विवादास्पद निर्देशन दिँदै अनावश्यक विवादमा अल्झनु सञ्चार मन्त्रालयका निम्ति प्रत्युत्पादक त हुन्छ नै; साथसाथै सञ्चार संस्थाहरूलाई सशक्त बनाउने वातावरणको सिर्जना गरिदिनु पर्ने दायित्वबाट पनि विमुख हुन पुग्छ । मुलुकका लागि गर्वको विषयसमेत बनेका एफएम रेडियोहरूले पनि स्वतन्त्र रूपमा सूचना प्रवाह गर्न पाउँदा सिर्जना हुने जनमत जतिको अचुक अस्त्र हिंसा नियन्त्रण गर्न अरू के हुनसक्छ ? हत्या-हिंसाको त्रासदी

> नियन्त्रण गर्न जनताको हिंसाविरोधी आवाजले बुलन्द हुने वातावरण पाउनै पर्छ । तर, रेडियोलगायत सञ्चारमाध्यमलाई लाटो बनाउँदा जनताको आवाज थुनिने निश्चित छ । त्यसै कारणले हो, एफएम रेडियोकर्मीहरूको आन्दोलनमा सबैतिरबाट ऐक्यबद्धता जुटेको (राजधानी २०६२च) ।

यो अभियानका क्रममा पत्रपत्रिकामार्फत धेरै किसिमका विचार मन्थन भएर सडकमा आए । त्यसले सरकार किन स्वतन्त्र रेडियोप्रति शत्रुवत् भएको रहेछ भन्ने कुरा जनमानसमा स्पष्ट पारिदियो । *नेपाली टाइम्स*ले लेख्यो– "मूलतः जनताको बीचसम्म रेडियोको पहुँच भएको र रेडियोमा पनि जनताको पहुँच भएका कारणले नै सरकार रेडियोसँग डराएको थियो । रेडियोहरूले जनतालाई उनीहरूको अधिकारप्रति सशक्त गराउँछन् र जनताले आफ्नो अधिकारको माग गर्नेछन् भनेर नै शासकहरू डराएका थिए" (नेपाली टाइम्स सन् २००५) ।

*कान्तिपुर* दैनिकले छापेको एउटा सम्पादकीयका केही अंश यस्ता थिए–

> एफएममा समाचार पञ्चायतकालपछि नेपाली समाज प्रजातान्त्रीकरणको बलियो उदाहरण हो । ०४६ को संविधानले सूचनामाथि नेपाली नागरिकको प्रत्यक्ष पहुँच स्थापित गरेपछि त्यसैका आधारमा बनेका ऐन र नियमावलीले सञ्चार क्षेत्र फस्टाउने वातावरण तयार गऱ्यो । सामुदायिक, निजी तथा सहकारी एफएम रेडियो स्थापनाले हजारौँलाई रोजगारी दिलायो । तिनमा समाचार सर्वप्रिय कार्यक्रम बने । राजधानीबाट प्रकाशित हुने राष्ट्रिय अखबारका शीर्षक र विशेष समाचार सबेरै एफएम रेडियोले पढ्ने प्रचलन नै बन्यो । राजनीतिक, समसामयिक विषयमा नेता, सामाजिक विश्लेषक र टिप्पणीकर्तासँग अन्तर्वार्ता, छलफल र बहसको संस्कृति सुरु भयो । उनीहरूले विभिन्न नाममा दिने गरेका समाचार शैलीमा एक प्रकारको क्रान्ति आयो । दुई-तीन सयमै पाइने रेडियो सेटबाट स्पष्ट आवाजमा सुन्न सकिने प्रविधिको उपभोग गर्न पाउँदा सूचनामाथि निम्न वर्गको समेत पहुँच पुग्यो, चेतना विस्तारमा एफएमले अभूतपूर्व भूमिका खेल्न थाले ।
>
> दुर्भाग्यवश, एफएममा समाचार निर्वाचित सरकारको पालामा पनि बक्रदृष्टिमा परेको थियो । ऐन/कानुन र संविधान व्याख्याताको सहयोगमा नागरिक समाज, एफएममा समाचार खुलाउन सक्षम भयो । सर्वोच्चमा परेको रिटमाथि फैसला हुँदा एफएममा समाचार नागरिकको हकमा रूपमा पुनः स्थापित भयो । विधिको शासन मान्ने जनताको सरकार, न्यायालयको फैसला स्वीकार्न बाध्य भयो । संविधान, ऐन, र सर्वोच्चको फैसला तीनओटै आधारमा एफएममा समाचार रोक्न सकिने आधार छैन । माघ १९ को शाही घोषणालगत्तै एफएममा समाचारमाथि प्रतिबन्ध लगाइँदा सरकारलाई त्यसबाट वस्तुगत फाइदा भएको छैन, विधिको शासनको उपहास भएको छ । सञ्चार जगत्, नागरिक समाज र अन्तर्राष्ट्रिय क्षेत्रबाट समाचार खुला गर्न हरदम दबाब खेप्नु परिरहेको छ ।
>
> अधिकांश मुलुकमा एफएममा समाचार अभिन्न छ । वास्तवमा बेलायतमा एफएमको सुरुआत नै नागरिकलाई सूचना प्रवाह गर्न गरिएको थियो । अन्यत्र छैन, हामी पनि गर्न

> हुन्न भन्ने तर्क दरिद्र छ। सामुदायिक रेडियोलाई लाइसेन्स दिएर सुरु गरिएको हाम्रो एफएमको इतिहास उदाहरण दक्षिण एसियामै पहिलो बन्दा मुलुकै गौरवान्वित बन्यो। यसको विश्वव्यापी चर्चा अझै सेलाएको छैन। त्यस्तै नेतृत्वदायी काम गर्ने वातावरण निरन्तर भए मात्र सिर्जनशील सक्रिय हुन्छ र नयाँ सिर्जना सम्भव हुनेछ। अन्ततः मुलुककै एक संवैधानिक अडानले एफएममा समाचार खुला गर्न गरेको आग्रहले यसको पक्षमा उठिरहेको आवाजलाई ठूलो बल मिलेको छ (कान्तिपुर २०६२फ)।

यसैबीच नेपाल पत्रकार महासंघको आह्वानमा पूर्ण प्रेस स्वतन्त्रताको मागसहित काठमाडौँका साथै देशभरिका सबैजसो जिल्लामा हजारौँको संख्यामा सरकारलाई ज्ञापनपत्र बुझाइयो जसमा एफएम स्टेसनलगायत सबै सञ्चारमाध्यममा निर्बाध समाचार तथा विचार प्रवाहको वातावरण बनाउनुपर्ने माग समेत रहेको थियो।

रेडियोको स्वतन्त्रताको पक्षमा पत्रपत्रिकाका कार्टूनिष्टहरू पनि उत्रिए। उनीहरूले २०६२ जेठ २९ गते राजधानी र देशका विभिन्न ठाउँमा यससम्बन्धी कार्टून प्रदर्शनी गरे। सामान्य मान्छेले पनि बुझ्नसक्ने र प्रभावकारी भएकाले यस्ता प्रदर्शनी आम नागरिकको आकर्षणका केन्द्र बनेका थिए। उता, कानुन र अदालतको 'बिट' मा काम गर्ने पत्रकारहरूले सामूहिक रूपमा नै रेडियोको स्वतन्त्रताका लागि भइरहेको कानुनी लडाइँमा महत्त्वका साथ समाचार सम्प्रेषण गर्ने वचन दिए।

माघ १९ को राजाको कदमलाई समर्थन गर्नेहरूमध्ये पनि सबैले रेडियो स्वतन्त्रताको विरोध गरेनन्। शाही सरकारको समर्थनमा खोलिएको राष्ट्रिय पत्रकार महासंघ[३] का संयोजक बनाइएका पी. खरेलले नै रेडियोबाट समाचार प्रसारण गर्न पाउनुपर्ने पक्षमा वकालत गरिरहनु भयो। बोलेर र लेखेर उहाँका अभिव्यक्तिहरू सार्वजनिक भइरहे। खरेलको विचार थियो–

> एफएम स्टेसनले संसारमा कहिल्यै समाचार दिइँदैन भन्ने कुरा सुनिन्छ, त्यो गलत हो। समाचार दिने खालका र नदिने खालका दुवै एफएमहरू छन्। एफएममा समाचार खुलाउनुपर्छ भनेर साथीहरूले सरकारसँग वार्ता पनि गरिरहनुभएको छ। अहिले यहाँ सुरक्षाकर्मीहरूको मिटिङ बसेको बेलामा २-४ जना जर्साबहरूले हुँदैन भनेर यो सदाका लागि हुन सक्दैन। म पनि २-४ जना मै हुँ भन्ने जर्सा'बहरू चिन्छु। समाचार सदाका लागि बन्देज गर्न भन्ने हो भने ती जर्सा'बहरू म कहाँ आऊन्, म उनीहरूलाई पाठै सिकाइदिन सक्छु। यस विषयमा श्री ५ को सरकारले ध्यान देओस्, पुनर्विचार गरोस् र एफएममा समाचार लागू गरोस् भन्ने मेरो भनाइ छ।... इन्डियामा समाचार छैन,

---

[३] अन्तर्राष्ट्रिय मिडिया मिसनका सहभागीहरूलाई २०६२ चैत २ गते सूचना तथा सञ्चार राज्यमन्त्री श्रीशशमशेर राणाले बताएअनुसार, नेपाल पत्रकार महासंघले सरकारको समर्थन नगरेपछि र उहाँको मन्त्रित्वलाई समेत स्वीकार नगरेपछि उहाँले नै राष्ट्रिय पत्रकार महासंघ खोल्न सहयोग गर्नुभएको हो।

> हामीकहाँ पनि नहुनु ठीकै हो भन्ने पक्षमा पनि म छैन किनकि इन्डिया त हाम्रो मोडेलै होइन (खरेल २०६२) ।

यसैबीच सर्वोच्च अदालतले समाचार बजाएबापत *नेपाल एफएम*को इजाजतपत्र रद्द नगर्न सरकारलाई अन्तरिम आदेश दिएपछि पत्रपत्रिकाले सम्पादकीयमार्फत त्यसको समर्थन गरे । *कान्तिपुर* दैनिकको विचार यस्तो थियो– “संविधान र राष्ट्रिय प्रसारण ऐनमात्र होइन न्यायालयले व्याख्यासहित निश्चित गरेको नागरिकको सूचनाको हकमाथि सरकारको अवैधानिक प्रहारलाई अदालतले खबरदारी गरेको छ । सरकारका लागि पनि यो एउटा पाठ र चेतावनी हो- विधिको शासनमा कार्यकारीको स्वेच्छाचारिता क्षम्य हुँदैन । संविधानले प्रत्याभूत गरेको सूचनामाथिको हकलाई दोस्रोपटक सर्वोच्चले स्थापित गरेको छ । निर्वाचित सरकारका पालामा आएको अवरोधलाई पनि उसले यसैगरी हटाएको थियो, अब राज्यले न्यायालयको आदेश पालना गर्नुपर्छ र विधिप्रति व्यावहारिक निष्ठा देखाउनुपर्छ” (कान्तिपुर २०६२ब) ।

*नेपाल समाचारपत्र*ले पनि यस सन्दर्भलाई सम्पादकीयमा यसरी प्रस्तुत गरेको थियो–

> ... सर्वोच्चले प्रजातान्त्रिक प्रणालीको सम्मान गर्दै यस्ता सन्दर्भमा विवादको अन्तिम टुंगो नलागेसम्म इजाजतपत्र रद्द गर्ने प्रक्रिया अगाडि नबढाउनका लागि सूचना तथा सञ्चार मन्त्रालयलाई आदेश दियो ।
>
> एकातिर एफएमहरूमा समाचार प्रसारण अवरुद्ध गरिदिँदा हजारौँ सञ्चारकर्मीको रोजीरोटी खोसिन पुगेको छ । जसका कारण सञ्चारकर्मीहरू सडकमा ओर्लन बाध्य भएका छन् । यसले सरकारलाई हरेक कोणबाट अलोकप्रिय नै बनाएको छ ।
>
> माओवादी विद्रोह, जनजीविकाको सवाल, नागरिकको गुमेको स्वतन्त्रताजस्ता अहम् सवाललाई नजरअन्दाज गरी सञ्चारमा सेन्सरसीपलगायतका अन्य झिनामसिना सवालमा अल्झनुले सरकार आफ्नो यात्रामा अगाडि बढ्न नसक्ने त छँदै छ साथै अझै अलोकप्रिय बन्ने कुरामा कुनै सन्देह छैन (नेपाल समाचारपत्र २०६२झ) ।

यसपछि स्वतन्त्र रेडियोहरूले उक्त अन्तरिम आदेशको आडमा समाचारलगायतका सामग्री प्रसारण गरे । यो कुरा सह्य नभएर सरकारले सञ्चार अध्यादेश जारी गर्‍यो- दशैँको मुखमा । यस मामलामा नरम, गरम दुवैखाले टिप्पणी आए । नरम टिप्पणी यस्तो थियो– “जननिर्वाचित निकायको उपस्थिति नभएको बेला, दशैँ बिदाको मौका छोपेर, विषयलाई छलफलमै नल्याई एक्कासी एक ढंगबाट हेर्दा विना गृहकार्य सरकार यो अध्यादेश बोकेर जसरी आयो, त्यसले संशय खडा

गरेको छ । अब थप आशंका नउब्जाउन सरकारले प्रेसलाई 'कन्भिन्स' गर्नेतर्फ लाग्नु नै बेश हुन्छ" (नेपाल समाचारपत्र २०६२ञ) । उता, *कान्तिपुर*को सम्पादकीय टिप्पणी भने 'गरम' खालको थियो–

> प्रेससम्बन्धी कानुनमा संशोधन यसै पनि अहिले राष्ट्रिय प्राथमिकताको विषय थिएन । संसदविहीन अवस्थामा शासनसत्ता जारी राख्न जतिसुकै आलोचना भएपनि सरकार अध्यादेशराज चलाइरहन उद्यत बनेको छ । अर्कातिर सर्वोच्च अदालतले अन्तरिम आदेश दिएको एफएममा समाचार प्रसारण हकलाई सरकारले नयाँ अध्यादेशबाट ठाडो चुनौती पनि दिएको छ । न्यायपालिकालाई अनादर गर्ने यो अध्यादेशले संविधानप्रदत्त प्रेस स्वतन्त्रता पनि कुण्ठित तुल्याउनेछ । अध्यादेशमार्फत प्रेसलाई सजाय बढाइएको मात्र छैन कारवाही गर्न सक्ने विषयवस्तु पनि थपिएको छ । संविधान जारी भएपछि संसदले त्यसअनुकूल बनाएका कानुनमा हेरफेर गर्ने अधिकार धारा १२७ बाट सञ्चालित सरकारमा हुँदैन । बाधा अड्काउ फुकाउने धाराबाट प्रजातन्त्रकालमा फस्टाएको र जनताको जीवनशैली बनिसकेको प्रेसलाई नियन्त्रण गर्नु पूर्णतः बदनियतपूर्ण हो । चाडबाड पारेर ल्याउनुको पछाडि कायर मानसिकता प्रस्ट हुन्छ भने दीर्घकालीन असर पार्ने कानुन जारी गर्नु यो सरकार निश्चित उद्देश्य र समयका लागि होइन भन्ने छर्लंग हुन्छ (कान्तिपुर २०६२भ) ।

अध्यादेशको शैली र त्यसमा लुकेको सरकारको मनसायले ऊ पराजित मानसिकताबाट बढी प्रेरित र निर्देशित देखिएको थियो । *समय* साप्ताहिकले 'राजाको अध्यक्षतामा रहेको मन्त्रिपरिषद्को यो निर्णयले नैतिक र व्यक्तिगत रूपमा राजा प्रेस स्वतन्त्रताविरुद्ध रहेको सन्देश पनि गयो' भन्ने टिप्पणी गरेको थियो (समय २०६२) ।

सरकारले एफएम रेडियोहरू 'आतंककारी' का सहयोगी भएको आक्षेप लगाइरहेको बेला काठमाडौँ उपत्यकाभित्रका ग्रामीण तथा सहरी बासिन्दाले भने आफूहरू समाचारका लागि व्यापक रूपमा एफएम रेडियोमाथि निर्भर रहेको बताएका थिए । यसबीच गरिएको एउटा श्रोता सर्वेक्षणले एफएमबाट प्रसारण गरिने समाचार, छलफल तथा ताजा घटनासम्बन्धी कार्यक्रमहरूले नेपालीले समाचार प्राप्त गर्ने बाटो नै फेरिदिएको र यसले पत्रपत्रिका र टेलिभिजनका लागि पनि दूरगामी प्रभाव पार्ने देखाएको थियो (सापकोटा र अरू सन् २००५ र नेपाली टाइम्स सन् २००५ए) । सर्वेक्षणमा सहभागी गराइएका तीन सय जनामध्ये बहुमतले रेडियो समाचारमा प्रतिबन्ध लगाइँदा त्यहाँ कार्यरत पत्रकारलाई असर परेकोभन्दा आफ्नै सूचनाको हक निषेध भएकोतर्फ इङ्गित गरेका थिए । आधाभन्दा बढी सहभागीले एफएम रेडियोलाई 'मन पराएको समाचारको स्रोत' का रूपमा लिएका थिए । सर्वेक्षणले पत्रपत्रिकाको व्यापक पहुँच भएका ठाउँमा रेडियो

समाचार श्रोताको अनुपात कम रहेको र महिलाभन्दा पुरुषले एफएम रेडियो बढी सुन्ने गरेको देखाएको थियो। ४५ वर्षभन्दा बढी उमेरका ३१ प्रतिशत श्रोताले रेडियो समाचारमा बन्देज लागेपछि एफएम सुन्नै छोडिदिएको प्रतिक्रिया दिएका थिए भने ४५ वर्षभन्दा कम उमेरका आधाजसोले त्यसपछि रेडियो सुन्न कम गरेको बताएका थिए। मनोरञ्जनका लागि मात्र रेडियो सुन्ने ३० वर्षभन्दा कम उमेरका युवामध्ये ४२ प्रतिशतलाई चाहिँ सरकारी प्रतिबन्धले कुनै फरक पारेको थिएन। ८५ प्रतिशतभन्दा बढी सहभागी एफएम रेडियोमा समाचारमाथि लगाइएको बन्देजले जनताको सूचनाको हक हनन गरेको छ भन्ने पक्षमा देखिएका थिए भने पाँच प्रतिशत सहभागी मात्रै रेडियो समाचारले 'आतंककारी गतिविधिलाई सघाएको' सरकारी दाबीका पक्षमा देखा परेका थिए। उल्लेखनीय त यो थियो कि- करिब ८० प्रतिशत उत्तरदाता रेडियो समाचारमाथिको प्रतिबन्ध हटाउन दबाब दिन पत्रकारहरूले चलाइरहेको अभियानका पक्षमा देखा परेका थिए।

नागरिक आन्दोलनका अगुवा डा. सुन्दरमणि दीक्षित स्वतन्त्र सञ्चारका पक्षमा यसरी खडा हुनुभएको थियो– "दशैँकै बेला पारेर लुसुक्क सञ्चारमाध्यमलाई ध्वस्त पार्ने हेतुले अध्यादेश किन ल्याएको ? ल्याएको समयकै मात्रै विचार गरे पनि यो राम्रो कुरा थिएन। दशैँको मुखमा यो ल्याइनुको मतलब के हो ? यसको विरोध पक्कै हुन्छ, त्यसैले चाडको बीचमा ल्याए विरोध हुँदैन या दशैं सिद्धिउन्जेल यसको प्रतिकारको भावना मत्थर भइसक्छ भनेर नै त हो ? यही सोच नै पुरै गलत थियो। यसले सञ्चार जगत् झनै आन्दोलित हुँदैछ र साथै सारा पेसागत संघसंस्था, दलहरू र बुद्धिजीवीहरू र आमनागरिककमा पनि यसले असर पारिसक्यो र आउँदा दिनमा यो बढ्ने नै छ। तर यसो नै हुन्छ भनेर किन कसैले सोच्न नसक्या ? र, यस्ता यस्ता अध्यादेश ल्याएर सरकार किन उल्टो दिशातिर गएको ?"(दीक्षित २०६२)।

अध्यादेशको 'कार्यान्वयन' *कान्तिपुर एफएम*माथि आक्रमणबाट थालिएपछि त्यसलाई राम्रो भन्ने कोही निस्केन–

> अध्यादेशको कार्यान्वयनमा देखाइएको पहिलो अशिष्टताले गर्दा नेपालले विश्वभर टाउको निहुराउनुपरेको छ। यसलाई एउटा एफएम विशेषमाथिको कारवाही भनेर हलुका ढंगले लिन मिल्दैन। त्यही बल र व्यवहार भविष्यमा आवश्यक परे अन्य समाचार कक्षमाथि आइपर्छ भन्ने निश्चितप्रायः छ। त्यसलाई सहयात्री स्वतन्त्र रेडियोमाथि आइपरेको थप्पड भनेर छापा माध्यमले लिएर बस्ने बेला छैन। छापामाथि पनि त्यही व्यवहार हो भन्ने त्यसले संकेत गरेको छ। टेलिभिजन समाचार कक्षले पनि हामी त विशेष हौँ, अडियोभिज्युअल हौँ, हामीमा त्यो विपत्ति आइपर्दैन भनी बस्न मिल्दैन।

> कुरो मूल्य मान्यताको हो, चौथो अंगमाथि हमला गर्न हुन्छ कि हुँदैन भन्ने सिद्धान्तको, समाचारकक्ष र त्यसका उपकरण र जनशक्तिको सम्मान गर्नुपर्छ कि पर्दैन भन्ने आदर्शको । प्रश्न हो प्रेसलाई शत्रु ठान्नु हुन्छ कि हुन्नको ।
>
> अध्यादेशका प्रेसविरुद्धका अवधारणा र उक्त अशिष्ट व्यवहारले गर्दा यसमा रहेका केही राम्रा कुराको पनि केही औचित्य रहन गएको छैन । एफएमले एफएमकै रूपमा रहनुपर्ने, अपलिंक गर्दै एएम बन्न नहुने, आमसञ्चार माध्यममा तीन माध्यम एकै स्वामित्वमा रहन नहुने, त्यस्तो अहिले भएको भए एक वर्षभित्र त्यसमध्ये एक त्याग गर्नुपर्ने, नागरिकको अस्मितामाथि हमला गर्न नहुने, आतंकवादलाई टेवा पुऱ्याउन नहुनेजस्ता गुनिला कुरा यस सन्दर्भमा उल्लेखनीय मान्न सकिन्छ (रेग्मी २०६२) ।

*रेडियो सगरमाथा*माथि हमला गरेपछि सरकार थप आलोचित भयो । *द काठमाण्डु पोष्ट*ले सम्पादकीयमा यसको आलोचनामा लेख्यो– "माओवादीका अध्यक्ष प्रचण्डको नबजेको अन्तर्वार्तालाई *रेडियो सगरमाथा* बन्द गर्ने अवसरका रूपमा राज्यले प्रयोग गरेको थियो । सरकार त्यही अवसरको प्रतीक्षा गरेर बसेको स्पष्ट देखिएको थियो" (द काठमाण्डु पोष्ट सन् २००५इ) ।

यस बेलासम्म देशका सञ्चारमाध्यमलाई दुई खेमामा विभाजन गर्न राज्य सफल भएको थियो । आलोचनात्मक समाचार दिनेहरूलाई एउटा कित्तामा पुऱ्याएर समाप्त पार्न खोजिएको थियो भने अर्काथरि चाहिँ स्वतन्त्र सञ्चार बन्द गर्ने राज्यको कारवाहीको स्वागत गरेर बसेका थिए । पत्रकार गुणराज लुइँटेलको विश्लेषण अनुसार नेपालको शाही सरकार पाकिस्तानी सरकारको पदचिह्न पछ्याउँदै थियो । पाकिस्तानमा *मस्त एफएम* १०३ बाट *बीबीसी*का कार्यक्रम सञ्चालन गर्न रोक लगाइरहेका बेला नेपालमा पनि *बीबीसी* वर्ल्ड सर्भिसको कार्यक्रममा *रेडियो नेपाल*ले रोक लगाएको थियो । लुइँटेलको भनाइ थियो– "राज्यले पत्रकारितालाई मर्यादित बनाउने भन्दै सञ्चार अध्यादेश जारी गरेको हो । तर यसले पत्रकारितालाई मर्यादित होइन समाप्त पार्ने उद्देश्य राखेको छ । पत्रकारिता गलत भएको भनेर होइन स्वतन्त्र र निष्पक्ष भएर काम गरेका कारण कारवाहीमा परेको देखिएको छ। होइन भने सकेसम्म सन्तुलित समाचार पस्किने *बीबीसी*जस्तो संस्थाका कार्यक्रममा रोक लगाउनुपर्ने थिएन । प्रचण्डकै अन्तर्वार्ता बजाउँदा पनि यसले राजाका निकट मानिने सच्चित शमशेरको अन्तर्वार्ता पनि प्रसारण गरिरहेको थियो । स्वतन्त्र सञ्चार संस्थालाई हेर्ने वस्तुनिष्ठ दृष्टिकोणको सर्वाधिक अभाव यो सत्तामा देखिएको छ" (लुइँटेल २०६२क) ।

सरकारले रेडियोलाई भजनमण्डली बनाउन चाहेको सन्देश मन्त्रीहरूबाटै प्राप्त भइरहेको थियो । गृहमन्त्री दानबहादुर शाहीले लुटपाट गरिएको भोलिपल्टै *रेडियो सगरमाथा*ले प्रसारण पुनः सुरु गर्नसक्ने बताउँदै त्यसका लागि सरकारले प्रसारण

नगर्नू भनेका कुरा गर्न नपाइने सर्त राख्नुभएको थियो ।[४] उहाँले *रेडियो सगरमाथा* सरकारले बन्द गराएको कुरा समेत अस्वीकार गर्नुभयो । शाहीको प्रतिप्रश्न थियो– "हामीले कहाँ बन्द गर्न भनेका छौँ र ? उनीहरू आफैँले स्टेसन बन्द गरेका छन् भने हामी कसरी खोल्न जाने ?" यस सन्दर्भलाई *कान्तिपुर*ले आफ्नो सम्पादकीयमा यसरी सम्बोधन गरेको थियो– 'यसबाट सरकारको पराजित मानसिकता प्रकट भएको थियो । त्यही मानसिकताका कारण सरकारमा बस्नेहरू बुद्धि, विवेक र तर्कहीन कुरा गरेर बर्बराइरहेको समेत देखिएको थियो' (कान्तिपुर २०६२म) ।

आम मानिसहरूको जिज्ञासा थियो– सरकारले माघ १९ पछि पत्रपत्रिकाभन्दा रेडियोमाथि बढी आक्रमण गर्नुको कारण चाहिँ के होला ? यसमा पत्रकार राजेन्द्र दाहालको विचार यस्तो थियो– "माघ १९ को शाही घोषणा कार्यान्वयन गर्नेले नचिनेको चिज पर्‍यो, एफएम रेडियो । माघ १९ पछि आएकाले उनीहरूले पञ्चायतकालमा नदेखेको र २०४६ सालको प्रजातन्त्र आएपछि भित्रिएको प्रविधि नचिनेर पनि यस्तो गरेका हुन् । रेडियोले तत्काल सुसूचित गर्ने कारण पनि उनीहरूलाई चित्त बुझेन । अहिलेको सरकार दीर्घकालीन के असर पर्छ; कसरी अघि बढ्नुपर्छ भन्ने कुनै चिन्तन गर्दैन, लक्ष्यविहीन भएकाले तत्कालीन कुरामा केन्द्रित छ । रेडियोहरूमाथि त्यही भएको हो" (राजेन्द्र दाहाल २०६२) ।

समग्रमा, स्वतन्त्र एफएममा समाचार रोक्ने, शाही सेनालाई एफएम स्टेसन सञ्चालन गर्नका लागि लाइसेन्स दिने लगायतका असफल काम राष्ट्रलाई जंगली सभ्यतामा पुर्‍याउने कुकृत्य थियो (पुरुषोत्तम दाहाल २०६२ : ३६) । पत्रपत्रिका, टेलिभिजन, अनलाइन लगायतका माध्यमबाट यसको व्यापक विरोध गरियो । निजी क्षेत्रद्वारा सञ्चालित टेलिभिजनले रेडियोको आन्दोलनलाई व्यापक ऊर्जा पुग्ने गरी सामग्री प्रसारण गरे । अभिलेखनमा रहेको समस्या र जटिलताका कारण त्यस्ता सामग्रीहरूलाई यहाँ उद्धृत गरेर पस्कन नसकिएको भए पनि पत्रपत्रिकामा देखिएको प्रवृत्ति नै अनलाइन र टेलिभिजनमा पनि देखिएको थियो । रेडियोको पक्षमा 'ब्लग' हरू खोलेर दमन र प्रतिरोधलाई विश्वव्यापीकरण समेत गरिएको थियो ।

### *अधिकार पक्षधर*

रेडियोको स्वतन्त्रता आम नागरिकको स्वतन्त्रतासँग गाँसिएको हुन्छ भने यसको स्वतन्त्रता समाप्त हुँदा नागरिकको स्वतन्त्रता पनि बाँकी रहेको हुँदैन । माघ १९

---

[४] २०६२ मङ्सिर १३ गते *बीबीसी* नेपाली सेवालाई संक्षिप्त अन्तर्वार्ता दिँदै ।

पछि सिंगो राज्य नै निरंकुशताको जाँतोमा पिसिन थाल्दा सुरुका दिनमा स्वतन्त्र रेडियोका पक्षमा आवाज उठाउनेहरूको संख्या निकै न्यून थियो । तर क्रमशः विभिन्न पेशा र क्षेत्रसँग सम्बन्धित व्यक्तिहरू यसको पक्षमा सशक्त रूपमा देखा परे । ती सबैको बारेमा विस्तृत रूपमा चर्चा गर्न यहाँ सम्भव छैन । त्यसैले प्रवृत्तिगत रूपमा मूलतः कानुन व्यवसायी, विभिन्न पेशागत समुदाय, नागरिक समाजका विभिन्न संघ संगठन तथा व्यक्तिहरू, अधिकारकर्मीहरू र राष्ट्रका विशिष्ट व्यक्तित्वहरूको समर्थनलाई समेट्न कोसिस गरिएको छ ।

*कानुन व्यवसायी*

विभिन्न पेशाकर्मीहरूबीच कानुन व्यवसायीहरूको भूमिका समग्र प्रेस स्वतन्त्रता र त्यसमा पनि स्वतन्त्र रेडियोहरूको आन्दोलनमा सर्वाधिक सक्रिय एवं प्रभावकारी रह्यो । कानुन व्यवसायी व्यक्ति र संस्थाहरूले रेडियो सञ्चालकहरूको मनोबल बढाउनेदेखि रेडियोको पक्षमा सार्वजनिक रूपमा बोल्ने-लेख्ने, कानुन र संविधानको विज्ञका रूपमा राय दिने, विभिन्न कार्यक्रमहरू आयोजना गर्ने, अदालतमा चलेका मुद्दाहरूमा रेडियोको पक्षबाट बहस पैरवी गर्ने र सडक आन्दोलनहरूमा सक्रिय सहभागिता जनाउने जस्ता काम गरे । नेपाल बार एसोसिएसनले संस्थागत रूपमै सञ्चारकर्मीका व्यावसायिक हकहितका मुद्दामा निःशुल्क कानुनी सेवा दिने काम गऱ्यो । एउटै मुद्दामा पनि ठूलो संख्यामा वकिलहरूले बहस पैरवी गरिदिनु उल्लेखनीय पक्ष थियो । यसका साथै कानुन व्यवसायीहरू सञ्चारसम्बन्धी रिट निवेदन लिएर आफैं निवेदकको रूपमा समेत अदालत पुगेका थिए ।

स्वतन्त्र रेडियो बचाऊ आन्दोलन गठन गर्ने भेलामा नै बार एसोसिएसनका अध्यक्ष शम्भु थापाले रेडियोले सरकारी चुनौतीको सामना गर्दै समाचार प्रसारण गर्दै जानुपर्ने राय दिनुभएको थियो । शाही आदेशको उल्लंघन गरेर समाचार बजाउन थालेपछि कानुनी प्रक्रिया अघि बढ्दै जाने र त्यसक्रममा बार एसोसिएसनले आवश्यक भूमिका निर्वाह गर्ने आश्वासन दिएर अवज्ञा आन्दोलन नै थाल्नुपर्ने रायसमेत उहाँले दिनुभएको थियो । त्यसअघि नै पनि कानुन व्यवसायीहरूले राज्यका विरुद्ध पत्रकारले मुद्दा लड्नु परेको खण्डमा निःशुल्क कानुनी सहयोग गर्ने वचन विभिन्न मञ्चहरूमा दिइसकेका थिए ।[५] नेपाल पत्रकार महासंघसँग त नेपाल बार एसोसिएसनले त्यस किसिमको संस्थागत सम्बन्ध नै कायम गरिसकेको थियो ।

---

[५] उदाहरणका लागि :- नेपाल पत्रकार महासंघ, कास्की शाखाको आयोजनामा २०६१ चैत १० गते पोखरामा आयोजित 'प्रेस स्वतन्त्रताको लागि शान्ति र प्रजातन्त्र' विषयक अन्तरसंवाद कार्यक्रम ।

२०६२ जेठ २५ गते केही रेडियो पत्रकारसहित आधा सय जति पत्रकारलाई सरकारले काठमाडौँमा गिरफ्तार गरेर थुनेपछि बार एसोसिएसनले भर्त्सना गर्दै रिहाइको माग मात्र गरेन; रिहा नगरे ऐक्यबद्धताका साथ आन्दोलनमा उत्रिने चेतावनीसमेत दियो। पुनरावेदन अदालत बार एसोसिएसन, पाटनको २०६२ साउन २३ गते भएको ११ औँ वार्षिक साधारण सभाले एफएम रेडियोमा समाचार प्रसारणका लागि व्यवस्था मिलाउन सरकारसँग माग गर्दै विशेष प्रस्ताव नै पारित गऱ्यो।

कानुन व्यवसायीहरूले सञ्चार जगत्‌लाई नागरिकको सुसूचित हुन पाउने अधिकारको पक्षमा संघर्ष गर्न सदैब उत्प्रेरणा दिइरहे। उनीहरूले सञ्चार अध्यादेशविरोधी आन्दोलनको क्रममा सर्वोच्च अदालतमा जान र सडक आन्दोलन गर्नसमेत सुझाव दिए। पत्रकार महासंघ र बार एसोसिएसनबीच असोज ३१ गते भएको छलफलमा बारका अध्यक्ष शम्भु थापाले यस्तो सुझाव दिनुभएको थियो भने कानुनमन्त्री भइसकेका अधिवक्ता सुवास नेम्वाङको पनि यही भनाइ थियो। अझ वरिष्ठ अधिवक्ता राधेश्याम अधिकारीले त कानुनी र सडक संघर्षसँगै अन्तर्राष्ट्रिय जनमतसमेत सिर्जना गर्नुपर्ने राय दिनुभयो। बारका उपाध्यक्ष शेरबहादुर के.सी., अधिवक्ताहरू श्रीहरि अर्याल, इन्द्र लोहनी, हरिकृष्ण कार्की आदिले खुलेर आन्दोलनको आह्वान र अध्यादेशको विरोध गर्नुले सञ्चार जगत्‌लाई हौसला मिलेको थियो। स्वतन्त्र रेडियो बचाऊ आन्दोलनको असारमा भएको बुढानीलकण्ठ सम्मेलनमा अधिवक्ताहरू भीमार्जुन आचार्य र माधवकुमार बस्नेतको प्रस्तुतिले राजाको आदेश उल्लंघन गर्ने साहस बढाउन उत्तिकै महत्त्वपूर्ण भूमिका निर्वाह गरेको थियो।

यस सिलसिलामा कानुन व्यवसायीहरूले न्यायक्षेत्रलाई नै घच्घच्याउने काम पनि गरेका थिए। बार अध्यक्ष थापाकै नेतृत्वमा केन्द्रीय पदाधिकारीहरू सहितको टोलीले प्रधानन्यायाधीशलाई भेटेर राष्ट्रिय महत्त्वका विषयमा अदालती सक्रियता देखाउन आग्रह गरेको थियो। सरकारका असंवैधानिक क्रियाकलापलाई अदालतले विना हिच्किचाहट रोक्नुपर्ने उनीहरूको सुझाव थियो (बस्नेत २०६२ग)।

सञ्चार अध्यादेशसम्बन्धी मुद्दामा सर्वोच्च अदालतले अन्तरिम आदेश नदिएपछि कानुन व्यवसायीहरू आक्रोशित भए। त्यही भावनाको प्रतिनिधित्व गर्दै बार अध्यक्ष शम्भु थापाले प्रधानन्यायाधीश र अन्य न्यायाधीशले बुद्धि र विवेक बन्दकी राखेर सो फैसला गरेको आरोप लगाउँदै भन्नुभयो– 'यसले न्यायपालिकामाथिको विश्वासमाथि संकट थपेको छ।'[६]

---

६ २०६२ कात्तिक २६ गते रिपोर्टर्स क्लबमा आयोजित साक्षात्कर कार्यक्रममा।

उक्त निर्णयप्रति असहमति जनाउँदै उनीहरूले हातमा कालोपट्टी बाँधी २०६२ कात्तिक २७ गते एक घण्टा सर्वोच्च अदालतको मूलगेटअघि धर्ना समेत दिएका थिए । उपत्यकाका तीनओटै जिल्लाका बार एसोसिएसनद्वारा आयोजित सो कार्यक्रममा 'न्यायपालिको स्वतन्त्रता र गरिमाको संरक्षणको लागि' लेखिएको ब्यानरसहित सयौं कानुन व्यवसायी सहभागी भएका थिए। नेपाल बारका अध्यक्ष शम्भु थापाले सो अवसरमा भन्नुभयो- संविधानको रक्षाका लागि विरोध गरेको हो, अधिकार खोसेको ठीक छ भन्नेहरूका विरुद्ध धर्ना दिइएको हो । उहाँको भनाइ थियो– 'सिङ्गो न्यायालयप्रति होइन, जो नागरिक अधिकार खोसिँदा पनि चुप लागेर बसे, उनीहरूका विरुद्ध हाम्रो विरोध हो' (राजधानी २०६२छ) ।

अन्तरिम आदेश नदिइएको विषयलाई लिएर बारले मुलुकभरका अदालत मङ्सिर १ गते बहिष्कार गर्ने कार्यक्रम समेत राखेको थियो । यस्तो विरोध नेपालको न्यायिक इतिहासमै पहिलोपटक हुने थियो । तर कात्तिक २९ गते प्रधानन्यायाधीश दिलीपकुमार पौडेलसँग बार एसोसिएसनका पदाधिकारीहरूको तीन घण्टा लामो वार्तापछि सो कार्यक्रम भएन । अदालत र बारको नेतृत्वले एउटा संयुक्त वक्तव्यमार्फत संवैधानिक सर्वोच्चता, कानुनको शासन र जनताको मौलिक अधिकारप्रति पूर्ण प्रतिबद्धता जनाएपछि कार्यक्रम फिर्ता भएको थियो ।[७]

अदालत बहिष्कार गर्ने बारको कार्यक्रमको कानुन व्यवसायीहरूबाटै विरोध नभएको पनि होइन । अधिवक्ता विष्णु भट्टराई लगायत दुई दर्जनभन्दा बढी वकिलहरूले वक्तव्य जारी गरी उक्त कार्यक्रम कानुन व्यवसायी आचारसंहिता तथा न्यायका मान्य सिद्धान्तहरूको बर्खिलाफ हुने बताउनु भयो । वक्तव्यमा भनिएको थियो– 'मुद्दामा भएको निर्णय मान्न मुद्दाका पक्षधर मान्न बाध्य हुन्छन् । निर्णय मान्ने र नमान्ने विषय ऐच्छिक हुने हो भने कानुनी राज्यको अवसान हुन्छ ।' उहाँहरूले निर्णयमा असहमत हुन सकिने तर अवज्ञा गर्न व्यावसायिक मर्यादाको प्रतिकूल हुने पनि स्मरण गराउनुभएको थियो । तर, यसमा पनि प्रस्ट राजनीतिक भावना थियो । पत्रकारहरूको वृत्तमा देखिएकै प्रवृत्ति यहाँ पनि देखिएको थियो । अदालतले अन्तरिम आदेश नदिएकोमा सरकारपक्षीय राष्ट्रिय पत्रकार महासंघले त्यसलाई स्वागत गरेको थियो । सो महासंघकी कार्यवाहक अध्यक्ष जसुदा प्रधानले वक्तव्य निकालेर अदालती आदेशको विरोध गर्नेहरूलाई 'अप्रजातान्त्रिक संस्कार त्यागन' अपिल गर्नुभएको थियो ।

---

७ वक्तव्यमा नेपाल बार एसोसिएसनका तर्फबाट महासचिव माधव बास्कोटा र सर्वोच्च अदालतका तर्फबाट रजिष्ट्रार डा. रामकृष्ण तिमल्सेनाले हस्ताक्षर गर्नुभएको थियो ।

कानुन व्यवसायी र पत्रकारमा भिन्नता संगठनको मात्र थियो । सरकारपक्षीय पत्रकारहरूले नेपाल पत्रकार महासंघलाई चुनौती दिँदै अर्को महासंघ गठनको घोषणा गरिसकेका थिए भने सरकारको समर्थन गर्ने कानुन व्यवसायीहरूले बेग्लै संगठन खडा गरेका थिएनन् ।

*पेशागत समुदाय*

प्राध्यापक, शिक्षक, चिकित्सक, इञ्जिनियर आदि विभिन्न पेशा र व्यवसायसँग सम्बद्ध व्यक्ति तथा संघसंस्थाले रेडियो अधिकारको आन्दोलनमा पर्याप्त नैतिक सहयोग तथा ऐक्यबद्धता जनाए । त्यसमा पनि पत्रकार महासंघ र बार एसोसिएसन सहित उक्त चारओटै पेशाका पेशागत संगठनहरूको साझा मञ्च 'शान्ति र प्रजातन्त्रका लागि पेशागत सहकार्य (पापड)' को भूमिका महत्त्वपूर्ण रह्यो । पापडको गठन माघ १९ को शाही कदमभन्दा अगाडि नै भइसकेको थियो र यसले पेशागत आन्दोलनको नेतृत्व गर्दै आएको थियो ।

२०६१ चैत ३ गते मुख्य सचिवमार्फत श्री ५ को सरकारसमक्ष ज्ञापनपत्र बुझाइँदा पापडले ऐक्यबद्धता जनाएको थियो । २०६२ जेठ १६ गते रेडियोकर्मीहरूले सरकारको सद्बुद्धिका लागि धार्मिक स्थलहरूमा प्रार्थना गर्दा विभिन्न पेशागत संघ संगठन सहभागी भएका थिए । जेठ १८ गते सरकारलाई संविधानको किताब र नबज्ने रेडियो पठाउने कार्यक्रममा पनि उनीहरू सहभागी भए । जेठ २१ गते 'शान्तिका लागि रेडियो' को नारा लेखिएको ब्यानरसहित देशव्यापी रूपमा मैनबत्ती बाल्ने काम पनि उनीहरूको सहभागितामा सम्पन्न भएको थियो ।

एफएम रेडियोमा समाचार प्रसारणमा लगाइएको बन्देज फुकुवा गर्न माग गर्दै जेठ २३ गते नेपाल उद्घोषक संघ, कास्कीले रेडियो बचाऊ आन्दोलनप्रति ऐक्यबद्धता जाहेर गऱ्यो । जेठ २५ गते काठमाडौँमा भएको पत्रकारहरूको गिरफ्तारीको नेपाल बार एसोसिएसन लगायत विभिन्न पेशागत संघसंस्थाले विरोध गरे । प्रेस जगत्माथि गरिएको दमनको विरोधमा विभिन्न २० संगठनले जेठ २६ गते एउटा भेला नै गरेर ऐक्यबद्धता जनाए । 'अभिव्यक्ति स्वतन्त्रता कोष' खडा गर्नका लागि उनीहरूले देखाएको ऐक्यबद्धता अनुपम थियो । भेलाकै निर्णयअनुसार स्वतन्त्र सञ्चारमाध्यममाथि सरकारले लगाएको नाकाबन्दीका विरुद्ध जेठ २८ गते काठमाडौँको बानेश्वरलगायत देशका विभिन्न ठाउँमा विरोध सभा भए ।

जेठ ३१ गते स्वतन्त्र रेडियोहरूको भूमिका र अवस्थाका विषयमा पेशागत संघ संगठनका प्रतिनिधिहरूकै सहभागितामा विभिन्न ठाउँमा विचार गोष्ठी

भयो । स्वतन्त्र रेडियोलाई राज्यको आक्रमणबाट बचाएर अगाडि बढ्ने उपायका विषयमा पेशागत क्षेत्रको राय संकलन गर्ने काम समेत गोष्ठीबाट सम्पन्न भएको थियो ।

सरकारले सञ्चार अध्यादेश जारी गरेपछि पेशागत क्षेत्र सम्पूर्णरूपमा त्यसका विरुद्ध उत्रियो । नेपाल प्राध्यापक संघले मुलुक जनप्रतिनिधिविहीन रहेको बेला बडा दशैँको मौका छोपी अध्यादेश ल्याउनुलाई 'कुटिल चाल'को संज्ञा दियो र यसबाट अन्तर्राष्ट्रिय महासन्धिहरूको उपहास भएको टिप्पणी गऱ्यो ।[८] संघले अध्यादेश तुरुन्त फिर्ता नलिए सशक्त आन्दोलनमा उत्रिने र यसविरुद्ध हुने जुनसुकै आन्दोलनमा पनि सहभागिता जनाउने घोषणा गऱ्यो ।

२०६२ कात्तिक ३ गते बसेको पापडको बैठकले सञ्चार अध्यादेश खारेज नभएसम्म पत्रकार महासंघको आन्दोलनमा ऐक्यबद्धता जनाउने निर्णय लियो । पापडका सदस्य छओटै संगठनहरूले छुट्टाछुट्टै पनि पत्रकारहरूको आन्दोलनमा सहभागिता जनाउने निर्णय सार्वजनिक गरिसकेका थिए। कात्तिक ३ गते नै रुपन्देहीमा क्रियाशील १६ ओटा संघसंस्थाले संयुक्त विज्ञप्ति निकालेर अध्यादेश खारेज गर्न दबाब दिए। *कान्तिपुर एफएम*मा हमला भएपछि पूर्वी नेपालको व्यवसायी जगत्ले पनि सो हमलालाई गलत ठहर गऱ्यो (कान्तिपुर २०६२य) । आन्दोलनका क्रममा भएको आम गिरफ्तारी र नागरिक अधिकारमाथि सरकारले गरेको हस्तक्षेपका विरुद्ध पापडद्वारा २०६२ माघ २३ गते विरोध कार्यक्रम गरियो ।

चैत २३ गते बिहान काठमाडौँको नयाँ बानेश्वर चोकदेखि माइतीघर मण्डलसम्म भएको ऱ्यालीमा सबै पेशागत संगठनहरूको सहभागिता थियो । त्यस बेला पक्राउ पर्नेहरूमा पत्रकारहरूका अतिरिक्त नेपाल बार एसोसिएसनका अध्यक्ष शम्भु थापा, उपाध्यक्ष शेरबहादुर के.सी. र महासचिव माधव बास्कोटा, प्राध्यापक संघका अध्यक्ष भूपति र प्राध्यापकहरू महेन्द्रभूषण थापा, कुसुमाकर न्यौपाने र कृष्ण खनाल, चिकित्साकर्मीहरू महेश मास्के, केदारनरसिंह के.सी. र मधु घिमिरे, चलचित्रकर्मीहरू नीलहरि काफ्ले र होम सुवेदी आदि हुनुहुन्थ्यो ।

उक्त दमनको विरोधमा त्यसै दिन पत्रकार महासंघले काठमाडौँको न्यूरोडमा शान्तिपूर्ण विरोध ऱ्याली र सभा आयोजना गऱ्यो । त्यसमा सहभागी रहेका अपाङ्ग संघर्ष समितिका गोविन्द आचार्य, ध्रुव न्यौपाने, रुक्माङ्गत न्यौपाने, भोजराज श्रेष्ठ र दिपक कोइराला समेत अरू सँगसँगै पक्राउ पर्नुभयो ।

---

[८] नेपाल प्राध्यापक संघका महासचिव रामेश्वर उपाध्यायद्वारा जारी विज्ञप्ति ।

चैत ३० गतेसम्म आइपुग्दा कर्फ्यू अवज्ञा गर्नका लागि विरोध प्रदर्शन गर्न थालियो । पापडले पोखरामा गरेको विरोध प्रदर्शनमा प्रहरीले हस्तक्षेप गरी रेडियो पत्रकारसमेत रहेका महासंघका उपसभापति गंगाधर पराजुलीसहित २१ जना पत्रकारलाई पक्राउ गऱ्यो । यसपछि, चौतर्फी सरकारी दमनको विरोध र जनआन्दोलनको पक्षमा महासंघको संयोजनमा पापडको एकीकृत कार्यक्रमअन्तर्गत २०६३ वैशाख ७ गते चक्रपथ घेराउ तथा प्रदर्शनमा काठमाडौँ उपत्यकामा रहेका सञ्चारकर्मी, स्तम्भकार, सञ्चारसम्बन्धी संघसंस्था, सञ्चारमाध्यम र संस्थाहरूमा कार्यरत कर्मचारी तथा प्राविधिक, लेखक, कलाकार, आमसञ्चारका प्राध्यापक, शिक्षक तथा विद्यार्थीहरू, मानवअधिकारकर्मी, नागरिक आन्दोलन र समाजका व्यक्तिहरू, पापडमा आबद्ध संस्थाका सदस्यहरूलगायत विचार र अभिव्यक्ति स्वतन्त्रता पक्षधरहरूको व्यापक सहभागिता थियो । यसरी प्रेस स्वतन्त्रतासँग गाँसिएका सवालहरू मुलुकको राजनीतिक रूपान्तरणका लागि चलिरहेको आन्दोलनसँग एकाकार हुन पुगेका थिए ।

### *नागरिक सरोकार*

खुला समाजमा विश्वास गर्ने बौद्धिक वर्ग र नागरिक समाज स्वतन्त्र सञ्चारको वकालत गर्दै निकै सशक्तताका साथ रेडियोको पक्षमा उभिए । बौद्धिक समुदायले 'प्रेस स्वतन्त्रता भन्नु नै आम नागरिकको स्वतन्त्रता' हो भन्ने कुरामा सर्वसम्मति व्यक्त गऱ्यो ।[९] नागरिक समाजले आमसञ्चारको स्वतन्त्रताका साथै रेडियोको अधिकारका पक्षमा पनि उत्तिकै जोडतोडले समर्थन जनायो । बौद्धिक वर्ग र नागरिक समाज दुवैले औपचारिक छलफल र गोष्ठीदेखि सडकसम्म नै आन्दोलनमा सक्रिय ऐक्यबद्धता प्रदर्शन गरे ।

२०६२ असार १ गते स्वतन्त्र रेडियो बचाऊ आन्दोलनको अनुरोधमा कलाकारहरूले गीतसंगीतको कार्यक्रम प्रस्तुत गरे । नेपाली संगीतजगत्को व्यावसायिकता र कलाकारहरूको लोकप्रियतामा एफएम रेडियोले पुऱ्याएको योगदानलाई आत्मसात् गर्न नसकेकोले हुनुपर्छ, यसरी आन्दोलनमा सहयोग पुऱ्याउने कलाकारको संख्या भने कम थियो ।

---

[९] नेपाल पत्रकार महासंघले २०६१ चैत ७ गते काठमाडौँमा आयोजना गरेको 'शान्ति र प्रजातन्त्रका लागि प्रेस स्वतन्त्रता' विषयक छलफल कार्यक्रममा भाग लिँदै नेपाल प्राध्यापक संघ, नेपाल शिक्षक युनियन, मानवअधिकार तथा सञ्चार प्रतिष्ठान, नेपाल प्रेस इन्स्टिच्यूट, एमनेष्टी इन्टरनेशनल नेपाललगायतका संस्थाका प्रतिनिधिहरू र विशिष्ट व्यक्तिहरूको भनाइ ।

असार ३ गते भिन्नाभिन्नै धर्म र सम्प्रदायका अनुयायीहरूले शान्तिका लागि रेडियो भन्ने नाराका साथ साँझ माइतीघरस्थित मण्डलमा प्रार्थना गरे । विश्व शान्ति विहारका भिक्षु कौडिन्य, भिक्षु उदयभद्र लगायतले बौद्ध परम्पराअनुसार, विद्युतीय धार्मिक सञ्चार मञ्चका महासचिव जनार्दन घिमिरेले हिन्दू परम्पराअनुसार र एनसीएफ नेपालका महासचिव पास्टर डा. सिमोन पाण्डे र उहाँका सहयोगीले ईसाई परम्पराअनुसार स्वतन्त्र रेडियोले बिना हस्तक्षेप जनताको आवाज प्रसार गर्न पाओस् भन्दै प्रार्थना गर्नुभयो ।

असार ४ गते आर्ट काउन्सिल, बबरमहलमा नागार्जुन साहित्य प्रतिष्ठानले 'शुभप्रभात काव्य गोष्ठी' गऱ्यो । त्यसै दिन 'साहित्य सन्ध्या' को कवि गोष्ठीमा पनि स्वतन्त्र रेडियोको आन्दोलनप्रति ऐक्यबद्धता प्रकट गरियो ।

असार ५ गते काठमाडौँमा हास्यव्यंग्यकारहरूले सरकारप्रति हास्य र व्यंग्यको झटारो प्रहार गरे । सो अवसरमा कलाकार मनोज गजुरेलले प्यारोडी, टुक्का तथा कविताका माध्यमबाट, थरेन्द्र बराल, मनोज हमाल र टीका लामिछानेले प्यारोडीका माध्यमबाट, कवि अर्जुन पराजुली, आनन्दराम पौडेल, हरिगोविन्द लुइँटेलसँगै डा. अरूणा उप्रेती र प्रेम सिलवालले कविताका माध्यमबाट व्यंग्य प्रहार गर्नुभएको थियो । 'बाल भविष्यका लागि रेडियो' भन्ने नाराका साथ असार ७ गते सडक बालबालिकालाई भोजन गराउने कार्यक्रमले रेडियो आन्दोलनतर्फ सामाजिक क्षेत्रको पनि ध्यानाकर्षण गरायो ।

असार ३० गते स्वतन्त्र रेडियोहरूले समाचार बजाउन पाउनुपर्छ कि पर्दैन भन्ने विषयमा सार्वजनिक स्थलमा गरिएको मतदानमा नागरिक समाजको तर्फबाट सहयोगीको भूमिका निर्वाह भयो । आम नागरिकले मतदान गरेर 'एफएममा समाचार चाहिन्छ' भन्ने पक्षमा आफूलाई उभ्याए । यो प्रयास रेडियो समाचारको लोकप्रियता मापनको प्रभावकारी एवं लोकतान्त्रिक विधि थियो ।

यस क्रममा रेडियो स्वतन्त्रताको समेत पक्षमा पत्रकार महासंघले हस्ताक्षर संकलन अभियान पनि चलाएको थियो । साउन २६ गते बाँकेमा प्रेस क्लब अफ कोहलपुरको कार्यालय उद्घाटन समारोहमा पेशागत संघ संगठन, कानुन व्यवसायीका अलावा उद्योगी, व्यापारी, सामाजिक संघसंस्था र नागरिक समाजका व्यक्तिहरूले रेडियो स्वतन्त्रता आन्दोलनप्रति ऐक्यबद्धता जाहेर गरेका थिए ।

कात्तिक ४ गते आमसञ्चारकर्मी र नागरिक स्वतन्त्रताका पक्षधरहरूले अध्यादेशको विरोधमा देशव्यापी प्रदर्शन गरे । काठमाडौँमा बानेश्वरदेखि माइतीघर मण्डलसम्म ऱ्याली र सभा सम्पन्न भयो ।

कात्तिकको सुरुमा *कान्तिपुर एफएम*माथि सरकारले हमला बोलेपछि नागरिकहरूले रेडियो स्टेसनलाई घेरेर सुरक्षा दिए । नागरिक समाजका वरिष्ठ व्यक्तित्व र मानवअधिकारकर्मीहरूले त्यहाँ उपस्थित भएर सरकारी ज्यादतीको विरोध र रेडियो स्वतन्त्रताको पक्षमा विचार व्यक्त गरेका थिए । यो क्रम *रेडियो सगरमाथा*मा लुटपाट भएको बेलामा पनि प्रभावकारी रूपमा देखा परेको थियो । *नेपाल एफएम*लाई बन्द गर्ने सरकारी धम्कीपछि त एफएमकै कार्यालयबाट विरोध जुलुस निकालिएको थियो जसको नेतृत्व नागरिक समाजका अगुवा डा. मथुराप्रसाद श्रेष्ठले गर्नुभएको थियो ।

स्वतन्त्र रेडियोप्रतिको अभूतपूर्व जन समर्थन कात्तिक ११ गते काठमाडौँ उपत्यका बन्दका रूपमा प्रकट भयो । बन्दलाई नागरिक समाज मात्र नभएर पेशागत संघ संस्थाहरूले पनि समर्थन गरेका थिए । कात्तिक २७  गते गरिन लागेको नागरिक प्रदर्शनको प्रचारप्रसारका लागि स्वयं नागरिक आन्दोलनमा संलग्न व्यक्तिहरूले सहरभरि पर्चा बाँड्ने लगायतका काम गरे । पर्चामा भनिएको थियो– "आधाभन्दा बढी जनता शिक्षाबाट वञ्चित बनाइएको हाम्रो जस्तो मुलुकमा एफएम रेडियोहरूबाट समाचार सुन्न पाएर बहुसंख्यक सर्वसाधारण जनता सुसूचित र सचेत भइरहेका छन् । तर सर्वसाधारण जनता निरन्तर सचेत र सुसूचित हुन थालेको कुरा राजाको निरंकुश सत्तालाई सह्य भएन । यही कारणले समाचार प्रसारण गरेवापत राजाको सरकारले हालै मध्यरातमा *कान्तिपुर एफएम*माथि डकैती गरी सञ्चार उपकरण लुटेको घटना जगजाहेर छ । यो अध्यादेश कायम रहे वास्तविक नेपाली जनताका सूचनाको सम्वाहक एफएम रेडियोहरूले समाचार प्रसारण गर्न नपाउने प्रस्टै छ ।"

कात्तिक २७ का दिन स्वतन्त्रताप्रेमी नागरिकहरूको ठूलो समूह काठमाडौँको त्रिपुरेश्वरमा जम्मा भएर विशाल ऱ्यालीका रूपमा नयाँ बानेश्वर चोकसम्म पुग्यो । नागरिक आन्दोलनमा लागेका व्यक्तिहरूले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता र रेडियोबाट समाचार प्रसारणको पक्षमा बोल्नु भयो भने कलाकारहरू रामेश, रायन, रामकृष्ण दुवाललगायतले 'हामी जित्ने छौँ एक दिन...' लगायत जोसिला गीत-संगीत प्रस्तुत गर्नुभयो । त्यस दिन नयाँ बानेश्वर चोकलाई 'लोकतान्त्रिक चोक' नामकरण गरियो । जुलुसमा स्वतन्त्र रेडियो बजाउनुपर्ने कारणहरू, स्वतन्त्र रेडियो समाप्त गरेपछिका पीडा झल्किने तस्वीरहरू र तुलहरू प्रदर्शन गरिएका थिए भने विशाल आकारको नमूना स्वतन्त्र रेडियो बनाएर ट्रकमाथि राखिएको थियो (कान्तिपुर २०६२र) ।



प्रेस र अभिव्यक्ति स्वतन्त्रताको पक्षमा गोलबन्द होऔं
सञ्चार अध्यादेशको विरोध गरौं

कार्तिक २७ को एकताबद्ध नागरिक प्रदर्शनमा सहभागी बनौं

संविधान, कानून र आफैले हस्ताक्षर गरेको अन्तर्राष्ट्रिय सन्धि संभौता समेतलाई हुकुमले संसोधन गर्ने र तोड्ने दुष्प्रयत्न गर्दै राजाले हालै संचार अध्यादेश-२०६२ जारी गरेका छन्। सत्तामा बसेकाहरुले जे जस्तो अपराध, भ्रष्टाचार, बदमासी र मनपरी गरे पनि पत्रपत्रिका, एफएम रेडियो र टिभीहरुले त्यस बारेका समाचार दिन नसकून् र सर्वसाधारण जनताले सत्य कुरा थाहा पाउन नसकून् भन्ने धृष्टता यो अध्यादेशले राखेको छ। सत्ता चलाउनेहरुलाई जनताको अंकुश, आलोचना र विरोधबाट बचाउनका लागि, सार्वभौम जनताको बोल्ने, लेख्ने, छाप्ने जस्ता नैसर्गिक नागरिक हकहरु खोसेर लिनका लागि र यो मुलुकलाई अपराधी, भ्रष्टाचारी, लुटाहा र घुसाहाहरुको स्वर्ग बनाउनका लागि नै यो अध्यादेश ल्याइएको प्रष्ट भइसकेको छ ।

आधाभन्दा बढी जनता शिक्षाबाट बञ्चित बनाइएको हाम्रो जस्तो मुलुकमा एफएम रेडियोहरुबाट समाचार सुन्न पाएर बहुसंख्यक सर्वसाधारण जनता सुसूचित र सचेत भइरहेका छन। तर सर्वसाधारण जनता निरन्तर सचेत र सुसूचित हुन थालेको कुरा राजाको निरंकुश सत्तालाई सैह्य भएन। यही कारणले समाचार प्रसारण गरेवापत राजाको सरकारले हालै मध्यरातमा कान्तिपुर एफएममाथि डकैती गरी संचार उपकरण लुटेको घटना सबैका सामु जगजाहेर छ। यो अध्यादेश कायम रहे वास्तविक नेपाली जनताका सूचनाको सम्वाहक एफएम रेडियोहरुले समाचार प्रसारण गर्न नपाउने प्रष्टै छ। पत्रपत्रिकाहरुमाथि जुनसुकै बेला पनि प्रतिवन्ध लगाउन सक्ने अवस्था सिर्जना हुदैछ।

स्वतन्त्र प्रेस लोकतन्त्र र नागरिक समाजको आधारशीला हो, प्रवक्ता हो । लोकतन्त्रको यो आधारशीला समाप्त पार्ने षड्यन्त्र नेपाली नागरिकलाई कदापी मंजुर छैन। तसर्थ जनताको आँखा, कान र मस्तिष्कमा ताला लाउन खोज्ने यो अन्धकारमुखी संचार अध्यादेशको विरुद्धमा सबै पेशा, वर्ग तप्का र विचारका नागरिकहरु एकजुट भएर सडकमा उत्रनु अत्यावश्यक भइसकेको छ। यही उद्देश्यले आउदो कार्तिक २७ गते २ बजे काठमाण्डौंमा यसका विरुद्धमा विशाल एकताबद्ध नागरिक प्रदर्शन हुदैछ। त्यसमा तोकिएका नाराहरुयुक्त प्लेकार्ड र व्यानरहरु सहित सहभागी भई दिनुहुन हामी सबै लोकतन्त्रप्रेमी नागरिकहरुलाई हार्दिक आह्वान गर्दछौं।

मिति – २०६२ कार्तिक २७ आइतबार
सुरु हुने स्थान – त्रिपुरेश्वर, काठमाडौं
अन्त्य हुने स्थान – लोकतन्त्र चोक, नयाँ वानेश्वर
साथमा रामेश, रायन, रामकृष्णाका गीत तथा सडक समाचार

**तोकिएका नाराहरु**

प्रतिगामी संचार अध्यादेश – खारेज गर
अभिव्यक्ति स्वतन्त्रता – जिन्दावाद
जनताको सुसूचित हुने हक – वहाल गर
एफएममा समाचार – बज्नै पर्छ
लोकतन्त्र – जिन्दावाद
निरंकुशतन्त्र – मूर्दावाद

*देवेन्द्रराज पाण्डे*
लोकतन्त्र र शान्तिका लागि नागरिक आन्दोलन

*विष्णु निष्ठुरी*
नेपाल पत्रकार महासंघ

*रघु मैनाली*
स्वतन्त्र रेडियो बचाऊ आन्दोलन

तस्वीर ४ : नागरिक प्रदर्शनमा सहभागी हुन आह्वान गर्दै वितरण गरिएको पर्चा ।

### *मानवअधिकारकर्मी*

माघ १९ पछि साढे तीन महिनाभन्दा बढी मानवअधिकारकर्मीहरूको ध्यान स्वतन्त्र रेडियोमाथि परेको संकटतर्फ आकर्षित भएन । २०६१ चैत ३ गते मानवअधिकार तथा शान्ति समाजले निकालेको एउटा प्रेस विज्ञप्तिमा एफएमहरूमा समाचार प्रसारणमाथि लगाइएको रोक खारेज गर्ने माग समेटिएको थियो । तर त्यो पत्रकारकै नेतृत्वमा रहेको संस्था भएकाले मात्र वक्तव्यमा यसतर्फ ध्यान पुऱ्याइएको प्रतीत हुन्थ्यो । नत्र, अन्तर्राष्ट्रिय सम्बन्धका साथै व्यापक पहिचान बनाएका, विदेशी दातृसंस्थाको सहयोगमा ठूलाठूला परियोजना सञ्चालन गरिरहेका र व्यापक नेटवर्क भएका सुपरिचित मानवअधिकारवादी संस्थाहरूको समर्थन रेडियोले जेठको पहिलो हप्तासम्म पनि पाएको थिएन । तर, ढिलै सुरु भए पनि उनीहरूको समर्थन आन्दोलनका लागि मनोबल बढाउने र अत्यन्त प्रभावकारी रह्यो ।

२०६२ जेठ ८ गते २५ ओटा मानवअधिकार संस्थाहरूले संयुक्त वक्तव्य निकालेर सञ्चार अध्यादेशको विरोध गरे । जबकि त्यतिखेरसम्म विधेयक जारी भएकै थिएन र सरकारी अधिकारीहरू यस्तो विधेयक आउन लागेकै होइन भनिरहेका थिए । अखबारमा छापिएको खबर र विवरणका आधारमा नै मानवअधिकारकर्मीहरूले त्यसको विरोध गरेका थिए ।

सरकारले *कम्युनिकेसन कर्नर* बन्द गर्न आदेश दिएपछि पनि ती २५ ओटै संस्थाहरूले 'मुलुकका सबै प्रजातान्त्रिक संरचना ध्वस्त बनाउने अभियान' भन्दै त्यसको निन्दा गरे । वक्तव्यमा उक्त संस्थाहरूको तर्फबाट सुबोधराज प्याकुरेल, डा. गोपालकृष्ण शिवाकोटी र शोभाकर बुढाथोकीले हस्ताक्षर गर्नुभएको थियो । सरकारी कदमबाट मानवअधिकारको विश्वव्यापी घोषणापत्र १९४८ र नागरिक तथा राजनीतिक अधिकार अभिसन्धि १९६६ को पनि अवहेलना भएको उल्लेख गर्दै वक्तव्यमा भनिएको थियो– सरकारको यो कार्यले देशमा कानुनी शासनको मान्यता समाप्त भइसकेको प्रस्ट पार्छ ।

उक्त संस्थाहरूका तर्फबाट गठन गरिएको 'मानवअधिकार बचाऔँ आन्दोलन-नेपाल' ले सञ्चार अध्यादेश जारी भएको पर्सिपल्ट असोज २५ गते प्रेस वक्तव्य निकालेर 'अधिनायकवादी सरकारको अस्वीकार्य अध्यादेश' भन्दै आपत्ति जनायो । उसले आफूलाई स्वतन्त्र रेडियोबाट समाचार प्रसारण गर्न पाउनुपर्ने पक्षमा उभ्याउनुका साथै अन्तर्राष्ट्रिय समुदायलाई नेपालमा मानवअधिकार, प्रेस स्वतन्त्रता र अभिव्यक्ति स्वतन्त्रता सुनिश्चित गर्ने समावेशी लोकतन्त्र स्थापनाको संघर्षमा साथ दिनका लागि सबैखाले सैनिक तथा औपचारिक विकास सहयोगहरू रोक्न र नेपालका शासकहरूलाई अन्तर्राष्ट्रिय मञ्चहरूमा उपस्थित हुन बन्देज लगाउन समेत आग्रह गरेको थियो ।

मानवअधिकारकर्मीहरूले सञ्चार अध्यादेशको वैधानिकतामाथि व्यापक तथा गम्भीर प्रश्नहरू उठाए । अध्यादेशले मानवका आधारभूत अधिकार नै हनन गरेको, रेडियोको समाचारमाथि बन्देजले नागरिकका विचार तथा अभिव्यक्ति स्वतन्त्रता र सूचनाको हकको उल्लंघन गरेको भन्दै राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा जनमत सिर्जना गर्ने काममा उनीहरूको महत्त्वपूर्ण भूमिका रह्यो । उनीहरूको समर्थनले पत्रकारहरूको उत्साह निकै बढाएको देखिन्थ्यो । रेडियो स्टेसनहरूमा सरकारले धावा बोल्दा, पत्रकारहरूलाई थुन्दा र अनावश्यक दबाब दिँदा उनीहरू घटनास्थलमा पुगेपछि सञ्चारकर्मीहरूमा नैतिक बल प्रसार हुने गर्दथ्यो ।

कात्तिक ३ गते सञ्चार अध्यादेशविरुद्ध उठेको जुलुसमा मानवअधिकारकर्मीहरू पूर्वको ताप्लेजुङदेखि पश्चिमको कञ्चनपुरसम्म सहभागी भए । उनीहरूले पत्रकार

जगत्को आन्दोलनलाई मानवअधिकार आन्दोलनसँग जोडेर हेरेका थिए । अझ उनीहरूले गरेको सबैभन्दा महत्त्वपूर्ण काम अनुगमनको रह्यो । आन्दोलनका विभिन्न कार्यक्रममा भएको प्रहरी हस्तक्षेप, पत्रकारहरूलाई थुनामा राखिएको अवस्था, रेडियोलगायत विभिन्न सञ्चारमाध्यममा भएको सरकारी ज्यादती आदिको उनीहरूले निरन्तर अनुगमन गरे । यसले ज्यादतीलाई रोक्न र अधिकारको थप उल्लंघन हुन नदिन महत्त्वपूर्ण भूमिका खेलेको थियो ।

नेपाल मानव अधिकार संगठनको संयोजन र नागरिक समाजको आह्वानमा सम्पूर्ण नागरिक अधिकार बहालीका निम्ति कात्तिक २३ गते नयाँ बानेश्वरमा उपवास कार्यक्रम भयो जसमा पत्रकारहरूका साथै नागरिक समाज र मावनअधिकारवादीहरूको सहभागिता थियो । सर्वोच्च अदालतले सञ्चार अध्यादेश विरुद्ध अन्तरिम आदेश नदिँदा मानवअधिकारकर्मीहरू आक्रोशित भएका थिए । त्यसबेला उनीहरू सर्वोच्च अदालतको 'प्रायोजित निर्णय' को आडमा सरकारले तानाशाही सत्ता टिकाउन आफू प्रतिकूलका समाचार बज्न नदिने दाउ रचेको तथा स्वतन्त्र न्यायालय समेत जनताका पक्षमा नउभिएको जस्ता टिप्पणी गर्नबाट पनि पछि हटेका थिएनन् (कान्तिपुर २०६२व) ।

राजाकै सरकारले गठन गरेको निकाय राष्ट्रिय मानवअधिकार आयोगले पनि एफएम रेडियोमाथि सरकारी हस्तक्षेपबारे चासो राखेको थियो । आयोगका सदस्यहरूले सञ्चार मन्त्रालय र सम्बन्धित सरकारी निकायलाई छलफलका लागि बोलाउने र समाचारमाथि प्रतिबन्धको कानुनी आधार र औचित्य सरकारसँग माग्ने अठोट व्यक्त गरेका थिए ।[१०] आयोग सदस्य सुशीला सिंह शिलुले सूचना र समाचारमूलक कार्यक्रम रोकिदा नागरिक समाजलाई समेत ठूलो मर्का परेको उल्लेख गर्नुभयो भने सदस्यहरू सुदीप पाठक र गोकुल पोखरेलले सर्वपक्षीय अध्ययनपछि आयोगले सरकारलाई संविधान र अन्तर्राष्ट्रिय मान्यताका आधारमा कडा निर्देशन दिने बताउनु भएको थियो । यद्यपि यस्तो 'कडा' निर्देशन दिइएको भने थाहा पाइएन ।

*कान्तिपुर एफएम*मा लुटपाट भएपछि आयोगले सञ्चारमन्त्री टंक ढकाललाई बोलाएर बयान लिएको थियो । त्यसबाहेक देशभरिका विभिन्न रेडियोहरू विभिन्न समयमा विभिन्न किसिमले बन्द गरिँदा भने कसैसँग पनि त्यस्तो बयान लिइएको

---

[१०] आयोगमा २०६२ असार ६ गते आयोजित छलफल कार्यक्रम । छलफलमा विभिन्न रेडियोकर्मी र प्रसारकहरूका साथै आयोगका तर्फबाट आयोगका पदाधिकारीहरू गोकुल पोखरेल, सुदीप पाठक, सुशीला सिंह शिलु र डा. रामदयाल राकेश छलफल कार्यक्रममा उपस्थित हुनुहुन्थ्यो ।

थिएन । मानवअधिकार अनुगमन गर्ने सिलसिलामा सडक आन्दोलनबाट पक्राउ परेका सञ्चारकर्मीहरूलाई थुनामा भेट्न र विवरण संकलन गर्न चाहिँ आयोगका कर्मचारी निकै नै पुग्ने गरेका थिए ।

एफएम रेडियोमाथि नियन्त्रण अन्त्य गरी सूचना एवं जानकारीमूलक सामग्री प्रसारण गर्न दिन आयोगले असार १३ गते सरकारलाई सिफारिश गरेको थियो । त्यस सिलसिलामा आमसञ्चार क्षेत्रलाई डर, त्रास र दबाबबाट मुक्त राख्न तथा स्वतन्त्र प्रेस र अभिव्यक्ति स्वतन्त्रताप्रति सम्मानपूर्वक व्यवहार गरी मानव अधिकारको पालनामा सघाउ पुऱ्याउन समेत आयोगले सबैलाई आह्वान गरेको थियो ।[११]

तर, 'समाचारमूलक' र 'सूचनामूलक' को चर्को विवाद चलिरहेको त्यो बेला समाचारमूलक सामग्रीबारे आयोगको मौनता शंकास्पद थियो । समाचार प्रसारण गर्न नदिन सरकारले अड्डी लिइरहेको अवस्थामा आयोगले सरकार र पत्रकार दुवैलाई थामथुम पारेर 'गाल टार्ने' बाटो रोजेको प्रतीत हुन्थ्यो । यद्यपि, रेडियोलाई 'विशुद्ध मनोरञ्जन' हुने खालका सामग्री मात्र प्रसारण गर्न राज्यले दबाब दिएको समयमा आयोगको बोली 'केही' उदारताको पक्षमा भएकोले पूरै नकारात्मक भने थिएन । यसका साथै, आयोगका सदस्यहरू गोकुल पोखरेल र सुदीप पाठकले रेडियोले समाचार प्रसारण गर्न पाउनुपर्ने अधिकारका पक्षमा सार्वजनिक रूपमा बोलिसक्नुभएको थियो ।[१२]

सरकारलाई उक्त सिफारिस पठाउनुभन्दा १० दिनअघि पनि आयोगले सञ्चार जगत्का कामकारवाही जिम्मेवारीयुक्त, मर्यादित एवं तथ्यपरक हुनुपर्ने र त्यसका लागि 'राज्यले आफ्ना अनुगमन संयन्त्रलाई प्रभावकारी बनाउनुपर्ने' बताएर आफूमाथि शंकाको ढोका खोलेको थियो ।[१३] जसरी भए पनि प्रेसमाथि नियन्त्रण गर्न सरकार उद्यत भइरहेको बेला यसले नियन्त्रणकारी उपाय अवलम्बन गर्नका लागि उकेरा लगाएको थियो । यद्यपि, आयोगका सदस्य गोकुल पोखरेलका अनुसार, आयोगको मनसाय प्रेसलाई नियन्त्रणमा राख्नुपर्छ भन्ने नभएर स्वतन्त्रता 'अब्सोल्युट' (निरपेक्ष) हुनुहुँदैन भन्ने मात्र थियो । तर, आयोग प्रेस स्वतन्त्रताका पक्षमा अझ खरो ढंगले उत्रनुको सट्टा उल्टै अनुगमनका कुरा गर्नु भनेको अनुगमनको नाममा नियन्त्रणको सिफारिश नै हो (कान्तिपुर २०६२ल) जस्ता

---

[११] आयोगका कायममुकायम सचिव केदारप्रसाद पौड्यालद्वारा २०६२ साउन १३ गते जारी प्रेस विज्ञप्तिअनुसार ।

[१२] आयोगका सदस्य सुदीप पाठकले २०६२ साउन २१ गते र गोकुल पोखरेलले साउन २५ गते *नेपाल एफएम*लाई दिनुभएको संक्षिप्त अन्तर्वार्ता ।

[१३] आयोगले २०६२ असार ३ गते शुक्रवार गरेको पत्रकार सम्मेलनमा बाँडिएको प्रेस विज्ञप्ति ।

टिप्पणी सार्वजनिक हुन थालेपछि आयोगले वक्तव्य नै प्रकाशित गरेर आफ्नो मनसाय त्यस्तो नरहेको स्पष्टीकरण दियो ।[१४]

माघ १९ पछि पत्रकारहरूलाई गिरफ्तार गर्दा सादा पोशाकका सरकारी 'भिजिलान्ते' हरूको बल प्रयोग हुन थालेको थियो । यसबारे आयोगले जेठ ३१ गते सरकारलाई पत्र पठाई पत्रकारको शान्तिपूर्ण विरोध प्रदर्शनमा सादा पोशाकका सुरक्षाकर्मीद्वारा भएको कुटपिट, गालीगलौज र दुर्व्यवहार कानुनसम्मत नभएको प्रतिक्रिया जनाएको थियो । आयोगले सरकारलाई कुनै पनि काम कारवाही कानुनसम्मत ढंगले सञ्चालन गर्ने गराउने सम्बन्धमा मातहतका निकायलाई आवश्यक निर्देशन दिन अनुरोध समेत गरेको थियो ।

*नेपाल एफएम*लाई इजाजत रद्द गर्ने धम्की दिँदै सरकारले पठाएको पत्रप्रति पनि मानवअधिकार आयोगले आपत्ति जनाएको थियो । रेडियो आन्दोलनकारीहरूसँग भेटघाटको क्रममा साउन २१ गते आयोगका सदस्यहरू सुदीप पाठक र डा. रामदयाल राकेशले आयोगले सरकारलाई यस विषयमा स्पष्टीकरण सोध्ने जानकारी दिनुभयो । उहाँहरूले आयोग जस्तोसुकै अवस्थामा पनि नागरिकको विचार तथा अभिव्यक्ति र सूचनाको हक संरक्षणका पक्षमा दह्रो ढंगले उभिने समेत आश्वासन दिनुभएको थियो ।

त्यस क्रममा आयोगका सदस्य पाठक र राकेशका साथै मानव अधिकारकर्मीहरू पद्मरत्न तुलाधर तथा दमननाथ ढुङ्गानाले *नेपाल एफएम*को भ्रमण गरी सरकारको स्पष्टीकरण सोध्ने कार्यको विरोध गर्नुभयो । यसका साथै नागरिक समाजका विभिन्न व्यक्तिहरूले पनि *नेपाल एफएम* भ्रमण गरी ऐक्यबद्धता प्रकट गर्नुभएको थियो ।

### *विशिष्ट व्यक्तित्व*

केही मान्छेहरू दमनको समर्थनमा बोल्न हिचकिचाउँदै अघि सरेका भए पनि त्यो बेला मुलुकको सिंगो विद्वत् वर्ग र विशिष्ट व्यक्तिहरू सरकारी कदमको विरोधमा आवाज बुलन्द गर्दै थिए । पढेलेखेका र विभिन्न समूहमा आबद्ध व्यक्तिहरू संस्थागत रूपमै सरकारी नीतिको विपक्षमा खडा थिए भने स्वयं संस्थाको उँचाई हासिल गरिसकेका व्यक्तिहरू पनि रेडियोमाथिको सरकारी दमन र अध्यादेश थोपरेर गरिएको अत्याचारको विरोध गर्दै स्वतन्त्रताको पक्षमा उभिएका थिए ।

---

[१४] २०६२ असार ५ गते आइतवार प्रेस विज्ञप्ति निकालेर आयोगले आफ्नो मनसाय त्यस्तो नरहेको र प्रेस स्वतन्त्रता कुण्ठित हुने कुनै पनि काम हुन नहुने कुरामा आयोग प्रतिबद्ध रहेको जनाएको थियो ।

यस्ता व्यक्तिहरूमा संविधान निर्माता, पूर्व प्रधानन्यायाधीश, पूर्व सभामुख आदि उल्लेखनीय छन् ।

२०४७ सालको संविधान निर्मातामध्येका एक तथा सर्वोच्च अदालतका पूर्व न्यायाधीश लक्ष्मणप्रसाद अर्याल सरकारले सञ्चार जगत्माथि राजनीति गरेको आरोप लगाउँदा त्यसको प्रतिवाद गर्दै हुनुहुन्थ्यो । उहाँको विचारमा त्यो राजनीति नभएर जननीति थियो र त्यसलाई अरू कडा रूप दिएर अगाडि बढाउन जसरी थियो । प्रेस स्वतन्त्रताका लागि कानुनी राज स्थापित हुनुपर्नेमा जोड दिँदै उहाँले कानुनी राज स्थापनाका लागि  आफ्नो अधिकार खोजेर क्रियाशील हुन सञ्चार जगत्लाई आह्वान गर्नुभएको थियो ।[१५] शाही कदमअगाडिका दिनमा पनि लागू गरिएको, एफएम रेडियोलाई समाचार प्रसारणको अनुमति नदिने सरकारी नीतिलाई न्यायाधीशको रूपमा कार्यरत रहँदा नै उहाँले गलत ठहर गरिसक्नुभएको थियो । एफएम रेडियोलाई समाचार प्रसारण गर्न नदिने सरकारी प्रयास संविधान र कानुन विपरीत भएको अडान उहाँले निरन्तर प्रस्तुत गरिरहनुभयो ।[१६] अर्यालको भनाइ थियो–

> संविधानले अभिव्यक्ति स्वतन्त्रता दिएको छ । प्रकाशन र प्रसारण दुवै अभिव्यक्ति स्वतन्त्रताका माध्यम हुन् । छापाखानाको जति अधिकार विद्युतीय सञ्चारमाध्यमलाई छैन भन्ने सरकारी धारणा संविधान, ऐन र कानुनविपरीत थियो र छ । प्रेस स्वतन्त्रताभित्र एफएम पर्दैन भन्ने सरकारी तर्क गलत हो । फेरि संविधानद्वारा प्राप्त अधिकारलाई आदेशले रोक्न मिल्दैन । संविधान, ऐन र कानुन एकातिर, सरकारी आदेश अर्कोतिर हुनुहुँदैन । विधायिकाद्वारा कानुन पारित भएको भए बेग्लै हो, तर आदेशका भरमा ऐन विपरीत गर्नुहुँदैन । नेपालमा पत्रपत्रिकाभन्दा रेडियो प्रभावकारी छ । यसले पढ्न जान्ने या नजान्ने सबैलाई ज्ञान र शिक्षा दिन्छ । अहिलेको सरकार ज्ञान र शिक्षालाई रोक्न खोजिरहेको छ । त्यही भएर समाचार प्रसारणमा अवरोध गर्न खोजिँदैछ । कति एफएमले त पत्रिकामा प्रकाशित समाचार प्रसारण गर्थे । एउटै समाचार छाप्न हुने तर पढ्न नहुने भन्ने यो कस्तो सरकार हो ? लिखित रूपमा कानुन विपरीत नहुने तर बोल्दा कानुन विपरीत हुन्छ भन्न मिल्छ ?
>
> सरकारी प्रयास जनतालाई सुसूचित नबनाउने षडयन्त्रमात्र हो । सरकारले समाचारमा प्रतिबन्ध लगाउन सक्दैन । संविधान, ऐन र कानुन विपरीत समाचार प्रकाशित गरे या नियमविरुद्ध गए बेग्लै हो । अभिव्यक्ति स्वतन्त्रता नियन्त्रण गर्न मिल्दैन, सञ्चारमाध्यमलाई कारवाही गर्न या अवरोध पुऱ्याउन पाइँदैन । देशको भौगोलिक विकटताबाट केन्द्रबाट सम्पर्क विच्छेदजस्तै भएका जनता एफएमबाट प्रत्यक्ष

---

[१५] मानवअधिकार तथा प्रजातान्त्रिक अध्ययन केन्द्र (सेहुर्डेस) ले तयार पारेको सञ्चारसम्बन्धी नेपाल प्रतिवेदन २००४ र २००५ को विमोचन समारोहमा २०६२ असार १९ गते मुख्य अतिथिको रूपमा बोल्दै ।

[१६] स्वतन्त्र समाचार सेवासँगको कुराकानी (कान्तिपुर २०६२ण) ।

> रूपमा लाभान्वित भएका छन् । राजधानीका श्रोतासँगै दुर्गम भेगका जनता पनि सुसूचित हुने अवसर एफएमले दियो, जुन राज्यले दिन सकेको थिएन । यही प्रभावबाट तर्सिएर सरकारले एफएममाथि नियन्त्रण गर्ने प्रयास गरेको भन्ने लाग्छ ।

जनता अज्ञानमा रहे दास बनाउन सकिन्छ भन्ने मानसिकता बोकेका शासकहरू सधैँ जनताको सुसूचित हुने अधिकार खोस्न तल्लीन हुने गरेको उहाँको भनाइ थियो ।[१७] प्रेस स्वतन्त्रता नागरिकको स्वतन्त्रता भएकोले त्यसलाई सरकारले खोसेको खण्डमा पनि अदालतले पुनर्बहाली गर्नुपर्छ भन्ने उहाँको अडान रह्यो । अर्यालले एफएम रेडियोबाट समाचार प्रसारणको पक्षमा सर्वोच्च न्यायालयले दिएको अन्तरिम आदेशविरुद्ध सरकारले दिएको रिट निवेदनप्रति पनि आपत्ति जनाउनु भएको थियो । "यसले सरकार जनताको रक्षक नभई भक्षक भएको देखाएको छ" उहाँले प्रस्ट शब्दमा भन्नुभयो– "त्यस्तो निवेदनलाई मान्यता दिनुहुँदैन ।"

सर्वोच्च अदालतका अर्का पूर्व न्यायाधीश कृष्णजंग रायमाझीले पनि एफएम रेडियोले जनतालाई सुसूचित गरिरहेकोमा प्रशंसा गर्दै र सरकारी बन्देजको आलोचना गर्नुभयो । जनता जागरुक भएको देख्न नचाहने र आलोचना सुन्न तयार नहुने सरकारी प्रवृत्तिको शिकार भए पनि नेपाली जनताको खाँचोलाई ध्यान दिएर आफ्नो कर्म नबिर्सिनसमेत एफएम रेडियो प्रसारकहरूलाई उहाँले सचेत गराउनुभएको थियो । उहाँको भनाइ थियो– अँध्यारो आए पनि त्यो टिकिरहन सक्दैन र जनबलको अगाडि सबै बलहरू दुर्वल सावित हुन्छन् ।[१८]

पूर्व प्रधानन्यायाधीश केदारनाथ उपाध्यायको विचार थियो– "सुसूचित हुने नागरिकको नैसर्गिक अधिकार हो । यसलाई संविधानले पनि ग्यारेन्टी गरेको छ । त्यसैले एफएममा समाचार रोक्न मिल्दैन ।" उहाँले एफएम समाचारले गाउँ गाउँमा नागरिकलाई सचेत गराएको चर्चा गर्दै भन्नुभयो– "हाम्रोजस्तो पिछडिएको मुलुकमा एफएम रेडियोको महत्त्व झन् बढी छ । त्यो रोक्दा मुलुकलाई नै असर पुग्छ" (बस्नेत २०६२ख) ।

अर्का पूर्व प्रधानन्यायाधीश मोहनप्रसाद शर्मा पनि प्रेस स्वतन्त्रताको पक्षमा देखा पर्नुभयो । सर्वोच्च अदालतले सञ्चार अध्यादेश विरुद्ध अन्तरिम आदेश नदिने निर्णय लिएपछि उहाँको असहमति सार्वजनिक भएको थियो । उहाँले

---

[१७] संवैधानिक तथा न्यायिक पत्रकार मञ्चद्वारा २०६२ भदौ २१ गते काठमाडौँमा आयोजित 'अभिव्यक्ति स्वतन्त्रता र एफएम रेडियोको अधिकार' विषयक छलफल कार्यक्रममा (गैरे २०६२क) ।

[१८] *नेपाल एफएम*ले प्रसारणको एक वर्ष पूरा गरेको सन्दर्भमा २०६२ मङ्सिर १८ गते काठमाडौँमा आयोजित 'नेपालमा स्वतन्त्र रेडियो : दशा र दिशा' कार्यक्रममा ।

अदालत संविधानले प्रत्याभूत गरेको वाक् तथा अभिव्यक्ति स्वतन्त्रता, स्वतन्त्र प्रेस र जनताका मौलिक अधिकारको संरक्षण गर्न असफल भएको आरोप लगाउनुभयो ।[१९] उहाँको भनाइ थियो– “आधारभूत अधिकारमाथि प्रतिबन्ध लगाउनु गलत हो । यो नै अन्तिम फैसला नभएकाले सञ्चार अध्यादेशको मुद्दाको अन्तिम निर्णय गर्दा सर्वोच्च अदालतले विचार गर्नुपर्छ ।”

यसैगरी, नेपाल अधिराज्यको संविधान २०४७ का निर्माता पूर्व प्रधानन्यायाधीश विश्वनाथ उपाध्यायले समेत सर्वोच्च अदालतले सञ्चारसम्बन्धी अध्यादेशमा अन्तरिम आदेश नदिएकोमा असहमति व्यक्त गर्नुभयो ।[२०] “सञ्चार साधनको दर्ता खारेज र बन्द गर्न संविधानतः मिल्दैन” उपाध्यायले भन्नुभयो– “मैले अध्यादेश पढ्न पाएको छैन । मैले सुनेअनुसार अध्यादेश गलत हो भने अन्तरिम आदेश जारी हुनुपर्थ्यो । यो विषयमा सर्वोच्चले अन्तिम फैसलामा निर्णय गर्नेछ ।”

कुनै पनि राजनीतिक दलमा सक्रिय नरहेका पूर्व सभामुख दमननाथ ढुंगानाले प्रेस स्वतन्त्रताको पक्ष र रेडियोमाथिको प्रतिबन्धको विपक्षमा विभिन्न मञ्च र माध्यमहरूबाट विचार व्यक्त गर्नुभयो । यस क्रममा संसद विघटन भएपछि पनि सभामुखकै हैसियतमा रहेका तारानाथ रानाभाटले समेत सञ्चार अध्यादेशको विपक्षमा उभिएर सरकारको रुग्ण हैसियत प्रकट गरिदिनुभएको थियो । उहाँको भनाइ थियो– “संविधानले प्रेस स्वतन्त्रताको ग्यारेन्टी गरेको छ । संविधानसँग बाझिएका प्रावधान राखेर ल्याइएको अध्यादेश खारेज हुन्छ । प्रेसले निर्बाध काम गर्न पाउनुपर्छ। मैले अध्यादेश पढ्न पाएको छैन, यदि त्यो संविधानविपरीत छ भने सर्वोच्चले खारेज गर्न सक्छ। सर्वोच्चले एफएमका बारेमा फैसला गरेको छ। त्यसलाई आधार बनाउनुपर्थ्यो ।”[२१]

यस्तो धारणा देशभरिकै स्वतन्त्रताप्रेमी विशिष्ट व्यक्तित्वहरूको थियो । तर यो कुरा थाहा नपाएका कारणले सरकारले स्वतन्त्र रेडियोमाथि बन्देज लगाएको थिएन । उसले त जानी जानी गलत नियतवश त्यसो गरेको थियो । निदाएकालाई ब्यूँझाउन सकिन्छ, निदाएको स्वाङ पारेकोलाई सकिँदैन । त्यसैले यस्ता कुराले उसको कानमा बतास लाग्न सकेन ।

---

[१९] २०६२ मङ्सिर १ गते रिपोर्टर्स क्लबले आयोजना गरेको साक्षात्कार कार्यक्रममा ।

[२०] संवैधानिक कानुन व्यवसायी मञ्चले २०६२ कात्तिक २६ गते काठमाडौँमा आयोजना गरेको ‘वर्तमान संविधान, श्री ५ र घोषित निर्वाचन’ विषयक छलफल कार्यक्रममा (राजधानी २०६२ङ) ।

[२१] स्वीटजरल्याण्डको जेनेभामा आयोजित अन्तरव्यवस्थापिका संघको ११३ औँ सम्मेलनमा सहभागी हुन जाने क्रममा २०६२ असोज २९ गते त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा पत्रकारहरूसँग कुराकानी गर्दै (कान्तिपुर २०६२ष) ।

## *राजनीतिक मुद्दा*

नेपालका राजनीतिक दल तथा तिनका भ्रातृ संगठनले आफूलाई सधैँ रेडियोको स्वतन्त्रताको पक्षमा उभ्याए । औपचारिक समर्थन र वक्तव्यहरूका साथै रेडियो आन्दोलनका कार्यक्रममा भौतिक उपस्थिति जनाउने र स्वतन्त्र रेडियोको पक्षमा संयुक्त रूपमा विशिष्ट कार्यक्रम आयोजना गर्ने काम पनि उनीहरूले गरे । यो क्रम शाही कदमको सुरुका दिनमा अत्यन्त कमजोर थियो भने आन्दोलनले तीव्रता लिँदै जाँदा समर्थनको क्रम पनि तीव्र हुँदै गयो ।

राजा ज्ञानेन्द्रले सम्पूर्ण सत्ता आफ्नो हातमा लिएको दिनमै नेकपा (एमाले) ले शाही कदमलाई 'जनताका मौलिक हकहरूमाथि बन्देज लगाएको' टिप्पणी गर्‍यो ।[२२] राजाको कदमले 'जनतालाई सूचनाको हकबाट समेत वञ्चित गरेको' उसको भनाइ थियो । त्यति बेलासम्म एमालेलगायत सबैजसो महत्त्वपूर्ण दलका प्रमुख नेता सरकारी नियन्त्रणमा परिसकेका थिए । कतिलाई घरमै नजरबन्द गरिएको थियो भने कतिलाई पक्राउ गरिएको थियो ।

दलहरूको ध्यान राजनीतिक र दलगत गतिविधिमै बढी केन्द्रित भएकाले त्यस बेला नागरिकका हकहरूलाई एकएक गरी सम्बोधन गर्नसक्ने अवस्था थिएन । तर तिनीहरू सञ्चारमाध्यमहरूले भोग्नुपरेका समस्या, तिनको भावना र महत्त्वप्रति संवेदनशील चाहिँ थिए । त्यसैले २०६२ वैशाख १२ गते नेकपा (एमाले) केन्द्रीय कार्यालय, बल्खुमा सरकारी सुरक्षाकर्मीद्वारा गरिएको आक्रमण र तोडफोडको विरोध गर्दै पत्रकार महासंघले ऐक्यबद्धता जनाएपछि त्यसबाट आफूलाई सहयोग र प्रेरणा मिलेको भन्ने व्यहोरासहित एमालेले महासंघलाई लिखित पत्र[२३] पठाएको थियो ।

शाही 'कू' को पहिलो धक्का झेलेर दलहरू पुनर्संगठित हुँदै गएपछि प्रेस स्वतन्त्राविना प्रजातन्त्र पुनर्बहाली सम्भव नहुने र दुवै एकअर्काका परिपूरक हुने विश्वास उनीहरूले व्यक्त गर्न थाले । २०६२ वैशाखमा संकटकालको घोषित समयावधि सकिएपछि पनि प्रेसमाथि अंकुश कायम राखेकोलाई उनीहरूले 'तानाशाहीको निरन्तरता' को संज्ञा दिए । क्रमशः प्रेसको प्रशंसामा बोल्ने लहर नै सिर्जना हुँदै गयो ।

---

[२२] एमाले स्थायी समिति सदस्य एवं विदेश विभाग प्रमुख झलनाथ खनालद्वारा माघ १९ गते भूमिगत किसिमले जारी गरिएको प्रेस विज्ञप्ति । यसलाई एमालेका खास खास कार्यकर्ताले निश्चित सञ्चारकर्मीका हातसम्म पुर्‍याएका थिए ।

[२३] एमालेका कार्यवाहक महासचिव झलनाथ खनालले नेपाल पत्रकार महासंघका सभापतिलाई सम्बोधन गर्दै २०६२ वैशाख १४ गते पठाएको पत्र । महासचिव माधवकुमार नेपाल घरमै नजरबन्द अवस्थामा हुनाले खनाललाई का. वा. महासचिव बनाइएको थियो ।

पत्रकार महासंघद्वारा आयोजित एउटा कार्यक्रममा नेपाली कांग्रेसका सभापति गिरिजाप्रसाद कोइरालाले राज्यको चौथौ अंग प्रेस जगत् अप्ठ्यारो बेलामा 'पहिलो अंग' नै बनेको बताउनुभयो ।[२४] उहाँको भनाइ थियो– "निरंकुश वा प्रत्यक्ष शासनको पहिलो शिकार प्रेस हुन्छ। जब प्रजातन्त्र हुँदैन, त्यसको स्तम्भका रूपमा प्रेसले भूमिका खेल्नुपर्ने हुन्छ । स्वतन्त्रता हावा जस्तो हो, कसैले रोक्न सक्दैन; हावालाई पक्रेर राख्छु भन्नु मूर्खता हो ।"

माघ १९ पछि सबै ठूला संसदीय दलका शीर्षस्थ नेताहरू पहिलो पटक सार्वजनिक रूपमा एक ठाउँमा भेला भएको त्यो जमघटमा नेकपा (एमाले) का महासचिव माधवकुमार नेपालले भन्नुभयो– "जति हामी अलमलमा पर्छौं, त्यति नै निरंकुशतावादीको आकांक्षालाई प्रोत्साहित गरिरहेका हुन्छौं । त्यो अलमललाई चिरेर जनतामा जागरण र दलहरूमा ऊर्जा भर्न स्वतन्त्र सञ्चारमाध्यमले महत्त्वपूर्ण भूमिका खेल्नु आवश्यक छ ।" पूर्वसभामुख दमननाथ ढुङ्गानाले २०४७ सालपछि सबभन्दा ठूलो शक्तिका रूपमा उदाएको प्रेसको दबाबले संकटकाल हटेको टिप्पणीसाथ 'राजाको कुनै पनि सत्ता' मा जानेहरूलाई जनताले बहिष्कार गर्नुपर्ने तर्क गर्दै राजा, पार्टी र माओवादीलाई प्रजातान्त्रिक मूलधारमा ल्याउन प्रेससँग महत्त्वपूर्ण भूमिकाको आग्रह गर्नुभयो । त्यस अवसरमा राष्ट्रिय प्रजातन्त्र पार्टी, राष्ट्रिय जनशक्ति पार्टीलगायतका दलका नेताहरूले समेत सञ्चार क्षेत्रको भारी प्रशंसा गरेका थिए ।

त्यसो त दलका नेताहरूले नेपाली सञ्चारमाध्यम र आफ्नै कमजोरीलाई नऔंल्याएका पनि होइनन् । त्यसमध्ये एक नेपाली कांग्रेसका नेता डा. रामशरण महतको तर्क थियो– "सञ्चारमाध्यमले राम्रा र उपलब्धिमूलक विषयलाई ढाकछोप गरी प्रजातन्त्रलाई असर पुग्ने खालका समाचार प्रवाह गरे । कतिपय समाचार र विश्लेषणले राजा र माओवादीलाई सघाउ पुऱ्याए । कतिपय अवस्थामा हामी र सञ्चारमाध्यम दुवैले नै माओवादीका गतिविधिका बारेमा बढाइचढाइ गऱ्यौं ।"[२५] यो विगतको मूल्यांकन थियो ।

२०६२ जेठ २ गते देशभरि सरकारले १०० भन्दा बढी पत्रकारलाई गिरफ्तार गरेपछि वक्तव्य प्रकाशित गरी प्रमुख पार्टीहरूले त्यसको भर्त्सना गरे । नेकपा (एमाले) ले सरकारी नीतिलाई निरंकुश, स्वेच्छाचारी र प्रेस स्वतन्त्रता विरोधी

[२४] विश्व प्रेस स्वतन्त्रता दिवसको अवसर पारेर आयोजना गरिएको नेपाल पत्रकार महासंघको २१ औं महाधिवेशन उद्घाटन समारोह, २०६२ वैशाख २० गते, काठमाडौं ।

[२५] नेपाल प्रेस इन्स्टिच्यूट र नेशनल डेमोक्रयाटिक इन्स्टिच्यूटले काठमाडौंमा आयोजना गरेको 'प्रजातन्त्र र जिम्मेवार पत्रकारिता' विषयक तीन दिने कार्यशालाको अन्तिम दिन २०६२ वैशाख ३० गतेको छलफल (अन्नपूर्ण पोष्ट २०६२घ) ।

बतायो भने नेपाली कांग्रेसले उक्त घटनाबाट राज्यको दमनकारी चरित्र उदांगो भएको टिप्पणी गऱ्यो ।

जेठ ३० गते पूर्ण प्रेस स्वतन्त्रताको माग गर्दै काठमाडौँमा भएको शान्तिपूर्ण प्रदर्शनमा प्रहरीले हस्तक्षेप गरेपछि भोलिपल्ट फेरि त्यस्तै प्रदर्शन भयो । त्यसमा नागरिक समाज र पेशागत समूहहरूसँगै राजनीतिक दलका नेता तथा कार्यकर्ताको पनि सहभागिता थियो । नेकपा (माले), नेकपा (संयुक्त), तरुण दल लगायतले विज्ञप्ति नै निकालेर प्रहरी हस्तक्षेपप्रति विरोध जनाए ।

बिस्तारै दलका नेताहरूले आफू सत्तासीन रहेको बेला सञ्चार संस्थाहरूप्रतिको व्यवहारमा देखा परेको कमीकमजोरी स्वीकारेर आत्मालोचना गर्न थालेका थिए । विभिन्न समयमा मन्त्री भएका र पत्रकारिताको पृष्ठभूमि गाँसिएका नेताहरूले 'फेरि सत्तामा गएको अवस्थामा विगतको जस्तो गल्ती नदोहोऱ्याउने' सार्वजनिक प्रतिबद्धता पनि व्यक्त गरे । सोही क्रममा पूर्व सूचना तथा सञ्चारमन्त्री प्रदीप नेपालले स्वतन्त्रता दानबाट नभई संघर्षबाट मात्र पाइने भएकोले सशक्त संघर्षमा उत्रिन आह्वान गर्नुभयो ।[२६] राज्यका सबै अंगलाई ध्वस्त पारिएको समयमा प्रेस मात्र बाँकी रहेकोले जनताको आवाज मुखरित हुने एकमात्र ठाउँ सञ्चार जगत् भएको अनुभूति पनि राजनीतिक क्षेत्रले व्यक्त गऱ्यो । यसका साथै, २०४७ मा प्रजातन्त्रको पुनर्स्थापनापछि विद्युतीय र छापा माध्यमले, खासगरी गाउँ गाउँमा एफएमहरूले स्थानीय जनतालाई आर्थिक, राजनीतिक, सामाजिक विकासका पक्षमा नयाँ नेपाल निर्माण गर्न महत्त्वपूर्ण योगदान गरे भन्ने निष्कर्ष पनि दलका नेताहरूले निकालेको पाइन्छ (के.सी. २०६२) ।

प्रजातन्त्र सञ्चार जगत्को अभिभावक हो र प्रजातन्त्रमा मात्रै सञ्चारको विकास सम्भव छ भन्ने सत्य हाम्रै देशको व्यवहारमा स्थापित भइसकेका दाबीहरू समेत राजनीतिज्ञहरूबाट प्रकट भइरहे । निरंकुशतन्त्रले सञ्चार जगत्लाई खुम्च्याउने र प्रजातन्त्रले यसलाई फस्टाउन मद्दत पुऱ्याउने अनुभव नेपालीले कुनै मित्रराष्ट्रबाट सिक्नु नपर्ने कुरा गर्दा राजनीतिक नेताहरूले गौरव गरेको महसुस हुन्थ्यो ।

रेडियो स्वतन्त्रताको आन्दोलनले राजनीतिक रूपमा सचेत विद्यार्थी र युवा जगत्को पनि उत्तिकै साथ पायो । पत्रकारिता विषय पढाइ हुने देशको सबैभन्दा

---

[२६] दक्षिण एसियाली स्वतन्त्र पत्रकार संगठन (साफ्मा) द्वारा २०६२ जेठ २५ गते काठमाडौँमा आयोजित 'एफएमप्रति सरकारी नीति र यसको प्रभाव' विषयक अन्तर्क्रिया कार्यक्रममा । सो अवसरमा पूर्वमन्त्रीहरू झलनाथ खनाल, होमनाथ दाहाललगायतले रेडियोको भूमिका र महत्त्वलाई समयमै पहिचान गरी संस्थागत पार्न नसकिएकोले शाही सरकारले दमन गरेको पश्चात्ताप भाव व्यक्त गर्नुभएको थियो ।

पुरानो शैक्षिक संस्था रत्न राज्यलक्ष्मी क्याम्पसको स्वतन्त्र विद्यार्थी युनियनले सञ्चार अध्यादेश विरोधी आन्दोलनप्रति ऐक्यबद्धता जनाउने घोषणा गऱ्यो । अरू कतिपय क्याम्पसहरूका युनियनले पनि यसरी नै ऐक्यबद्धता जनाएका थिए ।

२०६२ कात्तिक ७ गते जनकपुरमा नेविसंघ प्रजातान्त्रिकले *कान्तिपुर एफएम*माथि राज्यले गरेको आक्रमणको विरोधमा जुलुसका साथ कोणसभा गऱ्यो । संघका सभापति प्रवेश कुमार चौधरी र उपसभापति सुरेश कोइरालाले राज्य आतंक प्रेस स्वतन्त्रताविरुद्ध केन्द्रित भएको बताउँदै *कान्तिपुर एफएम*का उपकरण तत्काल फिर्ता दिएर प्रसारण सुचारु नगराए सरकार र माओवादीमा भिन्नता नरहने उल्लेख गर्नुभयो ।

नेकपा (एमाले) निकट प्रजातान्त्रिक राष्ट्रिय युवासंघले २०६२ कात्तिक ७ गते काठमाडौँमा सञ्चार अध्यादेश जलाउने कार्यक्रम गऱ्यो । भोटाहिटीबाट सुरु भएको जुलुस असन, बांगेमुढा हुँदै इन्द्रचोक पुगेपछि अध्यादेश जलाइएको थियो । जुलुसमा युवाहरूले हत्कडी लगाएको कलम र बन्दुकले ताकेको एफएम रेडियो प्रदर्शन गरेका थिए । अध्यादेश जलाएपछिको सभामा प्ररायुसंघ अध्यक्ष गोकर्ण विष्टले अध्यादेशमार्फत प्रेस नियन्त्रणको प्रयास हात्तीलाई नाङ्लो ठटाएर तर्साउन खोजेजस्तो मात्र भएको बताउनुभयो ।

त्यसको भोलिपल्ट कात्तिक ८ गते आठ विद्यार्थी संगठनले पनि अध्यादेशमा आगो लगाए । काठमाडौँ, मैतिदेवी चोकबाट डिल्लीबजारतिर बढेको जुलुसमा विद्यार्थीहरूले पटक पटक अध्यादेश जलाएका थिए । प्रहरीले केही स्थानमा हस्तक्षेप गर्न खोज्दा उनीहरूले कडा प्रतिकार गरे । प्रदर्शनले मैतिदेवी-डिल्लीबजार सडकखण्ड पूरै अवरुद्ध भएको थियो ।

जुलुसपछिको सभामा विद्यार्थी नेताहरूले सात दल, आठ विद्यार्थी संगठन र नागरिक समाजको आन्दोलनको समाचार प्रसारण गरेका कारण नै निरकुंश शासकहरूले कान्तिपुर एफएममाथि आक्रमण गरी सिंगो प्रेस जगत्लाई तर्साउन खोजेको बताएका थिए । नेविसंघ महामन्त्री बासु कोइरालाले सञ्चार माध्यममाथि डकैती शैलीमा धावा बोलेपछि युवा विद्यार्थीहरूले राजाका विरुद्ध लगाउने चर्का नाराको औचित्य पुष्टि भएको बताउनुभयो । उहाँको भनाइ थियो– 'डकैती गरेर लगिएका उपकरणहरू खोसेर ल्याई *कान्तिपुर एफएम* सञ्चालन गराउन विद्यार्थी वर्ग तयार छौँ' (कान्तिपुर २०६२स) । अखिलका सचिव यज्ञराज सुनुवार र नेविसंघ प्रजातान्त्रिकका सहमहामन्त्री कल्याण गुरुङले सञ्चारकर्मीलाई विस्थापित गराउन षडयन्त्र गर्ने शासककै अन्त्य गर्नुपर्ने बताउनुभयो । त्यसै दिन कानुन अध्ययन समाज, राष्ट्रिय भूमि अधिकार सरोकार समूह नेपाल, नेपाल इन्जिनियर्स

एसोसिएसन, स्वतन्त्र विद्यार्थी युनियन-पशुपति बहुमुखी क्याम्पसले विज्ञप्ति जारी गर्दै अध्यादेश खारेज गर्न माग गरे । तरुण दल (प्रजातान्त्रिक)को भेलाले सञ्चार अध्यादेश जलाउन सम्पूर्ण तरुणलाई आह्वान गऱ्यो ।

उदयपुरमा पूर्वसांसद विष्णुबहादुर राउतले *कान्तिपुर एफएम*माथि गरिएको आक्रमणको भर्त्सना गर्दै सञ्चार अध्यादेश खारेज गर्न माग गर्नुभयो । एमाले जिल्ला सचिव मणिराज पौड्याल, कांग्रेस जिल्ला सचिव हिमाल कार्की, कांग्रेस प्रजातान्त्रिकका नारायणबहादुर कार्की, जनमोर्चा नेपाल उपाध्यक्ष कृष्णप्रसाद बरालले छुट्टाछुट्टै विज्ञप्ति प्रकाशित गरी आक्रमणको निन्दा गर्नुभयो । विरोधको यस्तो क्रम जिल्ला जिल्लामा देखा पऱ्यो ।

नेपाली कांग्रेसका सभापति गिरिजाप्रसाद कोइरालाको विचारमा नेपालको पत्रकारिता जगत् राजाको पहिलो निशाना भएको थियो र विश्वका अरू तानाशाही शासनव्यवस्थामा पनि यस्तै हुँदै आएको थियो ।[२७] राष्ट्रिय जनशक्ति पार्टीका अध्यक्ष सूर्यबहादुर थापाको दृष्टिमा जबर्जस्ती सञ्चार अध्यादेश लागू गर्नु 'सरकारको पूरै गलत कदम' थियो । सञ्चार जगत् सरकार र राजनीतिक दलहरूको भिडन्तको मारमा परेको उहाँको भनाइ थियो (घिमिरे सन् २००५) । उहाँकै दलकी केन्द्रीय सदस्य रेणु यादवले एफएम रेडियोबाट समाचार प्रसारण नहुँदा जनता संविधानप्रदत्त सूचनाको अधिकारबाट वञ्चित भएको उल्लेख गर्नु भएको थियो ।[२८]

आन्दोलनमा सञ्चार जगत्‌ले चलाएका कार्यक्रमको तुलनामा राजनीतिक दल र तिनका भ्रातृ संगठनले चलाएका कार्यक्रममा अभिव्यक्त हुने भाषा निकै कठोर हुन्थ्यो । राज्यको तर्फबाट गरिएको दमनको दाँजोमा भने त्यो अस्वाभाविक रूपमा कठोर थिएन । भाषा जस्तै उनीहरूले कार्यक्रम पनि निकै कडा अगाडि ल्याएका थिए ।

*कान्तिपुर एफएम*मा लुटपाट गरेको हप्ता दिन नबित्दै कात्तिक ९ गते सरकारले पत्र पठाएर उसको इजाजतपत्र नै रद्द गर्ने धम्की दिएपछि त्यही रात आन्दोलनरत सात राजनीतिक दलले आकस्मिक बैठक बसेर 'जनताको सूचनाको हक रक्षाका लागि' कात्तिक ११ गते काठमाडौँ उपत्यका बन्द गर्ने कार्यक्रम घोषणा गरेका थिए । बैठकमा नागरिक समाज, बार एसोसिएसन र पत्रकार महासंघको नेतृत्व पनि उपस्थित थियो ।

---

[२७] नेपाल राष्ट्रिय नाई संघको राष्ट्रिय भेलाको २०६२ कात्तिक ८ गते राजधानीमा उद्घाटन गर्दै (अन्नपूर्ण पोष्ट २०६२छ) ।

[२८] २०६२ कात्तिक ९ गते विराटनगरमा पार्टी कार्यकर्तालाई सम्बोधन गर्दै ।



तस्वीर ५ : शाही सरकारले स्वतन्त्र सञ्चारमाथि गरेको ज्यादति विरुद्ध २०६२ कात्तिक ११ गते गरिएको उपत्यका बन्दको एक दृश्य (साभार : कान्तिपुर अनलाइन) ।

उपत्यका बन्दका क्रममा बिहानदेखि साँझसम्ममा करिब दुई सय जना गिरफ्तारीमा परे । गिरफ्तार हुनेहरूमा एमालेका पूर्व सांसदहरू कृष्णलाल महर्जन, सुशीला नेपाल, सिद्धिलाल सिंह, नेपाली कांग्रेसका दिलेन्द्रप्रसाद बडु, कांग्रेस नेता भीमसेनदास प्रधान आदिका साथै कैयौँ विद्यार्थी नेता तथा कार्यकर्ता थिए । बन्दको अवज्ञा गर्दै चलाइएका १५ ओटा गाडी तोडफोड गरिए जसमध्ये नेपाल यातायातका तीनओटा बस, दसओटा टचाक्सी र दुईओटा माइक्रोबस परेका थिए । त्यस दिन काठमाडौँमा बिहानैदेखि जुलुस निस्केको थियो र दिउँसो २ बजे वसन्तपुरमा विरोधसभा भएको थियो ।

राजनीतिक पार्टीहरूको त्यही बैठकले पार्टी कार्यकर्ता, पेशाकर्मी, व्यवसायी, बुद्धिजीवी तथा आमनागरिकलाई *कान्तिपुर एफएम* स्टेसन, पुल्चोकमा कात्तिक १० गते बिहान ८ बजे उपस्थित हुन आह्वान गरेको थियो । ९ गते दिएको धम्की कार्यान्वयन गर्न सरकार आइपुग्ने आशंकामा एफएमलाई सुरक्षाकवच दिन त्यस्तो आह्वान गरिएको थियो । स्वतन्त्र रेडियो बचाऊ आन्दोलनका हेमबहादुर विष्टलगायत अगुवाहरूले बिहान ७ बजे नै त्यहाँ पुगेर सरकारलाई एफएम स्टेसन बन्द गर्न नदिन आफूहरू कुनै पनि बलिदान गर्न तयार रहेको घोषणा गर्नुभएको थियो ।

एफएमप्रति ऐक्यबद्धता जनाउन कांग्रेस सभापति गिरिजाप्रसाद कोइराला, उपसभापति सुशील कोइराला, महामन्त्री रामचन्द्र पौडेललगायत अधिकांश

केन्द्रीय सदस्य एवं नेता तथा कार्यकर्ताहरू बिहान साढे ९ बजे एफएम कार्यालय पुग्नुभयो । यसका लागि कांग्रेसले आफ्नो केन्द्रीय समितिको बैठक केही समय स्थगित समेत गरेको थियो ।

कांग्रेस सभापति कोइरालाले *कान्तिपुर एफएम*माथिको आक्रमणविरुद्धको अभियानमा सबै प्रकारको सहयोग पुऱ्याउने प्रतिबद्धता व्यक्त गर्नुभयो । 'स्वतन्त्र प्रेसलाई समाप्त पार्न खोज्नेहरूविरुद्धको यो अभियान कुनै एक संस्थाको मात्र नभएर सम्पूर्ण जनताको हो', उहाँले भन्नुभयो– 'हाम्रो नैतिक मात्र होइन अन्य जस्तोसुकै सहयोग तपाईहरूलाई हुनेछ ।' त्यहाँ भएको धर्नामा एमाले स्थायी सदस्य भरतमोहन अधिकारी, सहाना प्रधान, ईश्वर पोखरेल, केशव बडाल, केन्द्रीय सदस्य रघु पन्त, विद्या भण्डारी, जनमोर्चाका अध्यक्ष अमिक शेरचन, उपाध्यक्ष लीलामणि पोखरेल, महासचिव नवराज सुवेदी, नेता घनश्याम शर्मा पौडेल, कांग्रेस प्रजातान्त्रिकका होमनाथ दाहाल, मनमोहन भट्टराई, तरुण प्रजातान्त्रिकका बालकृष्ण खाँण, प्ररायुसंघका अध्यक्ष गोकर्ण विष्ट, नेविसंघका अध्यक्ष केशव सिंह, महामन्त्री बासु कोइराला, पूर्वमहामन्त्री चन्द्र भण्डारी, अनेरास्ववियुका अध्यक्ष खिमलाल भट्टराई लगायतको सहभागिता थियो ।

नागरिक आन्दोलनका अगुवा डा. देवेन्द्रराज पाण्डे, सुन्दरमणि दीक्षित, बार एसोसिएसनका अध्यक्ष शम्भु थापा र मानव अधिकारकर्मीहरूसमेत धर्नामा बस्नुभएको थियो । विभिन्न पेशाकर्मी, बुद्धिजीवी र सर्वसाधारण समेतको धर्ना रेडियोका लागि साँच्चै रक्षाकवच बनेको थियो । धर्ना चलुञ्जेल दिनभरिजसो एफएमको कार्यालय अगाडि सभा भइरह्यो । सरकारी पत्रका विरुद्ध सर्वोच्च अदालतको अन्तरिम आदेश आएपछि मात्रै धर्ना टुटेको थियो ।

*कान्तिपुर एफएम*मा भएको हमलाका सन्दर्भमा राजनीतिक व्यक्तित्वहरूबाट पत्रपत्रिकामा विभिन्न लेख रचनामार्फत पनि टिप्पणी गरियो । त्यस्तैमध्येको एउटा टिप्पणी यस्तो थियो–

> राति कारवाही गर्नुपर्ने कुनै कारण थिएन । सञ्चारमन्त्रीले कानुन राति पनि व्यूँझैकै हुन्छ भनेर आफ्नो अयोग्यताबाहेक अरू केही प्रदर्शित गरेका छैनन् । रातिको कुकर्मलाई सभ्य समाजले या त चोरी भन्छ या डकैती । सरकारले गऱ्यो कि व्यक्तिले *कान्तिपुर*को लुटपाट डकैती नै हो । संविधान मान्ने रेडियोलाई समाचार प्रतिबन्धको सजाय सुनाएर आफूले गरेका अनादर नेपाली जनतालाई थाहा नदिने छलकपटसहित आएको यो असंवैधानिक तथा गैरकानुनी अध्यादेशले साँच्चै जनतालाई समाचारविहीन तुल्याउँछ भनेर अब कसैले नसोचे हुन्छ । पोहोरपरार मात्र होइन, अहिले पनि नेपालका गाउँमा गणतन्त्रको रेडियो बजिरहेकै छ । संविधान मान्ने रेडियोले बरु राजाको सम्मानमाथि आघात पुऱ्याएका थिएनन् । राजाको समाचार पढेकै कारण एफएम रेडियोहरूले सजाय पाए । तर गणतन्त्रको

> रेडियोले कथित पुरानो सत्ताका विरुद्ध छरिरहेको बीउलाई मन्त्रिपरिषद्‌को निर्णयले अलिकति पनि तलबितल पार्न सकेन, भविष्यमा पनि पार्न सक्ने छैन (नेपाल २०६२)।

सञ्चार अध्यादेशले 'प्रजातान्त्रिक' राजनीतिक जगत्‌बाट कहिल्यै कसैको समर्थन पाएन। राजनीतिक नेताहरूले त्यसलाई 'निरंकुश राजतन्त्रको नमूना' भने। उनीहरूले त्यसको पूर्ण अवज्ञा गर्नुपर्नेमा जोड दिए।[२९] नेकपा (एमाले) का नेता बामदेव गौतमले 'मुलुकमा जंगली शासन भएको प्रमाण' को रूपमा सञ्चार अध्यादेशलाई व्याख्या गर्नुभयो। कांग्रेस सहमहामन्त्री डा. रामवरण यादवले अध्यादेशले प्रजातन्त्रको प्राणवायुमाथि आक्रमण गरेको उल्लेख गर्दै अध्यादेश फिर्ता लिएर जनतासँग माफी माग्न सरकारलाई चेतावनी दिनुभयो। जनमोर्चाका लीलामणि पोखरेलले सरकारलाई मिडिया, मानवअधिकार र दलसँग फोबिया भएको उल्लेख गर्दै भ्रष्टाचारलगायत सरकारी अपराध छोप्न अध्यादेश ल्याइएको बताउनुभयो। राप्रपाका खेमराज पण्डितले सञ्चार नियन्त्रण अध्यादेशलाई बेमौसमी भन्दै त्यसको विरोध गर्नुभयो। राष्ट्रिय जनशक्ति पार्टीका सूर्यबहादुर थापाले सञ्चार अध्यादेशको प्रक्रिया नै गलत भएको बताउनुभयो।

सरकारले अध्यादेश जारी गरेपछि सुरु गरेको दमन अभियान बढ्दै जानेतर्फ सञ्चार जगत् मात्र होइन, राजनीतिक दलहरू पनि सचेत थिए। यसै सन्दर्भमा नेपाली कांग्रेसका सभापति गिरिजाप्रसाद कोइरालाले एउटा सञ्चारमाध्यममाथिको आक्रमण अर्कोमा पनि दोहोरिनसक्ने भएकोले षडयन्त्रविरुद्ध एक भएर लड्न पत्रकारहरूलाई आग्रह गर्नुभयो। उहाँले प्रजातन्त्रको आधारशिला सञ्चार माध्यममाथि आक्रमण हुँदै गएकाले सबैले एक भएर प्रतिकार गर्नुपर्ने सल्लाह दिनुभयो। कांग्रेस प्रवक्ता कृष्णप्रसाद सिटौलाले प्रजातन्त्र र प्रेस स्वतन्त्रता पक्षधरहरूबीच संयोजन हुन सकेन भने अन्तर्राष्ट्रिय सहयोग पाए पनि निरंकुशता विरुद्धको आन्दोलनले सोचे जति अग्रसरता लिन नसक्ने जनाउनुभयो।[३०]

अध्यादेश बनाएर जबर्जस्ती लागू गर्ने र सञ्चारमाध्यममाथि हमला गर्ने सरकारी प्रवृत्तिलाई राष्ट्रिय जनशक्ति पार्टीका अध्यक्ष सूर्यबहादुर थापाले 'गुरिल्ला युद्ध' को संज्ञा दिनुभयो। *रेडियो सगरमाथा*माथि सरकारले आक्रमण गरेपछि उहाँको प्रतिक्रिया थियो– "सञ्चारमाध्यमसँग लडेर सरकारले जितेको इतिहास संसारमै छैन" (जनसञ्चार २०६२)। सरकारले एफएम रेडियोमाथि गरेको

---

[२९] २०६२ कात्तिक १२ गते रिपोर्टर्स क्लबको साक्षात्कार कार्यक्रममा।

[३०] नेपाली काँग्रेस प्रचार विभागद्वारा २०६२ कात्तिक १३ गते सञ्चारकर्मीका लागि आयोजित दीपावली चियापान कार्यक्रममा।

आक्रमणबाट आलोचनाका सबै स्वरहरू बन्द गर्न सकिने ठानेकोलाई जनमोर्चाका नेता नवराज सुवेदीले 'दिवास्वप्न' भन्नुभयो । दल तथा सञ्चारकर्मीहरूले संयुक्त आन्दोलन गर्नुपर्ने सुझाव उहाँको थियो (सुवेदी २०६२) ।

प्रेस विरुद्धका तमाम शत्रुतापूर्ण घटनाहरूका कारण निकै दुर्नाम कमाएको माओवादीले पनि आफूलाई प्रेस स्वतन्त्रताको पक्षधरकै रूपमा दाबी गऱ्यो । आफूहरूले प्रेस स्वतन्त्रता र मानवअधिकारलाई नारामा मात्र सीमित नगरी सम्पूर्ण जनताको न्यायपूर्ण स्वतन्त्रता स्थापित गर्न चाहेको माओवादी जनमुक्ति सेनाका डेपुटी कमाण्डर प्रभाकरको दाबी थियो । पाल्पाको पश्चिमाञ्चल एफएममा आक्रमण गरेको विषयमा अन्तर्राष्ट्रिय संस्थाका प्रतिनिधिहरूसँग माओवादी सैनिक नेता प्रभाकरको स्पष्टीकरण थियो– "आक्रमण (पाल्पा) सुरु गर्दा हामीलाई त्यहीँ एफएम कार्यालय छ भन्ने थाहा थिएन, थाहा पाउने बित्तिकै जनसेनालाई पछि हटायौँ" (पूर्ण बस्नेत २०६२ : १६) ।

स्वतन्त्र रेडियो आन्दोलनप्रति राजनीतिक क्षेत्रको समर्थन राजाको शासन पतन नहुन्जेल जारी रह्यो । अभिव्यक्तिको स्वतन्त्रता र प्रजातन्त्र अन्योन्याश्रित भएकाले यस्तो हुनु स्वाभाविक थियो । स्वतन्त्र रेडियो र सञ्चार जगत्कै साहसका कारण लोकतन्त्रको आन्दोलनले गति लिन सकेको यथार्थ पनि सबैका सामुन्ने नै थियो ।

## विश्व भाइचारा

एकातिर सरकार संसारमा कहीँ पनि एफएम रेडियोले समाचार प्रसारण गर्दैनन् भन्ने प्रचार गर्न सरकारी संयन्त्रको दुरुपयोग गर्दै थियो भने अर्कातिर संसारभरिका स्वतन्त्र सञ्चारका हिमायती र रेडियोकर्मीहरू चाहिँ प्रचारको तथ्यसहित खण्डन गर्दैथिए । प्रेस स्वतन्त्रताका पक्षधर विश्वका संघसंस्थाहरूले सदैव नेपाली स्वतन्त्र रेडियोको पक्षमा आवाज उठाइरहे । यस्तो आवाज नेपाली सञ्चार जगत्ले सहयोग माग्दा मात्र होइन, स्वतःस्फूर्त रूपमा पनि प्रकट हुने गरेको थियो ।

माघ १९ को लगत्तै नेपालको अवस्थाबारे विश्वलाई जानकारी दिन अत्यन्त कठिन भयो । सञ्चारका सबै साधनहरू समाप्त पारिएको र स्याटेलाइट फोनको उपलब्धता अत्यन्त सीमित भएकोले नेपाल एउटा अन्धकार कुवामा रूपान्तरण भएको थियो । यस्तो बेलादेखि नै विदेशी मित्रहरूको समर्थन प्राप्त भएको थियो । माघ १९ गतेकै दिन पत्रकार कनकमणि दीक्षितले नेपालको अवस्थाबारे *बीबीसी* नेपाली सेवालाई जानकारी दिन कूटनीतिक निकायको सहयोग पाउनुभएको थियो । त्यसपछि, इन्टरनेट सेवा समाप्त गरिएका सात दिनसम्म नेपाली

पत्रकारहरूलाई कतिपय देशका कूटनीतिक तथा विकाससँग सम्बन्धित निकायले त्यो सुविधा जुटाइदिएका थिए । कतिपय विदेशी नियोगहरूले पत्रकार मात्र नभएर नागरिक समाजका सदस्य र मानवअधिकारकर्मीहरूलाई समेत सम्भावित खतराबाट जोगाउन सुरक्षित बासस्थानको जोहो गरिदिएका थिए । कैयौँ पत्रकारहरूले संयुक्त राष्ट्रसंघको पुल्चोकस्थित कार्यालयलाई आफ्नो सुरक्षित स्थल बनाएका थिए । संयुक्त राष्ट्रसंघको नेपालस्थित कार्यालयका मानवअधिकार अधिकृत डेविड जोन्सनले माघ २० गते नै नेपाल पत्रकार महासंघमा पुगेर 'पीडित पत्रकारहरूलाई राष्ट्रसंघको ढोका सधैँ खुला रहने' सन्देश दिनु पनि सहयोग नै थियो ।

सरकारले स्वतन्त्र रेडियोमाथि सर्वाधिक हमला गरेको थियो भने विदेशी मित्रहरूको सबैभन्दा बढी सरोकार पनि रेडियोमै केन्द्रित भएको थियो । यस क्रममा प्राप्त सबै समर्थन र प्रतिक्रियालाई यहाँ समावेश गर्न सम्भव नहुने भएकाले केहीलाई मात्र प्रतिनिधिमूलक तवरमा समावेश गरिएको छ । अन्तर्राष्ट्रिय स्वरहरूलाई सञ्चार जगत्सँग सम्बन्धित संघ संस्था तथा सञ्चारमाध्यमहरू, संयुक्त राष्ट्रसंघ लगायत मानवअधिकार र स्वतन्त्रताका पक्षपातीहरू तथा विभिन्न देशका आवाजका रूपमा अलग-अलग राखेर हेर्न सकिन्छ ।

### *सञ्चार जगत्*

नेपालगञ्जका पत्रकारलाई माघ २५ गते स्थानीय प्रशासनले १२ बुँदे आदेश जारी गरेको केही दिनपछि नै फ्रान्सको राजधानी पेरिसमा मुख्यालय रहेको अन्तर्राष्ट्रिय संस्था रिपोर्टर्स विदाउट बोर्डर्स (आरएसएफ) ले नेपालको सरकारका नाममा ११ बुँदे 'आकस्मिक कदम' चाल्न पत्र लेख्यो । फ्रान्सस्थित शाही नेपाली राजदूतावासमार्फत पठाइएको सो पत्रमा 'राजदरबार र सेनाले लिएका पछिल्ला निर्णयले बिगारेको प्रेस स्वतन्त्रता' को बचाउका लागि आग्रह गरिएको थियो । एघारमध्ये तीनओटा बुँदा रेडियोसँग सम्बन्धित थिए । तिनमा एफएम रेडियो स्टेसनहरूमा समाचार कार्यक्रम सञ्चालन गर्न अनुमति दिन, सामुदायिक रेडियो स्टेसनहरू पुनः खुला गर्न र *बीबीसी* नेपाली सेवा पुनः प्रसारण थाल्न दिन माग गरिएको थियो । सरकार यी उपाय कार्यान्वयन गर्न असफल भएमा आफूले पश्चिमा देशहरूमा हिमाली अधिराज्य नेपालमाथि राजनीतिक नाकाबन्दी थाल्नका लागि अभियान नै सञ्चालन गर्ने घोषणासमेत आरएसएफले गऱ्यो ।

माघ २८ गतेदेखि फागुन ८ गतेसम्म अन्तर्राष्ट्रिय पत्रकार महासंघ (आइएफजे) का सभापति क्रिष्टोफर वारेनको नेतृत्वमा दक्षिण एसिया कार्यक्रम

व्यवस्थापक लक्ष्मी मूर्तिसहितको ऐक्यबद्धता नियोगले नेपालको भ्रमण गऱ्यो । नियोगले नेपालमा रेडियो स्टेसनहरू बन्द गरिँदा नागरिकको सूचनाका हकमाथि बन्देज लागेको निष्कर्ष निकाल्यो । नियोगको भनाइ थियो– “एफएम रेडियोमा समाचार र समाचारमूलक कार्यक्रममाथि बन्देज लगाउनु निकै हानिकारक छ । खास गरी काठमाडौँबाहिर नेपालमा धेरै भाग समाचार र सूचनाका लागि एफएम रेडियोमा निर्भर छन् । यस्तो सेवालाई गुमाउनु पर्नाले जनताको सूचनाको हकमाथिको आक्रमणका साथै राष्ट्रिय अनिश्चयलाई अझ गहिरो बनाउन पनि योगदान गरेको छ” (मुर्ति सन् २००५ : ११-१२) । अध्ययन पूरा गरेर फर्कने क्रममा पनि सभापति वारेनले रेडियोका पत्रकारहरूको रोजगारी गुमेको र यो




तस्वीर ६ : अन्तर्राष्ट्रिय पत्रकार महासंघद्वारा सन् २००५ मा प्रकाशित नेपालसम्बन्धी प्रतिवेदन ।

अवस्था अझ बढ्नसक्ने देखिएको भनेर चिन्ता व्यक्त गर्नुभएको थियो ।[३१] आइएफजेको मिशन आएपछि नेपाल पत्रकार महासंघले गरिरहेको संघर्षमा निकै आत्मबल पैदा भएको थियो ।

माघ १९ को कदमपछि स्वतन्त्र रेडियोमा प्रतिबन्ध लगाइए पनि विद्रोही माओवादीले सञ्चालन गरेका पाँचओटा रेडियो स्टेसनबाट एकतर्फी रूपमा समाचार तथा समाचारमूलक कार्यक्रम प्रसारण भइरहेको औंल्याउँदै आइएफजेले

[३१] २०६१ फागुन ८ गते सूचना विभागको सभाकक्षमा आयोजित पत्रकार सम्मेलनमा ।

स्वतन्त्र रेडियोमाथि सरकारले गरेको प्रहारबाट सबैभन्दा ठूलो असर नेपालका दुर्गम गाउँ र हिमाली, पहाडी क्षेत्रमा रहेका निरक्षर जनताको समाचार र सूचनाको महत्त्वपूर्ण स्रोतमा पारेको ठहर गरेको थियो । यसले मुलुकलाई गम्भीर राष्ट्रिय अनिश्चिततातिर धकेल्न भूमिका खेलेको आइएफजेको मूल्यांकन थियो (वारेन र डिमार्जो सन् २००५ : १६) ।

अन्तर्राष्ट्रिय प्रेस इन्स्टिच्यूट (आईपीआई) ले नेपालमा पत्रकारहरूमाथि जारी संकटप्रति गहिरो चिन्ता व्यक्त गर्दै पेशाकै कारण कुनै पनि पत्रकार दण्डित नहुने प्रत्याभूति गर्न राजालाई अपील गऱ्यो । आईपीआईले २०६१ फागुनको अन्तिम साता गरेको अपीलमा नेपाल पक्ष रहेको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी महासन्धिको धारा १९ ले प्रत्याभूत गरेका अधिकारको समेत उल्लंघन भएको टिप्पणी गऱ्यो । संयुक्त राष्ट्रसंघले आतंकवादविरुद्ध लड्न प्रेस स्वतन्त्रता आधारभूत कुरा हो भनेर औँल्याएको कुरा पनि आईपीआईले राजालाई लेखेको पत्रमा उल्लेख गऱ्यो ।

२०६१ चैत १ गते रिपोर्टर्स विदाउट बोर्डर्स (आरएसएफ) ले चीन, क्युवा, इरिट्रिया र नेपाल पत्रकारलाई सबैभन्दा बढी बन्दी बनाउने मुलुकमा परेको प्रतिवेदन सार्वजनिक गऱ्यो । हुन पनि माघ १९ पछिको दुई महिनाको अवधिमा मात्र नेपालमा ७० जना पत्रकारलाई बन्दी बनाइसकिएको थियो ।

चैत ४ गतेदेखि पाँच दिनका लागि दक्षिण एसियाली स्वतन्त्र पत्रकार संगठन (साफ्मा) को मिसन नेपाल आयो । यस क्षेत्रका विभिन्न देशका वरिष्ठ पत्रकारहरूको सहभागिता रहेको र साफ्मा महासचिव इम्तियाज आलमले नेतृत्व गरेको यो मिसनले नेपालका पत्रकार, सञ्चारसंस्थाका प्रतिनिधि, मानवअधिकारकर्मी, कानुन व्यवसायी र सरकारी अधिकारीहरूलाई भेटेर सूचना संकलन गरेको थियो । विभिन्न जिल्लाको समेत स्थलगत अध्ययन गरेपछि मिसनले ठहर गऱ्यो- सरकारी निर्णयले एफएममा लगानी भएको ३ करोड रुपियाँभन्दा बढी प्रभावित भएको छ । राजाको माघ १९ को शाही सम्बोधनमा रहेको सञ्चारप्रतिको अभिव्यक्ति र व्यवहार आपसमा बाझेको र राष्ट्रिय प्रसारण ऐनको दुरुपयोग भइरहेको समेत साफ्माको ठहर थियो (हुसेन सन् २००५ : ३-४) । साफ्मा महासचिवले एफएम रेडियोमा समाचार प्रसारणमा लगाइएको बन्देजका विरुद्ध त्यसअघि पनि टिप्पणी गर्नुभएको थियो ।[३२]

---

[३२] मिसनको अन्तिम दिन २०६१ चैत ८ गते आयोजित पत्रकार सम्मेलनमा ।




तस्वीर ७ : दक्षिण एसियाली स्वतन्त्र पत्रकार संगठन (साफ्मा) को मिसनपछि प्रकाशित नेपालबारे प्रतिवेदन ।

चैत ८ गते दक्षिण एसियाली स्वतन्त्र सञ्चार संगठनले नेपाली प्रेस अनिश्चित र अपरिभाषित रहेको टिप्पणी गऱ्यो । संगठनले नेपाली प्रेसको स्वतन्त्रता बहालीका लागि अन्तर्राष्ट्रिय सञ्चार अभियान नै चलाउने निर्णय पनि गरेको थियो ।

अमेरिकाको न्युयोर्कमा मुख्यालय रहेको कमिटी टु प्रोटेक्ट जर्नलिस्ट (सीपीजे) का कार्यकारी निर्देशक एन. कूपरको नेतृत्वमा चैत २८ गते एउटा उच्चस्तरीय टोली नेपाल आयो । र, नेपालमा एफएम रेडियो स्टेसनलाई समाचार प्रसारणमा लगाइएको रोकको विरोध गर्दै सबै बन्देजकारी आदेशहरू फिर्ता लिन माग गऱ्यो । कूपरले स्पष्ट शब्दमा 'सञ्चारको विश्वसनीय माध्यमका रूपमा विश्वमा परिचित एफएम रेडियो स्टेसनहरूलाई समाचार सम्प्रेषण गर्न लगाइएको रोक फिर्ता गर्न' माग गर्नुभयो । 'के एफएमले विश्वको कुनै भागमा पनि समाचार संकलन गर्न नपाउने कुरा सत्य हो ?' भन्ने प्रश्नको जवाफ दिँदै उहाँले भन्नुभयो- "बिल्कुल सत्य होइन, सर्वप्रथम त म नै एफएम रेडियोको संवाददाता थिएँ । विश्वभरि आज विश्वस्त समाचार सम्प्रेषण गर्ने माध्यमका रूपमा एफएम रेडियोलाई लिइन्छ । नेपाल सरकारले फैलाएको हल्लामा कुनै सत्यता छैन ।" (कुपर २०६२, बक्स ५ हेर्नुहोस्) । उहाँको भनाइ थियो- "एफएमले मनोरञ्जनात्मक कार्यक्रमबाहेक केही प्रसारण गर्न नपाउने नियम शायद नेपालमा मात्र होला ।"

**बक्स ५ : एफएम रेडियोबारे कमिटी टु प्रोटेक्ट जर्नलिस्टका कार्यकारी निर्देशकको धारणा**

**एफएम रेडियो त नेपालका अन्तर्राष्ट्रिय पहिचान**
**- एन. कूपर,**
*कार्यकारी निर्देशक, कमिटी टु प्रोटेक्ट जर्नलिस्ट*

- *एफएम रेडियो त नेपालका अन्तर्राष्ट्रिय पहिचान नै बनेका छन् ।*
- *स्थानीय स्तरमा यी एफएम स्टेसनले नेपाली भाषामा शिक्षा स्वास्थ्य जस्ता विषयमा छलफल चलाउँदै आएका थिए । समाचार माध्यमले स्थानीय स्तरमा त्यहीँका समस्याका बारेमा छलफल चलाएर सहयोग गर्नु एकदमै ठूलो काम हो । प्रेसले जिम्मेवार र रचनात्मक भूमिका निर्वाह गर्न सक्छ भन्ने यो एउटा उदाहरण हो । स्थानीय स्तरमा एफएमहरूले राजनीतिक असमझदारी र त्यसको समाधानका विषयमा छलफल गर्न सक्छन् । अहिले यस्तो माध्यममाथि आक्रमण भएको हुनाले संघर्ष गर्नुपर्ने भएको छ । निजी क्षेत्रका सञ्चारमाध्यमलाई समाचार भन्न नदिँदा स्थानीय स्तरमा निकै ठूलो क्षति भएको छ ।*

  *अहिले स्वतन्त्र र भरपर्दो समाचार सम्प्रेषणको सट्टामा सरकारी सूचनामा भर पर्नु परेको छ । केही ग्रामीण क्षेत्रमा माओवादीका गोप्य एफएममा जनताले भर पर्नुपरेको छ ।*
- *म आफैँले अमेरिकामा नेसनल पब्लिक रेडियोमा काम गरेँ । मेरो रिपोर्ट अफ्रिकाको सम्पूर्ण क्षेत्रका एफएम स्टेसनले समेत प्रसारण गर्थे ।*
- *अमेरिकामा सयौँ एफएम स्टेसन छन्, जसले समाचार दिन्छन् । मेरो कम्पनीले एफएमलाई समाचारसमेत उत्पादन गरेर दिने गर्छ । केही स्टेसन त चौबीसै घण्टा समाचार मात्रै दिने हुन्छन् (लुइँटेल र खनाल २०६२) ।*

२०६२ वैशाखको पहिलो हप्ता आरएसएफले *बीबीसी* विश्व सेवाको प्रसारण रोकिएकोमा आपत्ति जनाउँदै तुरुन्त सुरु गराउन माग गर्‍यो । यो संस्थाका अनुसार, वर्षौंको उदार स्थितिपछि दक्षिण एसियामा रेडियो समाचारको बहुलवादलाई राजाको कदमले पछाडि धकेलेको थियो ।

यसै क्रममा अमेरिकी साप्ताहिक पत्रिका *टाइम* का प्रधान सम्पादक नमन पर्लस्टाइनले प्रेस स्वतन्त्रता कुण्ठित गर्ने नेपाल सरकारको नीतिविरुद्ध नेपाली पत्रकारहरूले गरिरहेको आन्दोलनप्रति समर्थन प्रकट गर्नुभएको थियो ।[३३] २०६२ जेठ ३१ गते ठूलो संख्यामा पत्रकारहरूलाई पक्राउ गरेर थुनिएपछि साफ्मालगायतका संघसंस्थाले विज्ञप्ति निकालेर विरोध जनाएका थिए ।

यसबीच सामुदायिक रेडियोहरूको विश्व संगठन (अमार्क) का महासचिव मार्सेलो सोलेर्भिसेन्स काठमाडौँ आइपुग्नुभयो । प्रेस स्वतन्त्रता तथा अभिव्यक्ति

[३३] कान्तिपुर पब्लिकेशन्सका प्रबन्ध निर्देशक कैलाश सिरोहिया तथा निर्देशक विनोदराज ज्ञवालीसँग न्युयोर्कको म्यानहटनस्थित *टाइम* पत्रिकाको कार्यालयमा भएको भेटघाटमा (कान्तिपुर २०६२श) ।

स्वतन्त्रताका लागि अन्तर्राष्ट्रिय मिडिया नियोगको सदस्यका रूपमा नेपाल आएका उहाँले एफएम रेडियोको आधारभूत तत्त्व नै समाचार र समाचारमूलक कार्यक्रम भएको उल्लेख गर्दै समाचार दिन नपाउने हो भने एफएम रेडियोको औचित्य नै नहुने बताउनुभयो।[३४] अमार्ककै अफ्रिका च्याप्टरले 'सिम्बानी' नामक रेडियो समाचार समिति र दक्षिण अमेरिका च्याप्टरले 'पल्सर' नामक रेडियो समाचार समिति सञ्चालन गर्दै आएका उहाँले जानकारी दिनुभयो।[३५] रेडियो समाचार बन्द गरेर नेपाल धेरै पछाडि फर्किरहेको टिप्पणी गर्दै उहाँले एफएम रेडियोले समाचार दिनुहुँदैन भन्ने सरकारी तर्कप्रति आश्चर्य व्यक्त गर्नुभयो। अमार्कका सभापति स्टिभ बक्लीले त यो जानकारी लिखित रूपमै पठाउनु भएको थियो। त्यसलाई सञ्चार अध्यादेशविरुद्धको कानुनी लडाईंको क्रममा सर्वोच्च अदालतमा प्रमाणमा रूपमा समेत पेश गरियो।[३६] उहाँले भन्नुभएको थियो– "आवश्यक परे दैनिक समाचारमूलक कार्यक्रम प्रसारण गर्दै आएका स्टेसनपिच्छेका जानकारी उपलब्ध गराउन अमार्क तयार छ।"

हुन पनि दुनियाँमा यस्ता थुप्रै ठाउँ छन्, जहाँ स्थानीय रेडियोहरूले समाचार प्रसारण गर्ने गर्छन्। इन्डोनेसियामा रेडियो समाचार समिति ६८ एच सञ्चालनमा छ  जसले त्यहाँका ३५० भन्दा बढी प्रान्तमा रहेका ४०० भन्दा बढी स्थानीय एफएम रेडियोबाट हरेक घण्टा समाचार प्रसारण गर्छ। नेदरल्यान्ड्समा स्थानीय रेडियोले अन्य कार्यक्रमका अतिरिक्त समाचार, समसामयिक राजनीतिक कार्यक्रमहरू सञ्चालन गर्छन् र त्यसबाट राम्रै विज्ञापन उठाउँछन्। अस्ट्रेलियन ब्रोडकास्टिङ अथोरिटीले सामुदायिक र अन्य स्थानीय रेडियोहरूका लागि सन् १९९५ मा जारी गरेको कार्यक्रमसम्बन्धी निर्देशिकामा भनिएको छ– "समाचार तथा समसामयिक विषयका कार्यक्रममा प्रतिनिधित्व हुन नसकेका पक्षको पहुँच हुनुपर्छ र तथ्यपरक तथा निष्पक्ष भएर वास्तविक सामग्री प्रस्तुत गर्नुपर्छ।" विकसित मुलुकहरूले समाचार, विचारका साथै विविधतायुक्त कार्यक्रम प्रसारण गर्ने एफएम स्टेसनलाई इजाजतका लागि विशेष छुट तथा प्रोत्साहनसमेत दिने गरेका छन्।

दक्षिण अफ्रिकामा सामुदायिक र स्थानीय एफएम रेडियोले दिने कार्यक्रमहरूमध्ये अनिवार्य रूपले समाचार र अन्य सूचनामूलक कार्यक्रम प्रसार

---

[३४] मिसनको सचिवालयका हैसियतले २०६२ असार २५ गते मिडिया सर्भिसेज इन्टरनेसनलले काठमाडौंमा गरेको पत्रकार सम्मेलनमा।

[३५] यी समाचार समितिहरूको बारेमा थप जानकारीका लागि हेर्नुहोस्- www.amarc.org

[३६] २०६२ कात्तिक १३ गते सर्वोच्च अदालतमा बहसका क्रममा अधिवक्ता माधवकुमार बस्नेतद्वारा प्रस्तुत।

गर्नुपर्ने व्यवस्था छ । त्यहाँ बुसलगायतका एफएम रेडियोले सूचना, समाचार र अन्य कार्यक्रम सञ्चालन गरेर जनताको मन जितेका छन् । इक्वेडरमा रेडियो चारुआरुर्को लगायतका र घानामा रेडियो आदा लगायतका एफएम रेडियो स्टेसनहरू सूचना र समाचारका लागि जनताका साथी बनेका छन् । फिलिपिन्समा ताम्बुली रेडियो नेटवर्क क्रियाशील छ र त्यहाँ स्थानीय सामुदायिक रेडियोबाट तात्तातो समाचार सुन्न श्रोताहरू कान थापेर बस्ने गर्छन् । क्यानाडा सरकारले एफएम रेडियोहरूबाट मनोरञ्जनात्मक कार्यक्रमका अतिरिक्त विविधतापूर्ण सूचना र जानकारी प्रसार हुनुपर्ने प्रावधान राखेको छ । अमेरिका त रेडियो जन्मिँदै स्वतन्त्र भएर जन्मेको देश हो । त्यसैले समाचार प्रसारणको काम संसारमा कहीँ कतै हुँदैन र नेपालका एफएम रेडियोले मात्र त्यसो गरिरहेका छन् भनेर अफवाह फैलाउनुको कुनै अर्थ थिएन ।

असार २६ गते सीमावर्ती भारतीय भूमिमा भारतका पत्रकारहरूले प्रेस स्वतन्त्रताको पक्षमा नेपालमा चलिरहेको संघर्षको समर्थनमा प्रदर्शन गरे । उनीहरूले तुल र प्लेकार्डसहित नेपालमा प्रेस स्वतन्त्रता बहाली गरिनुपर्ने पक्षमा नारा लगाउँदै बजार परिक्रमासमेत गरेका थिए ।

यसबीच असार २६ देखि साउन १ गतेसम्म रहने गरी एउटा अभूतपूर्व अन्तर्राष्ट्रिय नियोग नेपाल आयो । नेपालको प्रेस स्वतन्त्रताको स्थितिको स्थलगत अध्ययन गर्ने, नेपाली प्रेस स्वतन्त्रताको आन्दोलनप्रति ऐक्यबद्धता र समर्थन जनाउने तथा यस अवस्थाबाट मुक्तिका लागि राष्ट्रिय एवं अन्तर्राष्ट्रिय क्षेत्रबाट गर्नुपर्ने वकालतका सम्बन्धमा भावी कार्ययोजना निर्माण गर्ने हेतुले सो नियोगले नेपाल भ्रमण गरेको थियो ।

नियोगमा युनेस्कोका सञ्चार तथा सूचनासम्बन्धी सहायक महानिर्देशक डा. अब्दुल खान, इन्टरनेसनल मिडिया सपोर्ट (आइएमएस) का अध्यक्ष टर्बेन क्रग, कार्यकारी निर्देशक जेस्पर होजबर्ग र निमित्त उपनिर्देशक थोमस हग्स, वर्ल्ड प्रेस फ्रिडम कमिटीका क्याथरिन पावर, आर्टिकल १९ का कार्यकारी निर्देशक एग्नेस क्यालामार्ड, सामुदायिक रेडियोहरूको विश्व संगठन (अमार्क) का महासचिव मार्सेलो सोलेभिसेन्स, इन्टरनेसनल प्रेस इन्स्टिच्यूटका सम्पादक तथा वरिष्ठ प्रेस स्वतन्त्रता सल्लाहकार डेभिड डचाज, रिपोर्टर्स विदाउट बोर्डर्सका एसिया प्रशान्त क्षेत्रीय प्रमुख भिन्सेन्ट ब्रोस्सेल, अन्तर्राष्ट्रिय पत्रकार महासंघका एसिया प्रशान्त निर्देशक ज्याक्लीन पार्क र दक्षिण एसिया कार्यक्रम अधिकृत लक्ष्मी मूर्ति, कमिटी टु प्रोटेक्ट जर्नालिस्टका सावन क्रिस्पिन, वर्ल्ड एसोसिएसन अफ न्युजपेपर्सका प्रेस स्वतन्त्रता सहायक मेलानी वाकर, दक्षिण एसियाली स्वतन्त्र पत्रकार संगठन

(साफ्मा) का हुसेन नाकी र सदफ अर्सद तथा प्रेस इन्स्टिच्यूट अफ इन्डियाका सेवन्ती निनानको सहभागिता थियो । नियोग र नेपाली प्रतिनिधिहरूको सहभागितामा काठमाडौँमा राष्ट्रिय सम्मेलन आयोजना गरियो । नियोगले विराटनगर, धरान, बुटवल, नेपालगञ्ज र महेन्द्रनगरको स्थलगत अध्ययन गर्नुका साथै ती ठाउँमा अन्तर्क्रिया कार्यक्रमसमेत गरेको थियो ।

नियोगका सदस्यहरूले नेपालस्थित अन्तर्राष्ट्रिय समुदाय तथा सहयोग संगठन, नागरिक समाज, मानवअधिकारकर्मी, कानुन व्यवसायीहरू, सञ्चारकर्मी र सरकारी गैरसैनिक तथा सैनिक अधिकारीहरूसँग पनि छलफल गरेका थिए । असार २८ गते नियोगले वरिष्ठ सरकारी अधिकारीहरूसँग भेटघाटको कार्यक्रम राखेको थियो । त्यस क्रममा सूचना तथा सञ्चारमन्त्री टंक ढकाललाई भेट्न मन्त्रालय पुगेका नियोगका नेपाली सदस्यहरू तारानाथ दाहाल, रघु मैनाली र विनोद ढुङ्गेललाई मन्त्रीको कार्यकक्षमा पस्न दिइएन । विदेशीहरूसँगै पसिरहेका नेपालीलाई पहिले नजानिँदो किसिमले ढोकामा अल्मल्याइयो र विदेशीहरू पसिसकेपछि सरकारी कर्मचारीहरूले हातमा तानेरै प्रवेश गर्नबाट रोके । विदेशीहरूलाई त्यसबारे बाहिर ननिस्किउन्जेल कुनै पत्तो भएन किनकि त्यो अत्यन्त अनपेक्षित व्यवहार थियो । शाही नेपाली सेनामा प्रधानसेनापतिपछि दोस्रो स्थानमा रहेका बलाध्यक्ष रुक्माङ्गद कटवालसहितका उच्च अधिकारीहरूसँगको भेटघाटमा कुनै बाधा उत्पन्न भएन । तर मन्त्रिपरिषद्का उपाध्यक्ष डा. तुलसी गिरीसँगको भेटघाट भने अवरुद्ध हुन पुग्यो । नेपाली प्रतिनिधिहरूसहित भेट्न गएको नियोगलाई नभेट्ने खबर डा. गिरीले पठाएपछि टोली नेता डा. अब्दुल खानले सहजीकरणको प्रयास गर्नुभयो तर त्यो सफल हुन सकेन । नियोगका नेपाली सदस्यहरूलाई भेट्न डा. गिरीले अस्वीकार गरेपछि नियोगले पनि उहाँसँगको भेटघाट अस्वीकार गरिदियो । नियोगका सदस्यहरूको राजालाई भेट्ने इच्छा र प्रयास सफल हुन सकेन । नियोगका सदस्यहरू आफूले भेट गरेका सरकारी अधिकारीहरूले आफू प्रेस स्वतन्त्रताविरोधी नभएको बताएको सुन्दा खुशी भए पनि उनीहरूको व्यवहार हेर्दा आश्वस्त हुन सकेनन् ।[३७]

'एफएम रेडियोमा समाचार' नै यो नियोगको प्रमुख सरोकारको विषय हुने जानकारी अमार्कका महासचिवले आफू आइपुग्ने बित्तिकैको पत्रकार सम्मेलनमा दिइसक्नुभएको थियो । हुन पनि नियोगले उत्पादन तथा वितरण गृह- *कम्युनिकेसन*

---

[३७] अन्तर्राष्ट्रिय प्रेस स्वतन्त्रता मिसनका एक सदस्य, अन्तर्राष्ट्रिय पत्रकार महासंघका एसिया-प्रशाान्त क्षेत्रीय निर्देशक ज्याक्लिन पार्कको भनाइ (बुधवार २०६२) ।

*कर्नर*देखि दक्षिण एसियाकै पहिलो सामुदायिक रेडियो- *सगरमाथा एफएम*, नेपालको पहिलो व्यावसायिक एफएम- *कान्तिपुर*, सरकारी आदेश उल्लंघन गरेर समाचार प्रसारण गरिरहेको एफएमहरूको नेटवर्क- *नेपाल एफएम*को भ्रमण गऱ्यो । त्यति मात्र होइन, माओवादीले लुटेको सुदूरपश्चिम नेपालको एकमात्र स्वतन्त्र रेडियो स्टेसन *घोडाघोडी एफएम*लगायत पूर्वको विराटनगर र इटहरीसम्मका रेडियो स्टेसनहरूको स्थलगत अध्ययन गऱ्यो । मिडिया सर्भिसेज इन्टरनेसनल (एमएसआई) ले नेपालमा नियोगको सचिवालयको भूमिका निर्वाह गरे पनि सञ्चार क्षेत्रसँग सम्बन्धित सबैजसो संघसंस्था नियोगको अभियानमा धेरथोर संलग्न भए ।

नियोगले नेपालको रेडियो समुदायलाई विश्व रेडियो जगत्को 'सम्मानित नेता' को स्थान दिँदै सरकारी आरोपहरूको ठीक विपरीत विकास, जनचेतना, शान्ति र स्थिरताको प्रवर्द्धनका निम्ति स्वतन्त्र रेडियोले महत्त्वपूर्ण योगदान गर्न सक्ने ठहर गऱ्यो । संसारभरिका धेरै देशका एफएम रेडियोहरूले समाचार प्रसारण गर्ने गरेको स्पष्ट पार्दै नियोगले नेपालका रेडियोहरूलाई पनि समाचार प्रसारण गर्नबाट रोक लगाउन नमिल्ने निष्कर्ष निकाल्यो । नेपालको संविधान, सर्वोच्च अदालतका निर्णय र प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको प्रत्याभूति गर्ने राष्ट्रिय कानुनका आधारमा पनि स्वतन्त्र रेडियोहरूमाथि समाचार प्रसारण गर्नबाट रोक लगाउन नपाइने नियोगको ठहर थियो । नियोगले स्वतन्त्र रेडियोबाट समाचार प्रसारणमा प्रतिबन्ध लगाउँदा वा अवरोध पुऱ्याउँदा अरू खालका प्रतिकूल असर पर्ने पनि ठहर गऱ्यो, जस्तै– "जनताको स्वतन्त्रतापूर्वक सूचना प्राप्त गर्ने हकमाथि अडचन, रेडियोहरू आर्थिक रूपमा नै टिक्न नसक्ने अवस्थाको चुनौती, सञ्चारकर्मीहरूको ठूलो संख्याको बेरोजगारी वा आयआर्जनमा गिरावट, खासगरी जिल्लाका रेडियो पत्रकारहरूमा गम्भीर प्रभाव ।" दक्षिण एसियामै अगाडि रहेको नेपालको स्वतन्त्र रेडियोको अवस्था हेरेर स्वदेश फर्किएपछि एकजना भारतीय पत्रकारले यो 'निस्सासिन' पुगेको टिप्पणी गर्नुभएको थियो (निनान सन् २००५) ।

अन्तर्राष्ट्रिय नियोगले काम सकेको भोलिपल्टै २०६२ साउन २ गते अमार्कले नेपालका स्वतन्त्र रेडियोहरूको सञ्चारको अधिकार र अभिव्यक्ति स्वतन्त्रताको पक्षमा विश्वव्यापी ऐक्यबद्धता अभियानको थालनी गऱ्यो । यसअन्तर्गत रेडियोमा समाचार तथा सार्वजनिक मामलाका विषयमा छलफल गर्न लगाइएको बन्देज हटाउन माग गर्दै विश्वभरका एफएम रेडियोहरूलाई राजदरबार, सरकार र शाही नेपाली सेनालाई पत्र पठाउन आह्वान गरियो । त्यसैअनुसार राज्यलाई

अन्तर्राष्ट्रिय क्षेत्रबाट थुप्रै रेडियो स्टेसनले पत्र पठाए ।[३८] कसैले राजदरबार संवाद सचिवालयमा, कसैले सैनिक मुख्यालयमा र कसैले सूचना तथा सञ्चार मन्त्रालयमा पत्र पठाएका थिए । त्यसरी पठाइएका सबै पत्रहरू एउटै ढाँचाका थिए । पत्रमा ती रेडियो स्टेसनले आफूले प्रसारण गर्ने समाचार बुलेटिनको संख्या र विषयवस्तुको प्रकृति (जस्तैः राजनीतिक, सामाजिक, आदि) को जानकारी दिएका थिए र नेपालमा रेडियोहरूलाई दिइएको बन्देजकारी आदेश सरकारले फिर्ता लिने विश्वास व्यक्त गरेका थिए । स्वतन्त्र रेडियो बचाऊ आन्दोलनले ती सम्पूर्ण मित्र स्टेसनहरूप्रति धन्यवाद ज्ञापन गऱ्यो ।[३९] अमार्कले नेपालको एफएम रेडियो र आन्दोलनसम्बन्धी छुट्टै वेबसाइटसमेत स्थापना गऱ्यो ।

संसारका एक सय दस देशका ५ लाखभन्दा बढी पत्रकारको प्रतिनिधित्व गर्ने अन्तर्राष्ट्रिय पत्रकार महासंघ (आईएफजे) ले नेपालको अवस्थालाई नजिकबाट नियालिरहेको भन्दै यहाँका पत्रकारहरूको सुरक्षाप्रति गम्भीर चिन्ता व्यक्त गऱ्यो । 'श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव, नारायणहिटी राजदरबार, काठमाडौं, नेपाल' लाई सम्बोधन गरेर २०६२ साउन २४ गते महासंघले पत्र पठाएको थियो । महासंघका सभापति क्रिस्टोफर वारेनले लेखेको सो पत्रमा स्वतन्त्र रेडियोहरूबारे भनिएको थियो–

> सरकारले स्वतन्त्र रेडियोहरूबाट समाचार तथा सूचनामूलक सामग्री प्रसारणमा रोक लगाएको छ महिना भइसकेको छ । यसैबीच सरकारले दुर्गम क्षेत्रका जनतालाई सूचनाको अधिकारबाट अझै एक्ल्याउने गरी नेपाल एफएमलाई बन्द गर्न दिएको अधिकारबारे समेत हामी पूर्ण जानकार छौं । एउटा स्वतन्त्र प्रेस प्रजातन्त्र र शान्तिको बाटोमा सहयात्री हुनसक्छ भन्ने तथ्यलाई हृदयंगम गर्दै अन्तर्राष्ट्रिय पत्रकार महासंघ मौसुफसँग उक्त सबै प्रकारका प्रतिबन्ध हटाउन आग्रह गर्दछ ।
>
> अन्तर्राष्ट्रिय पत्रकार महासंघ नेपाली प्रेसको यथार्थ स्थिति बुझ्ने काममा भर्खरै खटिएका दुईओटा कार्यदलमा सहभागी भएको छ । प्रत्येकपल्ट हामीले मौसूफको सरकारबाट संविधानका सबै धारा क्रियाशील रहेको आश्वासन पाएका छौँ  र त्यसलाई स्वागत पनि गरेका छौँ । तर यी आश्वासन विपरीत सरकारले नागरिक स्वतन्त्रता तथा मानवअधिकारको दिनहुँ उल्लंघन गरिरहेको पनि देखिरहेका छौँ ।
>
> ...सञ्चारमाथिको यो प्रत्यक्ष सेन्सरसिप र डरधम्कीले स्वतन्त्रतापूर्वक बोल्न पाउने मौलिक अधिकारको अपमान गरेको छ र यो सेनाले मान्नैपर्ने प्रजातान्त्रिक सिद्धान्तहरूको पनि विरुद्धमा छ ।

---

[३८] जस्तै :- अमेरिकाको क्यालिफोर्नियामा रहेको केएचएसयू-एफएम ९०.५, न्यूयोर्कको डब्ल्यूबीएआई ९९.५ एफएम, म्यासाचुसेट्स्को भ्याली फ्री रेडियो १०३.३ एफएम, कोलोऱ्याडोको केजीएनयू रेडियो, ओहियोमा रहेको डब्ल्यूजीएआर ९९.५ एफएम आदि ।

[३९] २०६२ साउन १३ गते बसेको स्वतन्त्र रेडियो बचाऊ आन्दोलन, केन्द्रीय संघर्ष समितिको बैठक ।

> ...नेपालको संविधानले प्रत्याभूत गरेको आधारभूत मानवअधिकारको अन्त्य हुनु दुःखदायी कुरा हो र अन्तर्राष्ट्रिय पत्रकार महासंघ सञ्चारमाध्यममाथिका प्रत्यक्ष-अप्रत्यक्ष सबै सेन्सरसिप तथा सम्पादकीय स्वतन्त्रतामाथिको बलपूर्वक हस्तक्षेपको अन्त्य हुनुपर्छ भन्ने माग गर्दछ ।
>
> यसका साथै, अन्तर्राष्ट्रिय पत्रकार महासंघ बोल्न पाउने स्वतन्त्रता र संगठित हुने अधिकारको पुनर्बहाली गर्न तथा नेपालका सम्पूर्ण पत्रकारहरूको सुरक्षाको प्रत्याभूति दिंदै नेपाललाई प्रजातन्त्रको बाटोमा फर्काउन श्री ५ लाई आह्वान गर्दछ ।

संसारमा कहीँ पनि एफएम रेडियोबाट समाचार प्रसारण गरिँदैन भनेर सरकारले हुइयाँ मच्चाइरहेको बेला साउन २५ गते सरकार नियन्त्रित रेडियो नेपालले क्यानाडामा नेपालीहरूले एफएम रेडियो सुरु गरेको समाचार महत्त्वका साथ प्रसारण गरेको थियो ।[४०] समाचारअनुसार, 'नमस्ते रेडियो' नामको सो एफएम त्यहाँ १०१.३ मेगाहर्जमा सुन्न सकिन्थ्यो र त्यसले अन्तर्वार्ता, संगीतलगायतका सामग्रीका साथै समाचार पनि प्रसारण गरिरहेको थियो । त्यस्तै, सोलुमा सञ्चालित एफएम रेडियोले समाजलाई पुऱ्याएको योगदानका बारेमा *नेपाल टेलिभिजन*ले विस्तृत चर्चा गरेको थियो ।

अन्तर्राष्ट्रिय पत्रकार महासंघ (आईएफजे) को आह्वानमा २०६२ भदौ १४ गतेका दिन 'नेपालमा प्रेस स्वतन्त्रताका लागि विश्वव्यापी हस्ताक्षर अभियान' चलाइयो । महासंघले भनेको थियो– "यो नेपालको बढ्दो मानवअधिकार संकटको स्थितिमा नेपाली अधिकारीहरूमाथि अन्तर्राष्ट्रिय दबाब बढाउने अभियानअन्तर्गतको एक अंश हो । भदौ १४ गते अन्तर्राष्ट्रिय पत्रकार महासंघसँग आबद्ध संसारभरका संस्थाहरू नेपालको प्रेस स्वतन्त्रताका निम्ति 'ग्लोबल डे फर एक्शन' मा सहभागी हुनेछन् ।" आईएफजेका सदस्य रहेका ११० ओटै राष्ट्रमा यो अभियान एकसाथ सञ्चालन गरिएको थियो । यसरी संकलित हस्ताक्षरहरू सन् २००५ सेप्टेम्बर १४ देखि १७ तारिख (२०६२ भदौ २९ देखि असोज १) सम्म न्यूयोर्कमा भएको संयुक्त राष्ट्रसंघको महासभामा प्रस्तुत गरिएको थियो ।

विश्वव्यापी अभियानकै दिन महासंघले राजालाई अर्को पत्र पठायो र नेपालमा प्रेस स्वतन्त्रता बहालीका लागि संसारभरिबाट भइरहेका पहलहरूप्रति ध्यान दिन आग्रह गऱ्यो । सभापति वारेनले माघ १९ पछिको सरकारले प्रत्यक्ष कारवाही वा परोक्ष दबाब लगायत विभिन्न माध्यमबाट नेपालको सञ्चार समुदायमाथि प्रतिबन्ध लगाउने, धम्की दिने, पत्रकारहरूलाई थुन्नेलगायतका काम गर्दै आएको कुराप्रति आपत्ति जनाउनुभयो । उहाँले मूलतः रेडियो

---

[४०] २०६२ साल साउन २५ गते बिहान ७ बजे प्रसारण भएको *रेडियो नेपाल*को राष्ट्रिय समाचार ।

पत्रकारहरूसहित दुई हजार जति पत्रकारहरू बेरोजगार भएको, केहीलाई गिरफ्तार गरिएको लगायत माघ १९ पछि सिलसिलाबद्ध आक्रमण भइरहेको समेत उल्लेख गर्नुभएको थियो । सोही अवसरमा भारत, हङ्कङ्ग, अफगानिस्तान, पाकिस्तान, श्रीलंका, बंगलादेश, थाइल्याण्ड, इण्डोनेशिया, अष्ट्रेलिया, जापान, ताइवान, इटाली, जर्मनी र नर्वेका संस्थाहरूले पनि राजालाई विरोधपत्र पठाएका थिए । त्यसै दिन भारतीय पत्रकार र अखबारका युनियन सम्बद्ध कार्यकारीहरूले दिल्लीस्थित नेपाली राजदूतावासमा गएर सरकारी अधिकारी प्रदीप खतिवडामार्फत राजालाई सम्बोधन गरिएको ज्ञापनपत्र बुझाएका थिए ।

सर्वोच्च अदालतले *नेपाल एफएम*को मुद्दामा अन्तरिम आदेश दिएपछि अन्तर्राष्ट्रिय पत्रकार महासंघ र रिपोर्टर्स विदाउट बोर्डर्स लगायत प्रेस स्वतन्त्रतासँग सम्बन्धित अन्तर्राष्ट्रिय संघ संस्थाहरूले त्यसको स्वागत गरे । अन्तर्राष्ट्रिय पत्रकार महासंघले 'नेपालमा प्रेस स्वतन्त्रताका लागि विश्वव्यापी अभियान' चलाएको लगत्तै भदौ १८ गतेदेखि माओवादीले एकपक्षीय युद्धविरामको घोषणा गरेको थियो । यो घोषणाको तीन दिनपछि भदौ २१ गते महासंघका सभापति वारेनले वक्तव्य निकालेर 'माओवादी पार्टीले जनताको शान्ति र लोकतान्त्रिक गणतान्त्रिक आन्दोलनको आकांक्षालाई आत्मसात् गरेको' टिप्पणी गर्नुभएको थियो ।

सरकारले सञ्चार अध्यादेश जारी गरेर प्रेस स्वतन्त्रता समाप्त पार्ने प्रयास गरेपछि सरकारविरोधी आवाज विश्वभरिका सञ्चार स्वतन्त्रताका पक्षधरहरूबाट व्यापक रूपमा बुलन्द भयो । अध्यादेश जारी भएको भोलिपल्टै 'आर्टिकल १९' ले विज्ञप्ति जारी गरेर आपत्ति जनायो । यसै पनि कडा नियन्त्रणमा रहेको नेपाली प्रेसलाई सरकारले जारी गरेको सञ्चार अध्यादेशले थप नियन्त्रण थोपरेको र विपक्षी आवाजहरूको मुख बन्द गर्न खोजेको भनेर उक्त संस्थाले आपत्ति जनायो । संस्थाले अध्यादेश रद्द गर्न र सूचना तथा अभिव्यक्तिको स्वतन्त्रतालाई बचाउन प्रभावकारी कदम चाल्नका लागि राजालाई आग्रह गर्‍यो । यसका साथै सो संस्थाले अन्तर्राष्ट्रिय समुदाय र त्यसमा पनि विशेष गरी संयुक्त राज्य अमेरिका, भारत, बेलायत र युरोपेली संघलाई अध्यादेशप्रति पूर्ण रूपमा विरोध जनाउन र नेपालमा स्वतन्त्र र स्वाधीन सञ्चारको पुनर्स्थापनाका लागि उत्साह जगाउने खालका कामलाई सघन बनाउन आह्वान गर्‍यो ।

त्यसै दिन अन्तर्राष्ट्रिय प्रेस इन्स्टिच्यूट (आईपीआई) ले अष्ट्रियाको राजधानी भियनामा रहेको मुख्यालयबाट विज्ञप्ति निकालेर अध्यादेशका धेरै पाटाहरूको चर्चा गर्नुका साथै स्वतन्त्र रेडियोहरूको समाचार प्रसारण गर्ने अधिकारमाथि

लगाइएको प्रतिबन्धप्रति 'विशेष सरोकार' प्रकट गऱ्यो । संसारका ११२ भन्दा बढी देशका सम्पादक, अगुवा पत्रकार तथा सञ्चारकर्मीहरूको उक्त संस्थाले नेपालमा रेडियोलगायतका सञ्चारमाध्यम र पत्रकारहरूको मुख थुन्न यो अध्यादेश ल्याइएको टिप्पणी गर्दै अध्यादेश तत्काल खारेज गर्न र प्रेस स्वतन्त्रता र पत्रकार तथा सञ्चारकर्मीहरूको अधिकार पूरै कटौती गर्न कानुनको सहारा लिने काम बन्द गर्न राजालाई आग्रह गऱ्यो ।

कात्तिक २५ गते कमिटी टु प्रोटेक्ट जर्नालिष्ट्स् (सीपीजे) ले स्वतन्त्र प्रेसलाई ध्वस्त पार्न कम्मर कसेर लागेका राजाले यो 'अत्यन्त दमनकारी' अध्यादेशमार्फत आजीविकाको लागि कार्यरत पत्रकारहरूमाथि कठोर प्रहार गरेको ठहर गर्दै अध्यादेश तत्काल फिर्ता लिन आग्रह गऱ्यो । सोही दिन अन्तर्राष्ट्रिय पत्रकार महासंघ (आईएफजे) ले दशैंको दस दिन लामो विदाको अघिल्लो दिन पारेर सञ्चारसम्बन्धी संघ संस्थाहरूले प्रतिक्रिया दिन नभ्याउने गरी अध्यादेश जारी गरिएको टिप्पणी गर्दै यो घटनाबाट स्तब्ध भएको प्रतिक्रिया दियो । यो अध्यादेश जारी गरेर राजाको सरकारले संविधानले प्रत्याभूत गरेको प्रेस स्वतन्त्रता र पत्रकारहरूको अधिकारको सम्मान गर्ने आफ्नो मनसाय नै छैन भन्ने स्पष्ट उद्घोष गरेको उसको भनाइ थियो । यसका साथै आईएफजेले तीन महिनाअघि मात्रै सरकारका उपाध्यक्ष कीर्तिनिधि विष्ट र सूचना तथा सञ्चारमन्त्री टंक ढकालले संविधानका सबै धारा कार्यान्वयन हुने भनेर गरेको बाचा कार्यान्वयन नगरेको स्मरण गरायो र अध्यादेश फिर्ता लिन सरकारसँग आग्रह गऱ्यो । स्वतन्त्र रेडियोहरूलाई समाचार र समाचारमूलक कार्यक्रम प्रसारण गर्न प्रतिबन्ध लगाइएको मामलालाई पनि आईएफजेले विरोधको विषय बनाएको थियो । कात्तिक २६ गते रिपोर्टर्स विदाउट बोर्डर्स (आरएसएफ) ले पनि नेपाली सञ्चारमाध्यममाथि नयाँ बन्देजहरू थोपर्ने, राजाको हुकुममार्फत जारी गरिएको अध्यादेशको भर्त्सना गऱ्यो ।

अध्यादेश विरुद्ध २०६२ असोज ३१ गते अन्तर्राष्ट्रिय संस्थाहरूको संयुक्त वक्तव्य आयो । वक्तव्यमा असार अन्तिम हप्ता नेपाल आएको अन्तर्राष्ट्रिय नियोगका सदस्य संस्थाहरूको प्रतिनिधित्व भएको थियो । प्रेस जगत्माथि बन्देज लगाउने राजा ज्ञानेन्द्र, सरकार तथा सुरक्षा निकायको कार्यको निन्दा गर्दै उनीहरूले सञ्चार अध्यादेशको भर्त्सना गरे । उनीहरूले नेपाली सञ्चारमाध्यमको सम्पादकीय स्वतन्त्रताप्रति सहयोग र समर्थन निरन्तर जारी राख्ने घोषणा गर्दै नेपाली प्रेस जगत्लाई सबैखाले दमन, आतंक, धम्की, दुर्व्यवहार र प्रत्यक्ष अप्रत्यक्ष सेन्सरसिपको प्रतिरोध गर्न पनि आह्वान गरे । नेपालको प्रजातन्त्रको

धुक्धुकी बनिरहेको स्वतन्त्र प्रेसलाई बचाउनका लागि अन्तर्राष्ट्रिय समुदायसमक्ष सहयोगको पनि उनीहरूले अपिल गरेका थिए ।[४१]

भारतको पटनाबाट बिहार श्रमजीवी पत्रकार युनियन र भारतीय जर्नालिष्ट युनियनले नेपालमा सञ्चार जगत्माथि भइरहको अत्याचारको निन्दा गर्दै सरकारलाई प्रेस स्वतन्त्रता पुनर्बहाली गर्न आग्रह गरे । युनियनका सचिव शिवेन्द्रनारायण सिंह तथा श्रमजीवी पत्रकार युनियनका अध्यक्ष व्रजकिशोर सिंहले प्रकाशित गरेको विज्ञप्तिमा 'नेपालमा शाही सत्ताले जारी गरेको सञ्चार अध्यादेशले प्रेस स्वतन्त्रताको घाँटी रेट्नुका साथै पत्रकारलाई अपराधीसमान व्यवहार गर्न खोजेको' टिप्पणी गरिएको थियो ।

२०६२ कात्तिकको पहिलो हप्ता रिपोर्टर्स विदाउट बोर्डर्स् (आरएसएफ) ले विश्वव्यापी प्रेस स्वतन्त्रता सूची सन् २००५ निकाल्यो जसमा नेपाल प्रेसमाथि दमन हुने विश्वको 'टप टेन' मुलुकमा परेको थियो । स्वतन्त्र प्रेसले १५ वर्षमा हासिल गरेको उपलब्धिलाई सेन्सरसिप, गिरफ्तारी, सञ्चारमाध्यममा सेना तैनाथी लगायतका काम गरेर शाही सत्ताले समाप्त पारेको यो संस्थाको टिप्पणी थियो । यही संस्थाले पुस २० गते सन् २००५ को वार्षिक प्रतिवेदन निकाल्यो जसमा नेपाल प्रेस सेन्सरसिप भएको मुलुकमा पऱ्यो । संस्थाले नेपाल खराब राष्ट्रमा सूचीकृत हुनुमा एफएम रेडियोमाथि लगाइएको प्रतिबन्ध र उपकरणहरू कब्जा गर्नेलगायतका कामलाई पनि आधार बनाइएको बतायो ।[४२]

कात्तिक २२ गते कमिटी टु प्रोटेक्ट जर्नलिष्ट (सीपीजे) ले प्रेस विज्ञप्ति निकालेर सञ्चार अध्यादेशले संविधानप्रदत्त अभिव्यक्ति स्वतन्त्रता हनन भएको उल्लेख गऱ्यो । सञ्चार अध्यादेश ल्याएर सरकारले नै संविधान उल्लंघन गरेको भन्ने नेपाली पत्रकारहरूको भनाइप्रति सहमति जनाउँदै संस्थाका कार्यकारी निर्देशक एन. कूपरले *कान्तिपुर एफएम*माथि सरकारले गरेको हमलालाई 'पक्षपातपूर्ण' र 'दुर्भावनायुक्त' भन्ने टिप्पणी गर्नुभयो ।

---

[४१] नेपालमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका लागि अन्तर्राष्ट्रिय नियोगका सदस्य संस्थाहरू :- आर्टिकल १९, कमिटी टू प्रोटेक्ट जर्नलिष्ट (सीपीजे), अन्तर्राष्ट्रिय पत्रकार महासंघ (आईएफजे), इन्टरनेसनल मिडिया सपोर्ट (आईएमएस), इन्टरनेसनल प्रेस इन्स्टिच्यूट (आईपीआई), प्रेस इन्स्टिच्यूट अफ इण्डिया (पीआईआई), रिपोटर्स् विदाउट बोर्डर्स् (आरएसएफ), दक्षिण एसियाली स्वतन्त्र पत्रकार संगठन (साफ्मा), संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक एवं सांस्कृतिक संगठन (यूनेस्को), सामुदायिक रेडियोहरूको विश्व संगठन (अमार्क), समाचारपत्रहरूको विश्व संघ (वान) ।

[४२] योलगायत यसअघि र पछिका प्रतिवेदनहरूसमेतको विस्तृत अध्ययनका लागि www.rsf.org हेर्न सक्नुहुनेछ ।

कात्तिक २५ गते बंगलादेशको राजधानी ढाकामा सम्पन्न दक्षिण एसियाली स्वतन्त्र पत्रकार संगठन (साफ्मा) को दोस्रो सम्मेलनमा नेपालमा प्रेस स्वतन्त्रताको लागि चलिरहेको आन्दोलन विशेष चर्चामा रह्यो । सम्मेलनले नेपालबारे विशेष प्रस्ताव पारित गर्दै नेपालमा प्रेसमाथिको प्रतिबन्ध हटाउन र सञ्चार अध्यादेश खारेज गर्न माग गऱ्यो । सम्मेलनले सञ्चारकर्मी र सञ्चार संस्थामाथिको आक्रमण, उनीहरूको गिरफ्तारी र एफएम रेडियोमाथिको आक्रमण रोक्न सरकारलाई अनुरोध गर्दै नेपालको प्रेस स्वतन्त्रताको आन्दोलनमा पूर्ण ऐक्यबद्धता जनायो ।

कात्तिक २५ गते सर्वोच्च अदालतले अध्यादेश विरुद्ध अन्तरिम आदेश दिन अस्वीकार गरेपछि सरकारी दमन नियन्त्रण गर्न नेपालको अदालत असफल भएको भन्दै कमिटी टु प्रोटेक्ट जर्नलिष्ट (सीपीजे)ले अदालतको यो निर्णयबाट आफू विचलित भएको टिप्पणी गऱ्यो । सीपीजेका कार्यकारी निर्देशक एन. कूपरले एक विज्ञप्तिमार्फत अदालतको निर्णयले स्थायी रूपमा सेन्सरको ढोका खुलेको टिप्पणी गर्नुभएको थियो ।

मङ्सिर २३ गते 'स्वतन्त्र रेडियो बचाऊ आन्दोलन' अन्तर्राष्ट्रिय प्रेस स्वतन्त्रतासम्बन्धी पुरस्कारबाट सम्मानित भयो । रिपोर्टर्स विदाउट बोर्डर्स (आरएसएफ) बाट 'आन्दोलन' सहित विश्वका १० व्यक्ति तथा संस्थाले सन् २००५ को पत्रकारिता उपविजेता पुरस्कार पाएका थिए । माघ १९ पछिको सैन्य अवरोधका कारण समाचार प्रसारण बन्द भएपछि झण्डै एक हजार जति रेडियो पत्रकारहरू बेरोजगार हुनपुगेको पृष्ठभूमिमा गठित तथा सक्रिय भएर पुनः समाचार प्रसारण सुचारु गराउन पुऱ्याएको योगदानका लागि आन्दोलनलाई पुरस्कृत गरिएको आरएसएफले जनाएको थियो ।

माघ दोस्रो हप्ता सामुदायिक रेडियोहरूको विश्व संगठन (अमार्क) का अध्यक्ष स्टिभ बक्ली नेपाल आउनुभयो । एक हप्ते भ्रमणका लागि आएका बक्लीले नेपालमा एक दशकदेखि सञ्चालन हुँदै आएको सशस्त्र द्वन्द्व व्यवस्थापनमा समेत सहयोग गर्ने विचार व्यक्त गर्नुभएको थियो । नेपालको आर्थिक स्थिति र भौगोलिक अवस्थामा स्थानीय रेडियो अत्यन्त उपयोगी हुने भएकोले सरकारले सदुपयोग गर्नसके यिनीहरू शान्तिका वाहक बन्नसक्ने उहाँको ठहर थियो । उहाँको भनाइ थियो–

> सामुदायिक एफएम रेडियोले स्थानीय व्यक्तिको भाषा, पीडा, आवश्यकता र दुःख बोल्छ । आज नेपालमा सबैभन्दा ठूलो दुःख भनेको सशस्त्र द्वन्द्वबाट सिर्जित दुःख नै

हो । यस दुःखलाई जति सामुदायिक रेडियोले बुझ्नसक्छ, अरूलाई बुझ्न सजिलो हुँदैन, त्यसैले द्वन्द्व व्यवस्थापनमा पनि उनीहरू नै सहायक हुनसक्छन् ।

नेपाली सञ्चारमाध्यममाथि सरकारले प्रत्यक्ष-अप्रत्यक्ष रूपमा दबाब दिइरहेको छ । कति ठाउँमा देखिने गरी सरकारले नियन्त्रण गरेको छ भने कति ठाउँमा सार्वजनिक रूपमा नदेखिने गरी दबाब दिएको छ । यसरी नदेखिने गरी दिइने दबाब अझ खतरनाक हुन्छ, जो आज नेपाली सञ्चार जगत्ले भोगिरहेको छ । यसबीच सरकारले एफएमले द्वन्द्व भड्काउने काम गऱ्यो भनेर समाचार प्रसारणमा रोक लगायो । नेपालमा आज मानवअधिकारको स्थिति कमजोर रहेको छ । अभिव्यक्ति स्वतन्त्रता र सूचना प्राप्तिको अधिकारबाट नागरिकले वञ्चित हुनुपरेको छ ।

पत्रकारिताको विकासका लागि आवश्यक आधारभूत अधिकारमै आघात पारिएको अवस्थामा समेत नेपाली एफएमबाट जुन काम भइरहेको छ, त्यो वास्तवमै सराहनीय छ ।

सरकारका तर्फबाट 'गैरजिम्मेवार र अव्यावसायिक' भनी आलोचना गर्ने गरिएको र सशस्त्र द्वन्द्वरत नेकपा माओवादीद्वारा लुटपाटसमेत गरिएको भए पनि नेपालका रेडियोहरूको भूमिका सराहनीय छ ।

प्रेसलाई उपयुक्त वातावरण दिने काम सरकारको हो, व्यावसायिक बनाउने काम उसको होइन । तपाईले अप्रिय बोल्नुभयो भने मुख थुनिदिनु त भएन नि । मुलुकको कानुनले प्रिय बोल्न प्रेरित गर्नुपर्छ । भूकम्प, सामुद्रिक आँधी, बाढी पहिरोजस्ता विनाश र विपत्तिमा सामुदायिक रेडियोले सामान्य रूपमा अनुमान गर्नै नसकिने सेवा पुऱ्याउनसकेको देखिएको छ, नेपालमा पनि सरकारबाट नागरिकको मौलिक हकमा प्रभाव पार्ने काम भएन र द्वन्द्व व्यवस्थापनमा तालिमप्राप्त सञ्चारकर्मीले एफएमको माइक समाए भने अवश्य शान्ति आउनेछ (काफ्ले २०६२) ।

...बितेको दशकमा नेपालमा एफएममा आधारित सामुदायिक रेडियो क्षेत्रमा क्रान्ति आएको छ र त्यसलाई विश्वले रुचिपूर्वक नियालेको छ । नेपालले देखाएको उदाहरणीय कार्यबाट यस क्षेत्रले प्रेरणा पाएको छ । तर माघ १९ पछिको विकासक्रमले त्यो प्रेरणादायी भूमिकामा ठेस पुऱ्याएको छ । समाचार रोक्ने, रेडियो स्टेसन बन्द गराउनेजस्ता घटनाले विश्व समुदायलाई स्तब्धित बनाएको छ (वाग्ले २०६२) ।

बक्लीले माघ १५ गते सूचना तथा सञ्चार राज्यमन्त्री श्रीशशमशेर राणासँग नेपालको रेडियोको अवस्थाबारे छलफल गर्नु भयो । त्यसबाट असन्तुष्ट रहेका उहाँले स्वतन्त्र सञ्चारमाध्यमलाई सरकारले दृश्य वा अदृश्य रूपमा विभिन्न किसिमका दबाब दिने गरेको आफूले पाएको जानकारी दिनुभयो ।[४३]

यसको लगत्तै अन्तर्राष्ट्रिय पत्रकार महासंघ (आईएफजे) का महासचिव आइदन ह्वाइट नेपाल भ्रमणमा आउनुभयो । राजाको प्रत्यक्ष शासन चलेको एक वर्ष पूरा भएको सन्दर्भमा नेपाली प्रेस जगत्को समीक्षा र थप निगरानीका लागि नेपाल आएका ह्वाइटले यसबीच नेपाली पत्रकारिता क्षेत्रले भोग्नुपरेको

---

[४३] नेपालको एक हप्ते भ्रमण समापनका क्रममा काठमाडौँमा आयोजित पत्रकार भेटघाट कार्यक्रममा ।

समस्या र पत्रकारहरूले भोगेका प्रताडनाप्रति आइएफजे पूर्ण जानकार रहेको बताउँदै पत्रकारहरूलाई दृढतापूर्वक अघि बढ्न सुझाव दिनुभयो ।[४४]

यसै सन्दर्भमा युनेस्को लगायतका १३ ओटा संस्थाले राजाको एकवर्षे शासनको विरोध गरे । असार अन्तिम हप्ता नेपाल आएको संयुक्त नियोगका तर्फबाट उनीहरूले संयुक्त विज्ञप्ति जारी गर्दै नेपाल राज्य पक्ष रहेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनले अंगीकार गरेका विचार तथा अभिव्यक्ति स्वतन्त्रता र सञ्चारको अधिकारलाई सम्मान गर्दै दमनकारी कानुन र अध्यादेश फिर्ता लिन सरकारसँग आग्रह गरेका थिए ।

राजाको प्रत्यक्ष शासनले एक वर्ष पूरा गर्दा प्रेस स्वतन्त्रताको स्थिति सुधिनुको सट्टा झन् बिग्रदै गएको थियो । सरकारको नियोजित र नृसंश दमन जारी थियो । यस्तो काममा सरकार मात्र होइन, माओवादीका मान्छेहरू पनि सामेल भएका खबरहरू आइरहेका थिए । यसबीचमा पनि प्रसारण माध्यमलाई 'नियमित' गर्ने नाममा प्रसारण प्राधिकरण ल्याउने सरकारको प्रयास नेपालमा रेडियोको विकासका लागि दुर्भाग्यपूर्ण भएको अन्तर्राष्ट्रिय पत्रकार महासंघले निष्कर्ष निकाल्यो ।[४५] महासंघका महासचिव आइदन ह्वाइटले नेपाल प्रजातान्त्रिक राष्ट्रहरूको भेटघाटमा समेत नबोलाइने एक्लो अछूत राष्ट्र हुने दिशातिर द्रुत गतिमा अगाडि बढिरहेको चेतावनी दिनुभयो । यसै सन्दर्भमा महासंघका सभापति क्रिष्टोफर वारेनले नेपालीहरूको आधारभूत नागरिक तथा राजनीतिक अधिकार र सञ्चार स्वतन्त्रताको सम्मान गर्नका लागि नेपालमा चलिरहेको नागरिक अशान्तिको अन्त्य गर्न आग्रह गर्नुभयो ।[४६] महासंघले आफूसँग सम्बद्ध सम्पूर्ण सदस्यहरूलाई नेपालमा प्रेस स्वतन्त्रता पुनर्बहालीको माग गर्दै आ-आफ्ना सरकारलाई लबिङ्ग गर्न, त्यहाँ रहेका नेपाली राजदूतावासमा विरोध गर्न र नेपाल सरकारलाई विरोध पत्र पठाउन आह्वान गर्‍यो । पत्रकारहरूमाथि दुर्व्यवहार गर्न माओवादी पनि संलग्न भएको भन्दै महासंघले त्यसको समेत निन्दा गर्‍यो । प्रमुख राजनीतिक दलहरूले बहिष्कार गरेको माघको नगरपालिका चुनावमा देशका विभिन्न ठाउँमा पत्रकारहरूलाई प्रवेश नदिइएकोमा महासंघले आपत्ति जनाउँदै यस्तो प्रयासले चुनावको वैधानिकताका बारेमा उठिरहेका प्रश्नलाई

[४४] २०६२ माघ १९ गते नेपाल पत्रकार महासंघका पदाधिकारी तथा छनोट गरिएका केही निश्चित पत्रकारहरूको अन्तर्क्रिया कार्यक्रममा ।

[४५] महासंघले माघ १९ गते जारी गरेको प्रतिवेदन ।

[४६] नेपाल पत्रकार महासंघलाई पठाइएको सन्देश ।

झन् बढाएको टिप्पणी गऱ्यो । उक्त चुनावलाई अमेरिकी विदेश मन्त्रालयले 'राजाले आफ्नो शासनलाई वैधानिकता दिनका लागि गरेको खोक्रो प्रयास' को संज्ञा दिएको थियो ।

२०६२ चैत ७ देखि १२ गतेसम्म प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी दोस्रो अन्तर्राष्ट्रिय नियोगले नेपाल भ्रमण गऱ्यो । १५ ओटा अन्तर्राष्ट्रिय संस्थाहरू सम्मिलित सो नियोगले राष्ट्रिय स्तरका सञ्चार गृहहरूका साथै सञ्चारसम्बद्ध सरकारी र गैरसरकारी क्षेत्रका व्यक्तिहरूसित भेटघाट गरेको थियो । उसले पोखरा, सुर्खेत र बिर्तामोडसम्म पुगेर तथ्य संकलन र अन्तर्क्रिया गर्नुका साथै विद्रोही माओवादीदेखि मानवअधिकारकर्मी सम्मलाई भेटी छलफल गऱ्यो । नियोगका सदस्यहरू प्रेस स्वतन्त्रताका पक्षमा गरिएका विरोध प्रदर्शनमा पनि सामेल भए । चैत ९ गते माइतीघर मण्डलमा गरिएको कार्यक्रममा विदेशी प्रतिनिधिहरूले नेपाली स्वतन्त्र प्रेसको पक्षमा सार्वजनिक मन्तव्य व्यक्त गरेका थिए ।

करिब एक हप्ते भ्रमणपछि नियोगले ६ पृष्ठ लामो र ९ बुँदाभित्र ३५ उपबुँदा समेटिएको संयुक्त विज्ञप्ति प्रकाशित गऱ्यो । नेपालका मिडियाहरूले सामना गर्नु परेको संकटको यथार्थ विवरण समेदिएको सो विज्ञप्तिमा स्वतन्त्र रेडियोहरूको विषयमा नियोगको अवलोकन र सिफारिश यस्ता थिए–

१. एफएम र सामुदायिक रेडियो प्रसारणका दृष्टिले नेपालले यस क्षेत्रकासाथै अन्तर्राष्ट्रिय सामुदायिक रेडियोका क्षेत्रमा नेतृत्वदायी सम्मान पाएको छ र यसले प्रजातन्त्र, शान्ति र स्थायित्वलाई प्रबर्द्धन गर्नका लागि महत्त्वपूर्ण योगदान पुऱ्याएको छ ।
२. हामी सञ्चारको लोकतन्त्रीकरणका लागि चलिरहेको स्वतन्त्र रेडियो बचाऊ आन्दोलनको अनुभव र योगदानको कदर गर्छौं र भविष्यमा यसलाई अझ सुदृढ बनाउनुपर्नेमा जोड दिन्छौँ ।
३. सरकारले प्रसारण माध्यमलाई लाइसेन्स शुल्क र नवीकरण शुल्क बढाएर र स्वतन्त्रता नरहने प्रसारण प्राधिकरण गठन गरेर कुनैपनि किसिमका प्रतिबन्धहरू लगाउन बन्द गर्नुपर्छ ।
४. शाही नेपाली सेनालाई एफएम चलाउने अनुमति दिनुले मुलुकमा सैनिकीकरण र सैनिक प्रोपोगाण्डा बढाउने छ र यसबाट अहिले सञ्चालन भइरहेका सार्वजनिक एफएम रेडियोहरूले पाइरहेका विज्ञापनहरू र त्यसबाट उठ्ने राजस्व समेत गुम्नेछ ।
५. *कान्तिपुर* र *सगरमाथा एफएम*का सन्दर्भमा रेडियो उपकरणहरू खोस्ने र रेडियोहरूलाई उपकरण आयात गर्न नदिने जस्ता कार्यहरू गम्भीर सरोकारका विषय हुन् ।
६. पाल्पाको *पश्चिमाञ्चल एफएम*मा जसरी सञ्चारमाध्यमका सुविधा र संरचनाहरूलाई लडाकु पक्षहरूद्वारा सैन्य उद्देश्यको लागि प्रयोग र क्षति गरिनु हुँदैन र सञ्चारमाध्यमको संरचनामा कुनै पनि क्षति पुग्न गएमा तत्काल क्षतिपूर्ति दिनुपर्छ ।

यस पटकको नियोगमा असारमा आएका संस्थाबाहेक फ्री भोइस, इन्टरनेशनल फ्रीडम अफ एक्सप्रेसन (आइफेक्स), इन्टरनेसनल न्यूज सेफ्टी इन्स्टिच्यूट, विश्व प्रेस स्वतन्त्रता समिति नयाँ सदस्यका रूपमा देखा परे भने यसअघि आएका कमिटी टु प्रोटेक्ट जर्नलिस्ट, प्रेस इन्स्टिच्यूट अफ इण्डिया र वर्ल्ड एसोसिएसन अफ न्यूजपेपर्सका तर्फबाट प्रतिनिधित्व भएको थिएन । तर नियोगको वक्तव्यमा उनीहरूले पनि सहमति जनाए । नेपालमा नियोगको संयोजन नेपाल पत्रकार महासंघले गरेको थियो र सञ्चारसम्बद्ध २८ ओटा नेपाली संस्थाको यसमा सहभागिता रहेको थियो ।

नियोगको यो भ्रमणले स्वतन्त्र र निजी प्रेसलाई ठूलो उत्प्रेरणा दिएको थियो । पत्रकार कुन्द दीक्षितको विश्लेषणमा नियोगको दबाबले नेपाल बर्मा हुनबाट जोगिएको थियो । नियोगमा सहभागी संस्थाहरू अन्तर्राष्ट्रिय मान्यताप्राप्त संगठन थिए जसको प्रतिवेदनले संयुक्त राष्ट्रसंघलाई समेत नेपालप्रति निश्चित धारणा निर्धारित गर्न प्रोत्साहित गर्न सक्थ्यो (गोपाल खनाल २०६२) ।[४७]

पश्चिमा सञ्चारमाध्यमहरूले पनि नेपालमा प्रेस स्वतन्त्रता संकटमा परेको विषयलाई आफ्नो समाचार सामग्रीको रूपमा पस्किए । अष्ट्रेलियाको स्पेसल ब्रोडकास्टिङ सर्भिस (एसबीएस) टेलिभिजनले २०६२ वैशाख १४ गते प्रसारण गरेको *डेटलाइन* कार्यक्रममा प्रस्तुत 'नेपाल-डिस्म्यान्टलिङ डेमोक्रेसी' नामक डकुमेन्ट्रीमा नेपाली प्रेसले महत्त्वपूर्ण स्थान पाएको थियो ।[४८] यसै गरी स्वीट्जरल्याण्डको स्वीस इटालियन टेलिभिजन आरटीएसआईले २०६२ माघ ताकाको नेपाली प्रेसको अवस्थालाई सम्बोधन गरेको थियो ।[४९] बेलायत सरकारको

---

[४७] जनआन्दोलन २०६२/०६३ को सफलतापछिको संक्रमणकालीन अवस्थामा पनि नेपाली प्रेसको स्थिति अध्ययन एवं भावी दिनमा गरिने मिडियाको पुनर्संरचनाका सन्दर्भमा सुझावसमेत दिन विश्वका ख्यातिप्राप्त सञ्चारअधिकारसम्बन्धी संस्थाका महत्त्वपूर्ण व्यक्तित्वहरू सम्मिलित अन्तर्राष्ट्रिय मिडिया नियोगले २०६३ भदौ १८ गतेदेखि नेपाल भ्रमण गरेको थियो । अन्तर्राष्ट्रिय पत्रकार महासंघका सभापति क्रिष्टोफर वारेन, आईएमएसका निर्देशक जेस्पर होज्बर्ग, आर्टिकल-१९ का टोबी मेन्डल, युनेस्कोका नेपालस्थित आवासीय निर्देशक कातोकानो, युनेस्कोका एन्ड्रयु कैरोला, अमार्कका आशिष सेन, ओपन सोसाइटी इन्टरनेशनलका बिल्जना टाटोमीर, आइएफजेका लक्ष्मी मूर्ति सो मिसनमा सहभागी हुनुहुन्थ्यो ।

[४८] पत्रकार ब्रोनविन एड्कक्ले नेपालको तीन हप्ता लामो भ्रमणपछि तयार पारेको डकुमेन्ट्री । यस क्रममा ललितपुरको जावलाखेलमा रहेको महेन्द्र युवालयअगाडि पुगेको बेला उनको क्यामरा एक प्रहरीले खोसेर जिल्ला प्रहरी कार्यालयमा पुऱ्याएका थिए । युवालयमा राखिएका राजनीतिक बन्दी र नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य विनोद ढुङ्गेलसमेतले संघर्ष गरेपछि प्रहरीले क्यामेरा फिर्ता दिएको थियो ।

[४९] पत्रकारहरू क्याजेला मारियो र मास्सिमो क्यापोनले तयार पारेको डकुमेन्ट्री- 'नेपाल : ट्रा उना कोरोना इ माओ' २००६ फेब्रुअरी १६ मा प्रसारित ।

सञ्चार सञ्जाल, नेशनल युनियन अफ जर्नलिष्ट, प्रेस तथा प्रसारण स्वतन्त्रताको आन्दोलनलगायतका संस्थाले पनि यसबारे गहिरो रुचि राखेका थिए ।

नेपाली प्रेसले पाएको दुःखबारे बेलायती प्रेसले गरेको 'कभरेज' बाट भने विदेशी पत्रकारहरू सन्तुष्ट थिएनन् । उसले नेपाली प्रेसमाथि आइलागेको संकटलाई त्यति महत्त्व नदिएको धारणा बेलायतकै प्रसिद्ध पत्रिका *गार्जियन*का अन्तर्राष्ट्रिय मामिला प्रमुख सिमोन टिष्डल, ओवन गिब्सन, इयान मेयसले व्यक्त गरेका थिए । सयभन्दा बढी अन्तर्राष्ट्रिय संवाददाताहरू सदस्य रहेको 'फरेन प्रेस एसोसिएसन' का पत्रकारहरूले समेत नेपालको प्रेस स्वतन्त्रताको जटिल अवस्थाबारे पश्चिमा सञ्चारमाध्यमले कम स्थान दिने गरेको स्वीकारेका थिए (निष्ठुरी २०६२क) ।

## *अधिकारका पक्षपाती*

मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय संघ संस्थाहरूले नेपालमा प्रेस स्वतन्त्रतामाथि भएको दमनलाई प्रेसमाथिको दमनको रूपमा मात्र नलिई समग्र मानव अधिकारमाथिको हमलाको रूपमा लिएका थिए । मानवअधिकारको विश्वव्यापी घोषणापत्र, आधारभूत स्वतन्त्रताका विश्वव्यापी मान्यता एवं नागरिक र राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिलगायत नेपाल राज्यपक्ष भएका अन्य अन्तर्राष्ट्रिय सन्धि सम्झौताका आधारमा पनि नेपालको सरकारलाई अन्तर्राष्ट्रिय दबाबहरू परिरहेको थियो । यसमा मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय संघ संस्थाका अलावा संयुक्त राष्ट्रसंघ स्वयं नै अग्रसर भएको थियो ।

शाही कदमको लगत्तै नेपालको राजनीतिक अवस्था अन्तर्राष्ट्रिय मानवअधिकारकर्मीहरूको लागि चासोको विषय बनयो । मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय संघ संस्थाहरूको टोली आउने र जाने क्रम पनि निकै चल्यो । एम्नेष्टी इन्टरनेसनलका महासचिव आइरिन खानसहितको टोली २०६१ फागुनको पहिलो हप्ता नै नेपाल आएर फर्कियो, जसको सरोकारको एउटा विषय प्रेस स्वतन्त्रताको गम्भीर उल्लंघन पनि थियो । राजा, मन्त्रीहरू, सेनापतिदेखि मानवअधिकार समुदायका व्यक्तिहरूसँग पनि छलफल गरेर सो टोली फर्किएको थियो । टोलीले नेपालमा भइरहेका मानवअधिकार उल्लंघनका घटनालाई विश्वसामु उजागर गरेको थियो र सरकारमाथि ठूलो दबाब पैदा गरिदिएको थियो ।

विश्व प्रेस स्वतन्त्रता दिवसको अवसर पारेर संयुक्त राष्ट्रसंघले शाही कदमपछि सञ्चारमाध्यमका नाममा जारी गरिएका सबै प्रकारका निर्देशन फिर्ता लिन र प्रेसमाथिको प्रतिबन्ध खारेज गर्न सरकारसँग आग्रह गर्‍यो । राष्ट्रसंघीय

सूचना केन्द्रले जारी गरेको विज्ञप्तिमा देशव्यापी रूपमा पत्रकारहरूलाई धम्क्याउने कार्य तत्काल रोक्न, गिरफ्तार गरिएका पत्रकारहरूलाई रिहा गर्न, निजी क्षेत्रलाई दिइने सरकारी विज्ञापनमा प्रतिबन्ध नलगाउन र तिनका कार्यालयदेखि वेबसाइटसम्ममा लगाइएको नियन्त्रण हटाउन आग्रह गरिएको थियो । 'बहुदलीय व्यवस्था र नागरिकको स्वतन्त्रतामाथि अंकुश लगाउने खालको काम कसैले गर्न नहुने' धारणा राष्ट्रसंघीय अधिकारीहरूले सार्वजनिक कार्यक्रममा पनि व्यक्त गरे ।[५०]

संयुक्त राष्ट्रसंघको महासभामा नेपालमा प्रेसमाथि भइरहेको दमनलाई विशेष एजेण्डाका रूपमा राखी छलफल गराउन नेपाल पत्रकार महासंघले राष्ट्रसंघका महासचिव कोफी अन्नानसमक्ष भदौ २४ गते एक पत्रमार्फत औपचारिक आग्रह गऱ्यो ।[५१] महासंघले खासगरी माघ १९ को शाही 'कू' पछि नेपाली प्रेस र विचार तथा अभिव्यक्ति स्वतन्त्रतामाथि राज्यबाट भइरहेको हस्तक्षेप, पत्रकारहरूको धरपकड, निरुत्साहन तथा संविधानद्वारा प्रत्याभूत नागरिक हक एवं प्रजातान्त्रिक पद्धतिमाथि बलपूर्वक गरिएको सरकारी नियन्त्रणका सबै पक्षमाथि राष्ट्रसंघको ध्यान जाओस् भन्ने आग्रह गरेको थियो । सो पत्र त्यसै दिन राष्ट्रसंघ मुख्यालयमा पुगेको जानकारी राष्ट्रसंघको नेपालस्थित कार्यालयले दिएको थियो । जेनेभामा भएको राष्ट्रसंघीय मानवअधिकार बैठकमा समेत प्रेस स्वतन्त्रतासहितका अधिकार पुनर्बहालीका लागि विश्व समुदायले आवाज उठाएको थियो ।

अध्यादेशविरोधी स्वरमा स्वर मिलाउनेमा विदेशमा बसेका नेपालीहरू पनि देखिए । अस्ट्रेलियामा बसेका अधिकारप्रेमी नेपालीहरूको संगठन नेपलिज फर ह्युमन राइट्स् एण्ड पिपुल्स डेमोक्र्यासी (नेफुरिप्ड) अष्ट्रेलियाका तर्फबाट संयोजक रमेश पाण्डेले विज्ञप्तिमार्फत अध्यादेशको भर्त्सना र *कान्तिपुर एफएम*माथि भएको आक्रमणको निन्दा गर्नुभयो । बेलायतको लण्डनमा रहेको प्राज्ञहरूको संस्था ब्रिटेन-नेपाल अक्याडेमिक काउन्सिलले पनि सञ्चार अध्यादेश र *कान्तिपुर*

---

[५०] साफ्मा नेपालद्वारा २०६३ साउन १२ गते काठमाडौंमा आयोजित अन्तर्क्रिया कार्यक्रममा संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायोगको नेपाल कार्यालयका वरिष्ठ सल्लाहकार डेभिड जोन्सन । कार्यक्रममा नेकपा एमालेका शंकर पोखरेल, नेपाली काँग्रेसका अर्जुननरसिंह केसी, नेपाली काँग्रेस (प्रजातान्त्रिक) का डा. मिनेन्द्र रिजाल लगायतले बोल्नुभएको थियो ।

[५१] नेपाल पत्रकार महासंघका सभापति विष्णु निष्ठुरीको नेतृत्वमा महासंघका पदाधिकारी तथा सदस्यहरूको एक प्रमण्डलले २०६२ भदौ २४ गते राष्ट्रसंघको काठमाडौंस्थित कार्यालयका निमित्त आवासीय प्रतिनिधि अब्राहम अब्राहममार्फत महासचिव अन्नानलाई एउटा पत्र बुझाएको थियो । पत्रसँगै महासंघका देशभरका शाखा तथा एसोसिएट संस्था, अन्य संघसंस्था र विदेशमा संकलन भएकासमेत गरी १ लाख २५ हजारभन्दा बढी हस्ताक्षर पनि बुझाइएको थियो ।

*एफएम*माथिको आक्रमणको निन्दा गर्दै सरकारी कदमलाई 'निराशाजनक' भन्ने टिप्पणी गर्‍यो ।[५२] यस्तै, नेपालमा कार्यरत विदेशी संस्था नेसनल डेमोक्र्याटिक इन्स्टिच्यूट (एनडीआई) का प्रतिनिधिहरूले २०६२ कात्तिक ९ गते *कान्तिपुर एफएम* पुगी सरकारले गरेको लुटपाटप्रति चिन्ता जनाएका थिए ।

राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठन (युनेस्को) ले सरकारका क्रियाकलापले प्रेसको आत्मनिर्भरता र प्रजातान्त्रिक प्रक्रियामाथि आक्रमण गरिरहेकोमा अध्यादेशले स्थितिलाई झनै बिगारेको टिप्पणी गर्दै नेपाली अधिकारीहरूलाई आफ्ना निर्णयप्रति पुनर्विचार गर्न आग्रह गर्‍यो ।[५३] राष्ट्रसंघको नेपालस्थित कार्यालयका आवासीय संयोजक म्याथ्यु काहानेले अध्यादेश जारी गरिएपछि नेपालका सबै सञ्चारमाध्यमले खतरा महसुस गरेको बताउनुभयो । उहाँले खतरामा परेको प्रेस जगत् र अभिव्यक्ति स्वतन्त्रताको अवस्थाको बारेमा राष्ट्रसंघले निरन्तर अनुगमन र संरक्षण गरिरहने आश्वासन पनि दिनुभयो ।[५४]

यसैबीच संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायोगको नेपाल कार्यालयका प्रमुख यान मार्टिनले सरकारले जारी गरेको सञ्चार अध्यादेशले विचार तथा अभिव्यक्ति स्वतन्त्रताका अन्तर्राष्ट्रिय मापदण्डहरूमाथि अतिक्रमण गरेको टिप्पणी गर्नुभयो ।[५५] त्यसको केही दिनपछि उक्त कार्यालयले अध्यादेशले अन्तर्राष्ट्रिय मानवअधिकार मापदण्डको उल्लंघन गरेको बताउँदै नेपालले अनुमोदन गरेको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिमा हरेक व्यक्तिलाई अभिव्यक्ति स्वतन्त्रता रहेकोसमेत सरकारलाई स्मरण गराएको थियो ।[५६]

संयुक्त राष्ट्रसंघले नेपालमा पत्रकारको अधिकार तथा सञ्चारमाध्यममाथिको बन्देज र अभिव्यक्ति स्वतन्त्रता एवं मानवअधिकारको उल्लंघनबारे गम्भीर सरोकार देखाउँदै नेपाली सञ्चारमाध्यमले खेलिरहेको भूमिकाप्रति महासचिव

---

[५२] काउन्सिलका तर्फबाट प्रा. सूर्य सुवेदी, डा. डेभिड गेल्नर, डा. माइकल हट, डा. जुडिथ पेटिग्री, प्रा. एन्थोनी कोस्टेलो, डा. इयान हार्पर, स्टेफिन लोटरसहितले निकालेको विज्ञप्ति ।

[५३] युनेस्कोको पेरिसमा रहेको मुख्यालयबाट महानिर्देशक कोइचिरो मात्सुराले कात्तिक १ गते विज्ञप्ति निकालेर अध्यादेशलाई 'माघ १९ मा संकटकालसँगै लगाइएको प्रेस तथा वाक् स्वतन्त्रतामाथिको बन्देजको निरन्तरता' भन्नु भएको थियो ।

[५४] संयुक्त राष्ट्रसंघको ६० औँ वर्षगाँठका अवसरमा आयोजित कार्यक्रममा पत्रकारहरूले सोधेका प्रश्नको जवाफ दिँदै ।

[५५] मार्टिनले कात्तिक ४ गते विज्ञप्ति निकालेर यस्तो टिप्पणी गर्नुभएको थियो ।

[५६] संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायोगको नेपाल कार्यालयका तर्फबाट २०६२ कात्तिक १० गते जारी विज्ञप्ति ।

कोफी अन्नान जानकार रहेको जानकारी नेपाली प्रेस जगत्लाई दियो ।[५७] सरकारले जारी गरेको सञ्चार अध्यादेशलाई आफूले मानवअधिकारको अन्तर्राष्ट्रिय मापदण्डको कसीमा जाँचेर हेरिरहेको विश्वास दिलाउँदै राष्ट्रसंघले हजारौँ नेपाली जनताले आफ्नो हस्ताक्षरमार्फत प्रेस स्वतन्त्रताको पक्षमा प्रकट गरेको सरोकार एवं विभिन्न नियोग र मानवअधिकारसम्बन्धी उच्चायोगको कार्यालयको प्रतिवेदनलाई ध्यानमा राखी नेपालको स्थिति निरन्तर अनुगमन गरिरहेको र सम्भव भएसम्म तत्काल विशेष सरोकार प्रकट गर्ने पनि बताएको थियो ।

सञ्चार अध्यादेश विरुद्ध अन्तरिम आदेश नदिएर सर्वोच्च अदालतले सरकारलाई दमनका लागि बाटो खोलिदिएको भोलिपल्ट कात्तिक २६ गते शनिवार भए पनि कार्यालय खुला राखेर यान मार्टिनले सञ्चारसम्बद्ध १२ ओटा संस्थाहरूको तर्फबाट दिइएको ज्ञापनपत्र बुझ्नुभयो र अन्तर्क्रिया गर्नुभयो ।[५८] त्यस अवसरमा निरंकुश सत्ताका सबै प्रकारका प्रहारबाट नेपाली सञ्चार जगत्लाई जोगाउन राष्ट्रसंघले रचनात्मक भूमिका खेल्न आग्रह गरिएको थियो । मार्टिनले नेपाली सञ्चारकर्मीहरूको पक्षमा सकेसम्म सहयोगी भूमिका निर्वाह गर्न राष्ट्रसंघ सकारात्मक रहेको आश्वासन दिनुभएको थियो ।[५९]

त्यसैगरी भारतको ब्याङ्गलोरमा २०६२ मङ्सिर २०-२४ मा भएको प्रजातन्त्र र नागरिकको सञ्चारमाध्यम सम्बन्धी एउटा अन्तर्राष्ट्रिय सम्मेलनले नेपालमा नागरिक अधिकार, अभिव्यक्ति स्वतन्त्रता र प्रजातन्त्र तत्काल र निःसर्त रूपमा पुनर्बहाल गर्नका लागि सरकारलाई आह्वान गर्‍यो । यसका साथै सम्मेलनले नेपालको स्वतन्त्र रेडियो बचाऊ आन्दोलनप्रति सबल ऐक्यबद्धता जनाएको थियो ।[६०]

सरकारले सञ्चार क्षेत्रलाई नियन्त्रण गर्न नभई 'अनुशासित' बनाउन[६१] भन्दै जबर्जस्ती अध्यादेश लागू गरेपछि न्यायकर्मीहरूको अन्तर्राष्ट्रिय संगठन इन्टरनेसनल

---

[५७] संयुक्त राष्ट्रसंघका महासचिव कोफी अन्नानका तर्फबाट क्याबिनेट प्रमुख मार्क माल्लोक ब्रोनले नेपाल पत्रकार महासंघका सभापति विष्णु निष्ठुरीलाई सम्बोधन गरी पठाउनुभएको पत्र नेपालस्थित कार्यालयका आवासीय प्रतिनिधि म्याथ्यु कहानेले २०६२ कात्तिक १० गते हस्तान्तरण गर्नुभएको थियो ।

[५८] अदालतको आदेशपछि नेपाली मिडियाको बारेमा सञ्चार जगत्को सरोकार पेश गर्न गएको टोलीका सदस्यहरू- हेमबहादुर बिष्ट, विष्णु निष्ठुरी, सुरेश आचार्य, तारानाथ दाहाल, रघु मैनाली, विष्णुहरि ढकाल, विनोद ढुङ्गेल, भगीरथ योगी, कविर राणा, प्रदीप घिमिरे आदि ।

[५९] शाही शासनको एक वर्ष पूरा भएको सन्दर्भमा २०६२ माघ १९ गते नेपाल पत्रकार महासंघले काठमाडौँको शंकर होटलमा आयोजना गरेको राष्ट्रिय सम्मेलनमा पठाइएको लिखित शुभकामना सन्देश ।

[६०] सम्मेलनद्वारा २०६२ मङ्सिर २३ गते जारी घोषणापत्र । सम्मेलनमा स्वतन्त्र रेडियो बचाऊ आन्दोलनका संयोजक रघु मैनालीले भाग लिनुभएको थियो ।

[६१] Kantipuronline, 18 October 2005 http://www.kantipuronline.com/kolnews.php?&nid=54823

कमिशन अफ जुरिष्टस् (आईसीजे) ले त्यसको अध्ययन गरी नेपालसम्बन्धी प्रतिवेदन नै तयार पाऱ्यो । त्यसमा समाचारमूलक कार्यक्रमको प्रसारणमा लगाएको रोकको अन्त्य गर्न र एफएम रेडियो विरुद्धका सबै कानुनी कार्यवाही फिर्ता लिन सरकारलाई सुझाव दिइएको थियो । आइसीजेले समाचार प्रसारकहरूविरुद्ध कानुनी रूपमा कुनै भेदभाव नगर्न सल्लाह दिँदै रेडियोसम्बन्धी कुनै पनि अनुमति प्रक्रिया सरकारी नियन्त्रणबाट अलग स्वतन्त्र निकायबाट सञ्चालन गर्नुपर्ने बतायो । विना अनुमति एकै पटक एकभन्दा बढी ठाउँबाट कार्यक्रम प्रसारण गर्नमा प्रतिबन्ध लगाउने नयाँ दफा ११ (क) लाई स्पष्टताको लागि फेरि मस्यौदा गर्नुपर्ने र यो प्रावधानको उद्देश्य प्रसारकको कार्यक्रम प्रसारण गर्ने क्षमतालाई सीमित पार्ने हो भने यसलाई खारेज नै गर्नुपर्ने आइसीजेको राय थियो (आइसीजे सन् २००५ : ११, १२, २२) । आइसीजेले सञ्चार अध्यादेश नेपाल अधिराज्यको संविधान २०४७ को प्रतिकूल भएकाले यसलाई खारेज गर्न माग गरेको थियो ।[६२]




तस्वीर ८ : इन्टरनेसनल कमिशन अफ जुरिष्टस् (आईसीजे) द्वारा नयाँ सञ्चार अध्यादेशबारे प्रकाशित अध्ययन प्रतिवेदन ।

जनआन्दोलन चर्कँदै गएपछि अन्तर्राष्ट्रिय पत्रकार महासंघले संयुक्त राष्ट्रसंघका महासचिव कोफी अन्नानलाई पत्र लेखी नेपालमा लोकतन्त्र बहालीका लागि

[६२] संस्थाका महासचिव निकोलस होवेनले २०६२ मङ्सिर २९ गते जेनेभामा जारी गरेको प्रतिवेदन ।

राजालाई दबाब दिन आग्रह गरेको थियो ।[६३] पत्रमा जनआन्दोलनको समाचार संकलनका क्रममा सशस्त्र प्रहरी बल र शाही नेपाली सेनाले आवश्यकताभन्दा बढी बल, अश्रुग्याँस, लाठी र गोली प्रहार गरेको, आन्दोलनको समाचार संकलन गर्न गएका पत्रकारहरूलाई समेत निशाना बनाएको लगायतका प्रसङ्ग उल्लेख गर्दै यसका विरुद्ध राष्ट्रसंघले राजालाई दबाब दिनुपर्ने महासंघको भनाइ थियो । सो भनाइलाई राष्ट्रसंघले गम्भीर रूपमा लिएको थियो ।[६४] संयोगवश, महासचिव अन्नानले त्यसै दिन राजा ज्ञानेन्द्रलाई पत्र लेखी नेपालमा रक्तपात रोक्न र स्थितिमा सुधार ल्याउन राजाले 'साहसिक कदम' चाल्नुपर्ने विचार व्यक्त गर्नुभएको थियो ।[६५] रिपोर्टर्स विदाउट बोर्डर्स (आरएसएफ) ले नेपालमा राजाको शासनका कारण प्रेस स्वतन्त्रता समाप्त भएको कुरा फ्रान्सको राजधानी पेरिसमा पोष्टर टाँसेर तथा बोर्डहरू राखेर प्रचार प्रसार गऱ्यो । यसअलावा यो संस्थाले राजाको शासनको एक वर्ष पूरा भएको दिन २०६२ माघ १९ गते नेपाली पत्रपत्रिकामा समेत विज्ञापनको रूपमा सन्देश छपाएर प्रेस स्वतन्त्रताको पक्षमा अभियान चलाएको थियो । 'प्रेस स्वतन्त्रता नभए कुनै स्वतन्त्रता पनि हुँदैन' भन्ने यो सन्देश छाप्नसमेत सरकार समर्थक कैयौँ पत्रपत्रिकाले अस्वीकार गरेका थिए ।[६६]

---

[६३] जनआन्दोलन उत्कर्षतिर गइरहेको बेला २०६३ वैशाख १ गते महासंघका सभापति क्रिष्टोफर वारेनले जनतामाथिको हिंसा र पत्रकारहरूमाथिको आक्रमणप्रति गहिरो ध्यानाकर्षण भएको बताउँदै राष्ट्रसंघका महासचिवलाई गर्नुभएको आग्रह ।

[६४] संयुक्त राष्ट्रसंघको नेपालस्थित कार्यालयका आवासीय संयोजक म्याथ्यु कहानेले २०६३ वैशाख ५ गते नेपाल पत्रकार महासंघको केन्द्रीय कार्यालय भ्रमण गरी सभापति विष्णु निष्ठुरीलगायतका पदाधिकारीहरूलाई नेपाली प्रेसको स्वतन्त्रता र सञ्चारकर्मीहरूमाथि राज्यद्वारा भइरहेको हस्तक्षेप तथा आक्रमणका घटनाप्रति चासो र चिन्ता प्रकट गर्ने क्रममा दिनुभएको जानकारी । राष्ट्रसंघको नेपाल कार्यालयका द्वन्द्व मामिलासम्बन्धी सल्लाहकार सिन डिली र राष्ट्रिय सूचना अधिकृत रामबाबु शाह तथा महासंघका महासचिव महेन्द्र विष्टसमेतको उपस्थिति रहेको भेटघाटमा सरकारले सञ्चार अध्यादेश, एकद्वार विज्ञापन नीति र प्रेस स्वतन्तत्रालाई नियन्त्रण गर्न गरेका अन्य प्रयत्नहरू, स्वतन्त्र रेडियोमाथि बढाइरहेको धम्की, सञ्चारकर्मीमाथि भइरहेका कुटपिट र हस्तक्षेप, स्वतन्त्र सञ्चारमाथिको अवरोध र शान्तिपूर्ण जनआन्दोलनमाथिको निर्मम दमनलगायतका विषयमा पनि छलफल भएको थियो । भेटघाटको अन्त्यमा कहानेले राष्ट्रसंघको सहयोग नेपालको स्वतन्त्र प्रेसको पक्षमा निरन्तर रहिरहने विश्वास दिलाउनुभएको थियो ।

[६५] महासचिव अन्नानलाई उद्धृत गर्दै राष्ट्रसंघका प्रवक्ता स्टेफाइन डुजारिकले २०६३ वैशाख १ गते जारी गर्नुभएको विज्ञप्ति ।

[६६] रिपोर्टर्स विदाउट बोर्डर्सको सन्देशमा लेखिएको थियो - 'नो फ्रिडम विदाउट प्रेस फ्रिडम' । यो सन्देश *कान्तिपुर* र *द काठमाण्डु पोष्ट* दैनिकका साथै त्यस दिन प्रकाशित साप्ताहिकहरू *घटना र विचार*, *जनआस्था* र *बुधवार*मा छापिएको थियो ।

### देशको दृष्टिकोण

नेपालका मित्रराष्ट्रहरू र नेपालस्थित तिनका कूटनीतिक नियोगहरूले शाही कदमको लगत्तै त्यसबारे प्रतिक्रिया जनाए । ती प्रतिक्रिया आन्दोलनकारीका लागि उत्साहका सामग्री बने भने सत्ताका लागि एक्लिँदै गएको अवस्थाका परिसूचक । शाही घोषणा हुनासाथ भारत, अमेरिका, बेलायत, फ्रान्स, नर्वे, डेनमार्कलगायत राष्ट्रका नेपालमा रहेका प्रतिनिधिहरू यहाँको राजनीतिक अवस्थाका बारेमा जानकारी दिन स्वदेश फर्किएका थिए (जनधारणा २०६१) ।

सरकारले सञ्चार जगत्माथि चलाएको दमनचक्रको भारत, अमेरिका, बेलायतलगायतका मुलुकले सुरुमै निन्दा गरेका थिए । शाही 'कू' लगत्तैका ती दिन कति सन्त्रासमय थिए भने मित्रराष्ट्रहरूले प्रेस स्वतन्त्रताका पक्षमा दिएका वक्तव्यलाई पनि 'यी मुलुकहरूले नेपालमा देखिएको घटनामा चासो देखाएका छन्' भनेर छाप्नुपर्ने अवस्था थियो (रेडियोको त मुखमा ताल्चा नै लागेको थियो) ।

२०६१ माघ २९ गते अमेरिकी राजदूत जेम्स एफ मोरियार्टीले राजा ज्ञानेन्द्रसँग भेटघाटको क्रममा नेपाली प्रेसमाथि लगाइएको बन्देज र नियन्त्रणमा पुनर्विचार गर्न आग्रह गरेको खबर प्रकाशित भएको थियो । चैत १ गते संयुक्त राष्ट्रसंघका आवासीय प्रतिनिधि केन ओहासीले प्रेस स्वतन्त्रता प्रेस जगत्को वा मानवअधिकारको मात्र विषय होइन भन्दै यसको अभावमा विकास आयोजना सञ्चालन गर्न समेत कठिन भएको बताउनु भएको थियो ।

२०६१ वैशाख १२ गते नेपालका लागि बेलायतका राजदूत किथ जर्ज ब्लूमफिल्डले आतंकवादको नाममा सरकारले सञ्चार जगत्माथि आर्थिक नाकाबन्दी लगाएर स्वतन्त्र सूचना प्रवाहमा नियन्त्रण गर्न खोजेको विश्लेषण गर्नुभयो ।[६७] सरकारले आफ्नो अनुकूल नभएका सञ्चारमाध्यमलाई दर्ता खारेज गर्ने धम्की दिएर नियन्त्रण गर्न खोजेको र आर्थिक नाकाबन्दीमार्फत स्वतन्त्र प्रेसमाथि नियन्त्रण गर्ने उपाय रचेको उहाँको ठहर थियो । प्रजातान्त्रिक कालमा नै नेपालमा एफएम रेडियोको विकास भएको उल्लेख गर्दै ब्लुमफिल्डले भन्नुभयो– "परिपक्व प्रजातन्त्रमा प्रेस नियन्त्रित हुँदैन ।"

सञ्चार अध्यादेश जारी गरिएको सन्दर्भमा पनि अमेरिका, बेलायत जस्ता मुलुकहरूबाट नेपाली प्रेसको समर्थन र सरकारी दमनको विरुद्ध विज्ञप्तिहरूमार्फत

---

[६७] नेपाल पत्रकार महासंघ, काठमाडौँ जिल्ला शाखाद्वारा स्थापित क्रियाशील पत्रकारिता पुरस्कार वितरण समारोहलाई २०६१ वैशाख १२ गते सम्बोधन गर्दै ।

मत जाहेर भएको थियो । शाही शासनको एक वर्षभरि नेपाली सञ्चार जगत्माथि लादिएका नियन्त्रणात्मक कदमलाई अमेरिका, भारत, बेलायत, यूरोपेली संघ आदिले 'प्रजातन्त्र र स्वतन्त्रताविरोधी' भनेर आलोचना गरे । यसैबीच अमेरिकी कांग्रेसले निकालेको संसदको प्रतिवेदनमा प्रेसमाथि दमन गर्ने राष्ट्रहरूमा नेपालको पनि नाम दरियो । *कान्तिपुर एफएम*माथि गरिएको आक्रमणले पनि देशलाई त्यस्तो राष्ट्रको कोटिमा पार्न सघाउ पुऱ्याएको कुरा प्रतिवेदनमै उल्लेख गरिएको थियो ।

२०६२ असोज २८ गते भारतीय दूतावासले भारतको विदेश मन्त्रालयको भनाइ उद्धृत गर्दै प्रेसमाथि नियन्त्रण गर्ने उद्देश्यले जारी गरिएको सञ्चार अध्यादेश प्रत्युत्पादक हुने बतायो । कात्तिक १ गते नेकपा (एमाले) ले आयोजना गरेको चियापान कार्यक्रममा बेलायती राजदूत ब्लूमफिल्डले आफ्नो सरकारले यस्तो अध्यादेशलाई राम्रो नठान्ने बताउँदै भन्नुभयो– "बेलायत सरकार प्रेस स्वतन्त्रताको पक्षमा छ, प्रेस नियन्त्रण गर्ने कुनै पनि कदमलाई हामी समर्थन गर्दैनौँ" (कान्तिपुर २०६२) ।

यसैबीच सरकारले *कान्तिपुर एफएम*माथि आक्रमण गरेर अझ उच्चस्तरको र कडा प्रतिक्रिया निम्त्यायो । अमेरिकी विदेशमन्त्रालयका प्रवक्ता म्याक्कोम्यार्कले प्रेस वक्तव्य जारी गरी सरकारले प्रसारणयन्त्र कब्जामा लिएको घटनाप्रति अमेरिकी सरकारको गम्भीर ध्यानाकर्षण भएको जनाउनु भयो ।

कात्तिक १० गते अमेरिकी राजदूत जेम्स एफ मोरियार्टीले पाल्पाको तानसेनमा पत्रकार सम्मेलन गरी सञ्चार अध्यादेशप्रति रोष प्रकट गर्नुभयो । उहाँले भन्नुभयो– "अध्यादेशले प्रजातन्त्रको घाँटी निमोठ्ने काम गरेको छ । *कान्तिपुर एफएम*मा भएको सरकारी आक्रमणले हामीलाई दुःखी बनाएको छ, अन्य रेडियोमाथि पनि यस्तो हुनसक्छ ।"

त्यसको अघिल्लो दिनमात्रै अमेरिकी पूर्वसिनेटर टम ड्यासलले *कान्तिपुर एफएम*माथिको आक्रमण बारे विरोध जनाउँदै स्वतन्त्र प्रेस समाप्त पार्ने खतरनाक विधेयक तत्काल फिर्ता लिन राजालाई आग्रह गर्नुभएको थियो । उहाँले वासिङटन डीसीबाट विज्ञप्ति जारी गर्दै प्रजातन्त्र समाप्त पार्ने कदमविरुद्ध साहस प्रदर्शन गर्ने समग्र नेपाली प्रेसलाई सलामसमेत गर्नुभएको थियो । अमेरिकी राजनीतिमा प्रभावशाली मानिने ड्यासल त्यसको तीन महिनाअघि एक हप्ता लामो भ्रमणका क्रममा नेपाल आउनुभएको थियो ।

कात्तिक ११ गते युरोपेली संघले अध्यादेश र सरकारी कारवाहीको भर्त्सना गर्दै प्रेसलाई नियन्त्रण गर्ने प्रयासप्रति गम्भीर आपत्ति जनायो । संघको भनाइ थियो– "सञ्चारमाध्यमहरूको दमन गर्ने क्रियाकलापप्रति युनियन गहिरो चिन्ता

व्यक्त गर्छ । हालै जारी सञ्चार अध्यादेशमा उल्लेख गरिएका संशोधनले अभिव्यक्ति स्वतन्त्रतामा खलल पुऱ्याएका छन् ।"

अन्तर्राष्ट्रिय मानव अधिकार संस्था ह्युमन राइट्स वाचले *कान्तिपुर एफएम*को उपकरण लुटेर रेडियो बन्द गर्न दिइएको सरकारी धम्कीले नेपालको प्रेस स्वतन्त्रता 'खतराबाट समाप्तितर्फ' लागेको जनायो । 'अब न्यायपालिकामा मात्र अन्तिम आशा बाँकी छ,' भन्दै संस्थाले *कान्तिपुर एफएम* बन्द गर्ने निर्णय र सञ्चार माध्यमहरूलाई बन्देज लगाउने अध्यादेश तत्काल फिर्ता लिनसमेत सरकारसँग आग्रह गरेको थियो ।

२०६२ साल चैतको दोस्रो हप्ता नेपालको भ्रमणमा रहेको राष्ट्रसंघीय एजेन्सीसहितको उच्चस्तरीय मिडिया नियोग र बेलायती संसदीय टोलीले स्वतन्त्र प्रेस संकटमा परेको निष्कर्ष निकाल्दै त्यसलाई सघाउन 'सम्भव सबै उपाय' खोज्ने निर्णय गरेका थिए । संसदीय टोली र नियोगका सदस्यहरूबीच चैत ८ गते भएको बैठकले स्वतन्त्र प्रेसविरुद्ध आर्थिक नाकाबन्दी लगाउने र समानान्तर संगठन खोल्न लगाउने जस्ता प्रेसविरोधी काम नगर्न सरकारलाई चेतावनी दिएको थियो (गोपाल खनाल २०६२) । नेपाल-बेलायत संसदीय समूहका अध्यक्ष कन्जरभेटिभ पार्टीका सर जोन स्टान्लेको नेतृत्वमा आएको सांसद टोली र अन्तर्राष्ट्रिय पत्रकार महासंघका ज्याक्लिन पार्कको नेतृत्वमा आएको नियोगबीच सम्पन्न उक्त बैठकले पत्रकार महासंघद्वारा सञ्चालित प्रेस स्वतन्त्रता आन्दोलनको पूर्ण समर्थन गर्दै आन्दोललाई निरन्तर अघि बढाउने सुझाव पनि दिएको थियो ।

दक्षिण एसियाली राजनीतिक नेताहरूले पनि नेपालको प्रेस स्वतन्त्रताप्रति समर्थन जनाए । २०६२ चैतमा आएको अन्तर्राष्ट्रिय नियोगप्रति पूर्ण समर्थन जनाउँदै उनीहरूले प्रेस स्वतन्त्रता र सूचनाको स्वतन्त्र प्रवाहमा जोड दिएका थिए । यसरी ऐक्यबद्धता जनाउनेहरूमा पाकिस्तानी मानवअधिकार आयोगका अध्यक्ष तथा कानुनविद् आस्मा जहागीर, पाकिस्तानी *डेली टाइम्स* पत्रिकाका सम्पादक नजाम सेठी, भारतका वरिष्ठ पत्रकार तथा सांसद कुलदीप नैयरका अलावा भारतीय पूर्व प्रधानमन्त्री आई.के. गुजरालसमेत हुनुहुन्थ्यो । गुजरालले प्रेस स्वतन्त्रताका पक्षमा अन्तर्राष्ट्रिय समुदायले उठाएका आवाज सुन्न अस्वीकार गर्ने राजाको प्रवृत्तिलाई आफूले गम्भीर रूपमा लिएको बताउनुभएको थियो । उहाँले नेपाली प्रेसका विरुद्ध सरकारले लिएका गलत नीतिहरूलाई 'क्रूर र दमनकारी' को संज्ञा दिनुभयो । गुजरालको भनाइ थियो– "नेपालको सरकारका दमनकारी र अप्रजातान्त्रिक नीतिहरूका विरुद्ध म नेपाल र दक्षिण एसियाली राष्ट्रका सञ्चार समुदायका साथमा छु ।"

युरोप, अमेरिकादेखि दक्षिण एसियासम्मका प्रेस स्वतन्त्रताप्रेमी मुलुक र राजनीतिक नेताहरूले स्वरमा स्वर मिलाएर नेपाली सञ्चार जगत्को पक्षमा बोलेकाले स्वतन्त्र रेडियोको आन्दोलनले ठूलो ऊर्जा प्राप्त गऱ्यो । तत्कालीन परिस्थितिलाई नियाल्दा, नेपाली प्रेस जगतलाई आइपरेको कठिनाइबारे राष्ट्रसंघलगायत विश्व समुदायले नबोलिदिएको भए र ती सबैको साथ नभएको भए कुण्ठित बन्दै गएको आवाज 'सधैंका लागि बन्द' भैसकेको हुन्थ्यो कि (भट्टराई सन् २००६ : १५८) भनेर गरिएको विश्लेषण अस्वाभाविक थिएन ।

## *समर्थनको विरोध*

'मूर्खका मनमा अर्ती गालीतुल्य बिभ्फाउँछ' भन्ने कविशिरोमणि लेखनाथ पौड्यालको उक्तिको जीवन्त नमूना बन्न पुगेको थियो राजाको सरकार । त्यसैले सारा विश्वले प्रेस स्वतन्त्रताको विपक्षमा नजान शुभेच्छापूर्ण सल्लाह दिँदा पनि ऊ तिनीहरूप्रति नै धारे हात लगाउन उद्यत भएको थियो । यस सिलसिलामा सरकारका मन्त्री वा उच्च अधिकारीहरू मात्र नभएर सरकारपक्षीय व्यक्तिहरूको समेत बर्बराहट नेपालको प्रेस स्वतन्त्रता र रेडियो अधिकारको पक्षमा चलेको आन्दोलनको एउटा छुटाउन नहुने पाटो बन्न पुगेको छ । शाही कदमको पक्षमा भएमा विदेशबाट कसैले केही भन्दा त्यो स्वागतयोग्य हुने तर विचार तथा अभिव्यक्तिको स्वतन्त्रताको पक्षमा कसैले बोल्यो भने मुलुकको आन्तरिक मामला हस्तक्षेप ठहरिने सरकारी प्रवृत्ति निरंकुश हठवादको टडकारो उदाहरण थियो ।[६८]

भारतले सञ्चार अध्यादेशको आलोचना[६९] गर्दै प्रतिक्रिया दिनासाथ शिक्षा तथा खेलकुदमन्त्री राधाकृष्ण मैनाली त्यसलाई राष्ट्रियतामाथिको आक्रमण बताउन अघि सर्नुभयो । पत्रकारहरूसँग उहाँको भनाइ थियो– "तपाईंहरूलाई खुसी लाग्यो ? मलाई त दुःख लागेको छ । अर्काको आन्तरिक मामलामा कुरा गर्ने यो नाङ्गो हस्तक्षेप हो । अध्यादेशबारे आलोचना गर्ने अधिकार नेपाली नागरिकलाई भए पनि विदेशीलाई छैन । प्रेसले बेला-बेलामा नभएका कुराहरू

---

६८ उदाहरणका लागि :- टर्कीबाट आएको पत्रकारहरूको एउटा टोलीको समाचारलाई अत्यन्त महत्त्व दिएर सरकारी सञ्चारमाध्यमले प्रचार प्रसार गरेका थिए । उनीहरूलाई नेपालमा प्रेस स्वतन्त्रताका लागि संघर्षरत व्यक्ति वा समूहसँग भेटसमेत नगराई फिर्ता पठाइएको थियो । तर, प्रेस स्वतन्त्रता नियोगका रूपमा आएका एक दर्जनभन्दा बढी संस्थाका प्रतिनिधिहरूसँग भने सरकारपक्षीय पत्रकारहरूले पनि भेटेर आफ्ना भनाइ सुनाएका थिए, जुन नियोगप्रति उनीहरू आलोचक रहँदै आएका थिए ।

६९ भारतीय विदेश मन्त्रालयको भनाइ उद्धृत गर्दै नेपालमा रहेको भारतीय राजदूतावासले २०६२ असोज २८ गते विज्ञप्ति निकालेर अध्यादेशको आलोचना गरेको थियो ।

पनि अतिरञ्जित बनाएर लेखेका कारण मर्यादित बनाउन अध्यादेश ल्याउनु परेको हो ।"[७०]

सरकारका प्रवक्ता सूचना तथा सञ्चारमन्त्री टंक ढकालको ब्रह्मास्त्र पनि त्यही थियो । अध्यादेश नेपालको आन्तरिक मामिला हो भन्दाभन्दै उहाँ त यस्तो विषयमा प्रतिक्रिया नजनाउन अन्तर्राष्ट्रिय समुदायलाई चेतावनी नै दिन पुग्नुभयो । ढकालको भनाइ थियो– "हामीले कस्ता ऐन कानुन बनाउने भन्ने कुरा हाम्रो हो, म विदेशी मित्रहरूलाई यस्ता विषयमा नबोल्न भन्छु ।"[७१]

राष्ट्रिय प्रजातन्त्र पार्टीका उपाध्यक्ष पद्मसुन्दर लावतीका विचारमा अभिव्यक्ति स्वतन्त्रताको पक्षपोषण विदेशी हस्तक्षेप थियो । २०४६ साल अघिका महापञ्च लावतीले *कान्तिपुर एफएम*माथि हमलाको विरोध गर्नुलाई विदेशी शक्तिहरूले नेपाली भूमिमाथि चलखेल गर्ने मौका पाएको र *कान्तिपुर*ले जानीजानी त्यो मौका दिएको रूपमा चित्रण गर्नुभयो । *कान्तिपुर*माथि विदेशी पैसाको प्रयोग भइरहेको र त्यही पैसाको कारण उसले राज्यको नियम मान्दिनँ भन्ने साहस गरेको आरोप लगाउँदै उहाँले *कान्तिपुर एफएम*ले जहिल्यै पनि पूर्वाग्रही भएर, विद्रोही पक्षलाई उक्साउने गरी राष्ट्रियताको मर्मभन्दा बाहिर गएर समाचार दिइरहेको र यसलाई गम्भीर भएर विश्लेषण गर्नुपर्ने समेत बताउनुभयो । उहाँको प्रश्न थियो– "के भारत अमेरिकामा गएर बोल्न सक्छ ? के अमेरिका चीनमा गएर बोल्न सक्छ ? तर, नेपालमा बोल्न त सजिलो छ, उनीहरूको देशमा भन्दा निकै सजिलो नरम कानुन लागू भएको छ । उनीहरू आफ्नो देशमा लागू भयो भन्दा ठीक भयो भन्छन्, नेपालमा लागू भयो भने प्रेस स्वतन्त्रता नै सिद्धियो भनेर कराउँछन्" (गोरखापत्र २०६२च) ।

सरकारले थोपरेको 'सेन्सरसिप' को विरोध गर्ने र स्वतन्त्र रेडियोहरूले समाचार प्रसारण गर्न पाउनुपर्छ भन्ने विचार राख्ने पत्रकार पी.खरेलले पनि नेपालको प्रेस स्वतन्त्रताप्रति व्यक्त विदेशी समर्थनको विरोध गर्नुभयो । सरकारले आफ्ना समर्थक पत्रकारहरूका लागि गठन गरिदिन लागेको राष्ट्रिय पत्रकार महासंघको अध्यक्ष हुनुअघि उहाँले गर्नुभएको यो आक्रामक विरोध मूलतः नेपाल पत्रकार महासंघ र उसलाई साथ दिने अन्तर्राष्ट्रिय पत्रकार महासंघप्रति लक्षित थियो । उहाँको भनाइ थियो–

---

[७०] २०६२ असोज २९ गते रिपोर्टर्स क्लबको साक्षात्कार कार्यक्रममा ।

[७१] २०६२ कात्तिक ७ गते सञ्चार समूहको कार्यक्रममा ।

> पाँच हजार सदस्य, पत्रकार महासंघमा छन् भने त्यो सानो शक्ति हो ? त्यो शक्तिले आफ्नो धारणा आफैँ बनाउन सक्दैन ? आफ्ना सदस्यहरूमाथि विश्वास छैन पत्रकारका नेताहरूलाई ? विश्वास छ भने आइएफजेको नेता क्रिष्टोफर वारेनलाई हिरो बनाउनुपर्ने किन ? नेपाली पत्रकारले कस्ता समस्या भोगिरहेका छन् भन्ने त्यो वारेन फ्वारेनलाई थाहा हुन्छ कि नेपाली पत्रकारलाई ? हामी नेपाली पत्रकार हौँ, पत्रकार महासंघ हाम्रो संगठन हो भने त्यही संगठन अघि बढ्नुपर्‍यो नि हाम्रो हकहितको लागि ! भन्ने बेलामा नेपाली पत्रकारहरूको छाता संगठन भन्ने, गर्ने बेलामा विदेशीको मुख ताक्ने ? यो पत्रकार महासंघ छाता हो कि झल्लेरी ? हाम्रो हक मासिएको छ भने त हाम्रो संगठनले बोल्नुपर्‍यो र संगठनको आह्वानमा पत्रकारहरू आन्दोलित हुनुपर्‍यो । आफ्नो शक्तिमाथि विश्वास गर्न नसकेर अरूको मुख ताक्ने ? नेपालको बारेमा बोल्ने को हो त्यो वारेन भन्या ? त्यल्लाई के थाहा छ नेपालको बारेमा ? त्यस्ता फ्यान्तुड्लाई बोलाएर हामी उँभो लाग्छौँ भन्नु नेपाली पत्रकारका नेताहरूको भूल हो (खरेल २०६१) ।

त्यही लाइनमा पुराना पत्रकार हरि लम्साल पनि देखा पर्नुभयो । नेपाल पत्रकार महासंघको काठमाडौँ शाखा सभापति भइसकेका र केन्द्रीय उपसभापति पदका पराजित उम्मेदवार लम्साल सुरुदेखि नै शाही सत्ताको पक्षमा हुनुहुन्थ्यो । उहाँको विचार[७२] यस्तो थियो–

> सडकमा टायर बालेका छैनन्, क्याम्पस अगाडिबाट गुड्ने सरकारी र संस्थानका मोटरहरूमा ढुंगा बर्सिएको छैन । बन्द र हडतालका समाचारहरू आउन छाडेका छन् तर यस्तो मौकामा आकाशबाट ओर्लेका (पारासुट) पत्रकारहरू धमिलो पानीमा माछा मार्न नेपाल भित्रिएका छन् । तर नेपालमा छाएको शान्तिका कारण पारासुट पत्रकारहरू छक्क परेर फर्किन थालेका छन्, यो अत्यन्त सकारात्मक बन्न थालेको छ । बीबीसी र भारतीय सञ्चारमाध्यमले के के भने, तापनि जनताले विश्वास नै गर्न सकेनन् । यसबाट स्पष्ट हुन्छ, नेपाली जनता के चाहँदा रहेछन्- शान्ति (लम्साल २०६२) ।

शाही 'कू' पछि नेपालको समाचार संकलन गर्न आएका विदेशी पत्रकारलाई 'आकाशबाट ओर्लेका पत्रकार' भनेर नाम राख्ने पुरोहित कर्म *नेपाल टेलिभिजन*का महाप्रबन्धक दुर्गानाथ शर्माले त्यसअघि नै गर्न भ्याइसक्नु भएको थियो । स्वतन्त्र रेडियोबाट समाचार प्रसारणका कट्टर विरोधी शर्माका तर्क यस्ता थिए–

> नेपालमा पानी धमिलो भएको छ भन्ने थाहा पाउने बित्तिकै कत्रा न माछा मार्न सकिएला भनेर पारासुटबाट ओर्लने विदेशका 'पारासुट पत्रकार' हरू पनि छक्क परे

---

[७२] यो लेख २०६१ फागुन ४ गते *निष्पक्ष* साप्ताहिक र ६ गते *खबर कागज* साप्ताहिकमा छापिएको थियो । सरकारपक्षीय यस्ता सामग्रीहरू विभिन्न पत्रपत्रिकाले पालैपालो छाप्ने गरेका थिए ।

> यसपटक । उनीहरूलाई लागेथ्यो, काठमाडौँ जुलुसमय हुनेछ, अश्रुग्यास र लाठी बर्सेका दृश्यहरू समेटेर संसारलाई देखाउन सकिन्छ भन्ने सपना बोकेर काठमाडौँ आएका पारासुट पत्रकारहरूले त्यस्तो केही पाएनन् । बरु, पुराना दृश्यलाई फाइल टेप समेत नभनेर गलत सूचना प्रवाह गरे । दरबारअगाडि भेला भएर भित्र जाने प्रयत्न गर्ने यस्ता पत्रकारहरू संसारको कुन मुलुकमा राष्ट्राध्यक्षको निवासमा अनुमति नलिई जबरजस्ती पस्न खोजिन्छ भन्ने अधिकारीहरूको उल्टो प्रश्नमै निराश भएर फर्कनुपऱ्यो । बीबीसीजस्तो विश्वप्रसिद्ध र आफूलाई कति न व्यावसायिक प्रसारण संस्था मान्नेले पनि गैरकानुनी सैनिक शासन जस्तो हाँसउठ्दो वाक्य प्रयोग गऱ्यो । एक त यो सैनिक शासन हुँदै होइन र अर्को सैनिक शासन पनि कतै कानुनी र गैरकानुनी हुन्छ र ? छाला गोरो हुँदैमा विद्वान होइन्छ भन्ने भ्रम पालेर त्यही भ्रमको खेती गर्न नेपाल आएका तथाकथित व्यावसायिक पत्रकारहको ज्ञानको मुखुण्डो पनि यसपटक उघ्रियो । जिब्रो बटारेर अँग्रेजी बोल्दैमा मात्र कोही पनि व्यावसायिक पत्रकार हुन सक्दैन ।
>
> भारतीय सञ्चार च्यानलको त कुरै नगरौँ, उनीहरूले के के भने भने । जे मनमा आयो त्यही ओकले । धन्य सरकारले भारतीय समाचार च्यानल बन्द गरेर, नेपालीको कान र आँखा बिग्रनबाट रोक्यो । नेपालीहरूमा यस्ता समाचारले बढाउने उच्च रक्तचाप थामियो । आफ्नो व्यक्तिगत स्वार्थ पूरा गर्न अरूलाई कुसूचित गर्ने मित्रहरूको यस्तो पत्रकारितालाई 'कुपत्रकारिता' भनिदिए फरक पर्दैन (दुर्गानाथ शर्मा २०६१) ।

संसारभरिबाट आलोचनाको स्वर मात्र आउन थालेपछि सरकार जनताका आँखा र कान बन्द गर्ने उपायतिर लागेको थियो । त्यसैले सम्पूर्ण विदेशी टेलिभिजन न्यूज च्यानल बन्द गरिएका थिए । सरकारका प्रवक्ता टंक ढकालले गर्वसाथ यो उपायको सार्वजनिक उद्घोष गर्दै 'विदेशी मित्रदेशहरूले हामीलाई कसरी हेर्छन् भन्ने कुरामा नलागी राजमुकुट र नेपाली जनताको चाहनालाई सञ्चारमाध्यमले मुखरित गर्नसक्नुपर्ने' सुझाव दिनुभएको थियो । उहाँको उपदेशात्मक अनुरोध थियो– "विदेशी सोच र दृष्टिकोणको मात्र बढाइचढाइ गर्दा स्वतन्त्र राष्ट्रको अस्तित्व रहिरहन नसक्ने हुनाले नेपाली आँखा, नेपाली दृष्टिकोण र नेपाली मनस्थितिले विश्लेषण गर्न सञ्चारमाध्यमलाई आग्रह गर्दछु" ।

'राजमुकुटमुखी' दृष्टिकोणअनुसार सरकारले आफ्ना सञ्चारमाध्यमलाई निरन्तर अरूलाई गालीगलौज गर्ने अभियानमा संलग्न गरायो । सञ्चारसम्बन्धी विदेशी संघसंस्थाहरूका आवाज र प्रतिवेदनलाई 'पूर्णतः निराधार' भन्दै धारे हात लगाउनु तिनको दिनचर्या जस्तै हुन पुग्यो । त्यसका पछाडि कुनै तार्किक, स्थलगत वा वस्तुनिष्ठ आधार नरहने गरेकाले तिनले सरकारकै खोक्रोपन उजागर गरिरहेका हुन्थे । हुँदाहुँदै राजाले शासन हातमा लिएको एकवर्ष पूरा भएको सन्दर्भमा अन्तर्राष्ट्रिय पत्रकार महासंघले निकालेको प्रतिवेदनलाई समेत पूर्वाग्रही, तोडमोडयुक्त, भ्रान्तिपूर्ण जस्ता शब्दहरूको प्रयोग गरेर शृंखलाबद्ध आक्रमण गर्ने काम समेत भयो (द राइजिङ नेपाल सन् २००६) ।

यस प्रकारको सरकारी रवैयाले प्रेस स्वतन्त्रताका पक्षधर संघ, संस्था वा व्यक्तिहरूलाई त कुनै नकारात्मक असर पारेन बरु उसकै स्वतन्त्रताविरोधी छविलाई गाढा बनाउँदै लग्यो । त्यस्तो छवि रेडियो स्वतन्त्रताको आन्दोलनका लागि मात्र नभएर समग्र लोकतान्त्रिक आन्दोलनका लागि समेत 'सहयोगी' हुन पुग्यो ।

## सुखद समापन

राजाको प्रत्यक्ष शासनविरुद्ध मुलुकका सबै क्षेत्र आन्दोलित हुँदै गएपछि २०६२ चैत मसान्तदेखि कर्फ्यूको समेत अवज्ञा सुरु भयो । चैत २४ गतेदेखि सात पार्टीहरूको नेतृत्वमा सुरु भएको जनआन्दोलन निस्तेज पार्न सरकारले लगातार लगाउँदै आएको कर्फ्यूलाई अन्ततः जनताले टेर्न छोडे । लोकतन्त्रका पक्षमा सडकमा निस्केको मानवसागरका सामु सरकारका दमन यन्त्रहरू निरीह देखिन थाले ।

चैत ३१ गते पेशागत संस्थाहरूको प्रदर्शनमा हस्तक्षेप एवं धरपकड भयो र गोली समेत चल्यो । बार अध्यक्ष शम्भु थापा, प्राध्यापक संघका अध्यक्ष भूपति ढकाल, शिक्षक संघका अध्यक्ष केशव भट्टराईलगायत गिरफ्तारीमा पर्नुभयो । शान्तिपूर्ण प्रदर्शनमाथि अनावश्यक बल प्रयोग गर्न उक्साउने गृहमन्त्री कमल थापा, सूचना तथा सञ्चार राज्यमन्त्री श्रीशशमशेर राणा र सुरक्षा निकायका अधिकारीको रवैयाप्रति महासंघले आक्रोश व्यक्त गऱ्यो । असंवैधानिक सत्ताको आडमा राज्यका सेना र प्रहरी शक्तिको दुरुपयोग गर्ने युद्धअपराधीहरू अन्ततः अन्तर्राष्ट्रिय फौजदारी अदालतको कठघरामा उभिनुपर्ने वातावरण बन्ने महासंघको विश्वास थियो । यसै क्रममा उसले पत्रकारहरूमाथि सेना तथा प्रहरीबाट हुने भौतिक हमला, मानसिक दबाब तथा सरकारी कम्पनी, संस्थान, समिति एवं निजी क्षेत्रका सञ्चारमाध्यमको व्यवस्थापनद्वारा दिइने अनावश्यक दबाब र कारवाही बारेमा अनुगमन गर्न कार्यदल गठन गऱ्यो ।[७३]

यसैबीच मुलुकको राजनीतिक रूपान्तरणका लागि चलिरहेको लोकतान्त्रिक आन्दोलनसँग प्रेस स्वतन्त्रताको आन्दोलन एकाकार भयो । स्वतन्त्र प्रेसमाथिको

---

[७३] संयोजक- महासंघका उपसभापति शिव गाउँले तथा सदस्यहरू- केन्द्रीय सदस्यहरू दुर्गा कार्की, विनोद पहाडी, रमेश विष्ट र राजु सिलवाल । जिम्मेवारी- पत्रकारहरूमाथि आक्रमण गर्ने सुरक्षा निकाय, व्यक्ति र त्यस्तो आदेश दिने अधिकारीको नामावली संकलन गर्ने; प्रेस स्वतन्त्रता तथा नागरिक अधिकारको आन्दोलनलाई समर्थन गरेबापत वा सहानुभूति राखेबापत कुनै पत्रकारलाई सम्बन्धित सञ्चार संस्थाको व्यवस्थापनले पेशा, व्यवसाय तथा रोजगारीमा असर पार्ने गरी गरेका कारवाहीको विवरण संकलन गर्ने ।

हमला, पत्रकारको धरपकड, यातना र दुर्व्यवहारको विरोध एवं प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता र जनआन्दोलनको पक्षमा पत्रकार महासंघको संयोजनमा पापडको एकीकृत कार्यक्रमअन्तर्गत २०६३ वैशाख ७ गते काठमाडौँमा चक्रपथ घेराउ तथा प्रदर्शनमा पत्रकारका साथै सम्पूर्ण पेशाकर्मीहरू सहभागी भए ।

वैशाख ८ गते मानवताविरुद्धको अपराधमा उत्रिएको निरंकुश सत्ताविरुद्ध जीवनको बाजी थापेर नेपाली जनता लोकतन्त्रका निम्ति जनआन्दोलनको मैदानमा उत्रिए । त्यसबाट स्तब्ध भएका राजाले त्यसै दिन रकमी पाराको 'शाही घोषणा' गर्दै पार्टीहरू सामु प्रधानमन्त्री पदको पासा फ्याँके । त्यसलाई मानेर सरकारमा सामेल हुन विभिन्न देशका कूटनीतिज्ञहरूले नेपाली काँग्रेसका सभापति गिरिजाप्रसाद कोइरालाको निवासमा पुगेर सल्लाह पनि दिए । तर, जनताको चाहना बेग्लै थियो । राजनीतिक पार्टीहरूले पनि राजाबाट धेरै पटक धोखा खाइसकेका थिए । त्यसैले उनीहरूको सल्लाह काम लागेन ।

शाही घोषणाले जनआन्दोलनको मर्म र भावनालाई सही रूपमा सम्बोधन गर्न सकेको थिएन । यही ठहरका साथ नेपाल पत्रकार महासंघले वैशाख ९ गते राजनीतिक तथा सशस्त्र द्वन्द्वको शान्तिपूर्ण रूपान्तरणका निम्ति संविधान सभासम्म पुग्नैपर्ने भएकाले आमजनताको चाहनाबमोजिम मुलुकलाई अग्रगामी लोकतान्त्रिक निकास दिन जनआन्दोलनलाई अझ उँचाइमा पुऱ्याउनुको विकल्प नरहेको सुझाव दियो ।[७४] त्यही सिलसिलामा महासंघले सात राजनीतिक दलद्वारा वैशाख १२ गते काठमाडौँको चक्रपथका सातओटा क्षेत्रमा आयोजना गर्ने भनिएका प्रमुख कार्यक्रममा पेशागत सञ्जाल पापड र नागरिक समाजसँग एकाकार भई क्रियाशील रहन उपत्यकाका सबै सदस्य र सञ्चारकर्मीहरूलाई आह्वानसमेत गऱ्यो ।

तर, त्यो आह्वान कार्यान्वयन भएन । १२ गते सडकमा विरोध जुलुस हैन, विजय जुलुस निस्क्यो । ८ गतेको शाही घोषणापछि पनि नथामिएको, बरु झन् उर्लेको जनदबाब कसैगरी थेग्न नसकेपछि ११ गते राति नै राजा ज्ञानेन्द्रबाट विघटित प्रतिनिधि सभा पुनर्स्थापनाको घोषणा भइसकेको थियो । राज्यका सम्पूर्ण वर्ग र क्षेत्रको व्यापक सहभागिता, त्याग र बलिदानपूर्ण ऐतिहासिक जनआन्दोलनको परिणामस्वरूप निरंकुश राजतन्त्र जनताका सामु घुँडा टेकेर लोकतान्त्रिक प्रक्रियालाई अग्रगति दिनको निम्ति मार्ग प्रशस्त गर्न बाध्य भएको थियो । यो अवस्थाप्रति नेपाली पत्रकार जगत्ले पनि नेपाली जनतासँगै खुशी प्रकट गऱ्यो ।

---

[७४] नेपाल पत्रकार महासंघले निकालेको प्रेस विज्ञप्ति ।

मुलुक नयाँ युगमा प्रवेश गर्न लाग्दा महासंघको भनाइ थियो– "जनआन्दोलनको बलमा स्थापित नयाँ सरकार र पुनर्स्थापित संसद्‌ले मुलुकलाई तत्काल संविधानसभाको दिशामा अगाडि लैजानु पर्दछ । प्रेसलगायत अभिव्यक्ति स्वतन्त्रता, नागरिक हक-अधिकार र हरेक पेशागत सरोकारका विषयलाई तत्काल प्रत्यक्ष संबोधन गर्न नयाँ सरकार र पुनर्स्थापित संसद् लाग्नु पर्दछ । राज्य पुनर्संरचनाको नयाँ मोडमा उभिएको छ । प्रतिक्रान्तिका खतरा र चुनौतीलाई झेल्दै विशेषतः सात राजनीतिक दल र नेकपा (माओवादी) बीच उच्च समझदारी कायम गरी अब मुलुक सम्पूर्ण हिंसात्मक द्वन्द्वको अन्त्य र स्थायी शान्तिको मार्गमा अघि बढ्नु पर्दछ ।"[७५]

राजाको सत्ता समाप्त भए पनि त्यसका पदचिह्न मेटिइसकेका थिएनन् । शाही सरकारले जारी गरेका सञ्चारसम्बन्धी सम्पूर्ण अध्यादेश, नीति र आदेशहरू तत्काल खारेज गर्नुपर्ने थियो । विचार तथा अभिव्यक्ति स्वतन्त्रतालाई पूर्णरूपमा स्थापित गराउने प्रतिबद्धता एवं त्यसअनुरूपको व्यवहारका निम्ति नयाँ सरकार अघि बढ्नु आवश्यक थियो । जनआन्दोलन दमन गर्न उत्रनेहरूलाई दण्ड र गैरकानुनी थुना, यातना एवं हस्तक्षेप भोग्न बाध्य पत्रकार, सञ्चारमाध्यमलगायत सबैका लागि क्षतिपूर्ति आवश्यकता थियो । यी मुद्दाहरूलाई सम्बोधन गर्दै महासंघले जनआन्दोलनका सहभागी र समर्थक सबैप्रति धन्यवाद एवं कृतज्ञता ज्ञापन गऱ्यो– "निरंकुश सत्ताको चर्को दमन, यातना र हस्तक्षेपलाई झेलेर जनतालाई सुसूचित गराउने दायित्व पूरा गर्ने सञ्चारकर्मी, आमसञ्चारमाध्यम र सञ्चार संस्थाहरूको साहसप्रति गर्व गर्दै महासंघ सबैप्रति उच्च सम्मान र धन्यवाद प्रकट गर्दछ । कठिन घडीमा राज्यदमनविरुद्ध आवाज उठाई स्वतन्त्र प्रेसलाई बचाउन यसप्रति साथ, समर्थन र सहयोग गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रका सञ्चार संस्थाहरू, पेशागत क्षेत्र, मानवअधिकारकर्मी, नागरिक आन्दोलन र समाजका व्यक्तित्व एवं राजनीतिक दल र जनताप्रति महासंघ कृतज्ञता प्रकट गर्दछ र यस्तो साथ, सहयोग र साहस भावी दिनमा पनि जारी रहने विश्वास व्यक्त गर्दछ ।"

त्यसको लगत्तै, नयाँ परिस्थितिको माग अनुरूप सरकारले तुरुन्तै सम्बोधन गर्नुपर्ने व्यावसायिक मामलाहरूबारे महासंघले आवाज उठायो । राजाको निरंकुश शासनमा वैचारिक पूर्वाग्रहका आधारमा हटाइएका सरकारी तथा निजी सञ्चारमाध्यमका सम्पूर्ण पत्रकारलाई तत्काल पुनर्बहाली गर्नुपर्ने थियो । घाइते

[७५] नेपाल पत्रकार महासंघका महासचिव महेन्द्र विष्टद्वारा वैशाख १२ गते जारी प्रेस विज्ञप्ति ।

बनाइएका, यातना दिइएका र आस्थाका आधारमा थुनामा राखिएकाहरूले क्षतिपूर्ति पाउनुपर्ने थियो । गुप्तचर, भिजिलान्तेलगायतलाई बाँडिएको प्रेस पास तथा प्रेस प्रतिनिधि प्रमाणपत्र तत्काल खारेज र जफत गर्नुपर्ने थियो । यस्ता मागहरू अघि सार्नुका साथै महासंघले सञ्चार क्षेत्रको विकास र प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको निम्ति अल्पकालीन एवं दीर्घकालीन नीति, कानुन आदि तयार गर्न आफ्नो तर्फबाट गृहकार्य गरिरहेको र यससम्बन्धमा नयाँ सरकारसँग खुला छलफल गर्न आफू तयार रहेको पनि स्पष्ट गऱ्यो ।[७६]

स्वतन्त्र रेडियो बचाऊ आन्दोलनले भने जनआन्दोलनको बलमा भर्खरै पुनर्स्थापित प्रतिनिधिसभा र सरकारको एकमात्र लक्ष्य संविधानसभाको निर्वाचन, कहिले कसैले खोस्न नसक्ने लोकतन्त्रको स्थापना, दीर्घकालीन शान्ति र देशको पुनर्निर्माण नै हुनुपर्छ भन्दै जति समस्या परेको भए पनि स्वतन्त्र रेडियोहरूको माग तत्काल अघि नसार्ने निर्णय गऱ्यो । यसो हुँदाहुँदै पनि तीनओटा काममा तुरुन्तै ध्यान दिन 'आन्दोलन' ले सरकारलाई आग्रह गऱ्यो । पहिलो, सेनाले रेडियो चलाउने काम अविलम्ब खारेज गरियोस्; दोस्रो, संविधान सभामा जनताले सचेत र जागरूक भएर मतदान गर्न सकून् भन्नका निम्ति स्वतन्त्र रेडियोहरूले अनुकूल भूमिका खेल्न सक्ने वातावरण निर्माण गरियोस्; र तेस्रो, सरकारले चलाउँदै आएका सञ्चारमाध्यम नागरिक समाजद्वारा सञ्चालन हुने संयन्त्र निर्माण गर्दै जनसमुदायमा हस्तान्तरण गरियोस् ।[७७] साथै 'आन्दोलन' ले नेपालका एफएम रेडियोहरूप्रति विगतका सरकारहरूले राख्दै आएको भेदभावपूर्ण, असहयोगी, असहिष्णु र दमन तथा निषेधकारी नीति परित्याग गरी लोकतान्त्रिक सरकारले रचनात्मक, सहयोगी एवं अग्रगामी नीति र दृष्टिकोण अपनाओस् भन्ने चाहना व्यक्त गऱ्यो ।[७८]

[७६] नेपाल पत्रकार महासंघको २०६२ वैशाख १५ गते जारी प्रेस विज्ञप्ति ।

[७७] स्वतन्त्र रेडियो बचाऊ आन्दोलनका तर्फबाट संयोजक हेमबहादुर विष्टद्वारा २०६२ वैशाख १४ गते जारी प्रेस विज्ञप्ति ।

[७८] स्वतन्त्र रेडियो बचाऊ आन्दोलनका तर्फबाट हेमबहादुर विष्टद्वारा २०६२ वैशाख १५ गते जारी प्रेस विज्ञप्ति ।